# उत्तरगया गाउँपालिकाको २० वर्षे गुरुयोजना

(आ. व. २०८०/०८१-२०९९/२१००



**उत्तरगया गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

लहरेपौवा, रसुवा

# उत्तरगया गाउँपालिकाको
# २० वर्षे गुरुयोजना

आ.व. २०८०/०८१
२०९९/२१००

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

**प्रकाशक** : उत्तरगया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लहरेपौवा, रसुवा, बागमती प्रदेश, नेपाल

**फोन नं.** : ०१०-५९२७७७

**ईमेल** : info@uttargayamun.gov.np, uttargayarm@gmail.com

**वेबसाइट** : www.uttargayamun.gov.np

**सर्वाधिकार** : उत्तरगया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

## अध्ययन समूह :

| क्रम.सं. | विज्ञहरुको नाम | पद तथा जिम्मेवारी |
|---|---|---|
| १ | डा. मानबहादुर वि.के. | टोली प्रमुख तथा योजना विज्ञ |
| २ | डा. लेखनाथ पौडेल | अर्थशास्त्री तथा वित्तीय विश्लेषक विज्ञ |
| ३ | श्री कपिल आचार्य | शहरी योजना तथा पूर्वाधार विज्ञ |
| ४ | श्री कर्णबहादुर नेपाली | समाजशास्त्री/सुशासन/संस्थागत विकास विज्ञ |
| ५ | श्री पुस्तक चन्द | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विज्ञ |
| ६ | श्री राज कुमार रिमाल | भौगोलिक सूचना प्रणाली (जीआईएस)/प्राकृतिक स्रोत विज्ञ |
| ७ | श्री गणेश कुमार के.सी. | भाषा विज्ञ |
| ८ | श्री सागर गोसाई | कम्प्यूटर अपरेटर तथा तथ्यांक विश्लेषक |

### अन्य विज्ञ सल्लाहकारहरु:

- प्राध्यापक डा. पुष्पराज कँडेल - पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

# उत्तरगया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

## मन्तव्य

नेपाली जनताको दशकौ देखिको वलीदानीपूर्ण संघर्षबाट प्राप्त संविधानसभाबाट संविधान जारी भएको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकार सहितको तीन तहको सरकारको व्यवस्था गरेको छ। तहगत सरकारको सञ्चालन सहकारीता, सह अस्तित्व र समानताको सिद्धान्त बमोजिम हुने व्यवस्था छ। संविधान निर्माण पश्चात तीनै तहको सरकार दोस्रो आवधिक निर्वाचन सम्पन्न गरि स्थानीय तहको कार्यकाल दोस्रो वर्षमा प्रवेश गरेको छ। संविधानको मर्म अनुसार नागरिकको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको तिव्र चाहना अनुसारको जग निर्माण गर्ने ऐतिहासिक अवसर अहिले हामी जनप्रतिनिधिहरुले प्राप्त गरेका छौं।

संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी स्वाधिन, समुन्नत तथा समाजवादउन्मुख अर्थ व्यवस्था मार्फत् समृद्ध नेपालको निर्माण गर्ने परिकल्पना गरेको छ । यसैगरी संयुक्त राष्ट्र संघद्वारा, सन् २०१६ देखि २०३० सम्मका लागि विश्वव्यापी विकास एजेण्डाको रूपमा विभिन्न १७ वटा दिगो विकासका लक्ष्यहरू निर्धारण गरिएका छन्। यसै सन्दर्भमा नेपाल सरकारद्वारा जारी गरिएको दीर्घकालिन सोच **सुखी नेपाली समृद्ध नेपाल** र बागमती प्रदेश सरकारद्वारा पहिलो पञ्चवर्षीय योजना मार्फत **सुसंस्कृत सुखी जनता : समाजवाद उन्मुख समृद्ध प्रदेश** को दीर्घकालिन सोचलाई पुरागर्ने दिशामा उन्मुख हुनु सबै स्थानीय तहको जिम्मेवारी रहन्छ। संघीय व्यवस्थाको महत्वपूर्ण आधारको रूपमा रहेको स्थानीय सरकारले पनि स्वाभाविक रूपमा माथि उल्लिखित संविधान र कानुनले निर्देश गरे अनुसारको नीतिसँग समायोजन हुने गरी दिगो विकासका लक्ष्य हासिल गर्न आफ्नो योजनावद्ध आवधिक र दीर्घकालीन योजना तर्जुमा गर्न आवश्यक छ।

उत्तरगया गाउँपालिका रसुवाको आर्थिक तथा ग्रामीण युवा सरोकार केन्द्र, नेपालको प्राविधिक सहयोगमा लामो समय लगाएर उत्तरगया गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन वातावरण, विपद व्यवस्थापन र संस्थागत विकासका क्षेत्र समेटिने गरी विभिन्न चरणमा गाउँपालिकाका वडा तथा बस्तीहरूमा गइ विज्ञहरूवाट सुझावहरू संकलन गरी उत्तरगया गाउँपालिकाको **संमृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयावासी** दीर्घकालिन सोच सहितको एकीकृत गुरुयोजना निर्माण गरिएको छ।

जैविक विविधताले भरिपूर्ण प्रचुर प्राकृतिक सम्पदा, ऐतिहासिक, धार्मिक र सांस्कृतिक विशेषताहरू भएको उत्तरगया गाउँपालिकामा जनताको सामाजिक न्याय सहितको समृद्धिको तीव्र चाहनाअनुसार योजनाबद्ध विकास गर्न यो प्रतिवेदन मार्गचित्र हुनेछ। स्रोत र साधनहरूलाई आधारभूत तहमा रहेका जनताहरूको पहुँच र लाभ पुग्ने गरी उपयोग र विस्तार हुन सकोस। आर्थिक, सामाजिक र वातावरणीय पक्षको नकारात्मक प्रभाव न्यून हुने गरी दिगो विकासको सिद्धान्त अनुसार योजनाहरू तय गर्नको निम्ति यो दस्तावेज तयार गरेका छौं। यो रणनीतिक योजना उत्तरगया गाउँपालिकालाई समृद्ध बनाउने दीर्घकालिन लक्ष्य हो। यसमा सबै उत्तरगयावासी आदरणीय दाजुभाइ तथा दिदी बहिनीहरु र सरोकारवालाको चासो हुनु जरुरी छ। यो योजना निर्माणको क्रममा कमी, कमजोरीहरु र समेटिन पर्ने विषयहरु भएमा सकारात्मक सुझावको अपेक्षा गरेको छु। यो गुरुयोजना तयार गर्नको लागि प्रत्यक्ष, अप्रत्यक्ष रूपमा योगदान गर्नु हुने प्रतिनिधि सभा र प्रदेश सभाका माननीय सदस्यहरु, विज्ञ विद्वानहरू, आम जनसमुदाय, यसमा आ-आफ्नो भूमिकामा रहेर योगदान दिनु हुने ग्रामीण युवा सरोकार केन्द्र नेपालका टोली प्रमुख डा.मानवहादुर बीके लगायत टिमका सम्पूर्ण सदस्यहरू, गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, सुरुदेखि नै सहयोग र सहजीकरण गर्नुहुने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु लगायत सम्बन्धित सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दछु।

**माधव प्रसाद अर्याल**
अध्यक्ष
उत्तरगया गाउँपालिका, रसुवा

# उत्तरगया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

## मन्तव्य

स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रदान गरेको अधिकारको क्षेत्रभित्र रही स्थानीय तहले प्रभावकारी सेवा प्रवाहको लागि योजनाबद्ध विकास गर्नुपर्ने मान्यताको आधारमा उत्तरगया गाउँपालिकाले समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयावासी भन्ने दीर्घकालीन सोंचका साथ गाउँपालिकाले यो  गुरुयोजना निर्माण गरेको छ।

यस गुरुयोजना तर्जुमा गर्दा संविधानमा उल्लेखित मैलिक हक, राज्यका निर्देशित सिद्धान्त र नीति लगायतका अन्य व्यवस्था, दिगो विकासका लक्ष्य र अन्तराष्ट्रिय परिदृश्य तथा सरकारका प्रतिवद्धतालगायतलाई ध्यान दिइएको छ। यस गाउँपालिकाको **"समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयावासी"** को परिकल्पना पूरा गर्न यस गाउँपालिकाको अबको दीर्घकालिन सोच सहितको परिदृश्य तयार गरिएको छ। उक्त सोच हाँसिल गर्ने आधारका योजना साथै बस्तिस्तरबाट आवश्यकताका आधारमा योजना संकलन गरी यो गुरु योजना तयार पारिएको छ।

यस गुरु योजनाले उत्तरगया गाउँपालिको समग्र विकासमा ठोस योगदान पुऱ्याउन सक्नेछ भन्ने अपेक्षा लिएको छु। उत्तरगया गाउँपालिकाका जनप्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, पत्रकार, सरकारी तथा गैरसरकारी संस्थाहरूले यस गुरु योजनाका लक्ष्यहरूलाई सफल पार्न हरेक वर्ष योजना तर्जुमा, कार्यान्वयन र समीक्षा गर्दा विगतमा भए गरेका प्रशंसनीय कार्यको आत्मबोध गर्ने, अपनत्व ग्रहण गर्ने र समेटेर सँगसँगै लैजाने कार्यमा सहयोग गर्न सबैमा विनम्रता पूर्वक अनुरोध गर्न चाहन्छु।

गुरुयोजनामा भएका योजनाहरूको कार्यान्वयनका पक्षमा गुणस्तरीय सुशासन र हाम्रो मर्यादालाई आत्मसात गर्दै योजनाको सफलताको लागि सकारात्मक र नकारात्मक पक्षको समीक्षा गर्दै गाउँपालिकाले तोकेको लक्ष्य अनुसार कार्यान्वयन पक्ष सफल र सक्षम बनाउनको लागि हामी सबै दृढ संकल्पका साथ अगाडि बढेमा विकासको प्रतिफल सबैले पाउने कुरामा दुईमत छैन साथै गुरु योजना निर्माण कार्यमा सहयोग गर्ने सम्पूर्ण जनता, गाउँ सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी र सहजीकरणमा सहयोग गर्नुहुने ग्रामीण युवा सरोकार केन्द्र नेपालका सम्पूर्ण टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**चमेली गुरुङ**
उपाध्यक्ष
उत्तरगया गाउँपालिका, रसुवा

# उत्तरगया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

## मन्तव्य

व्यवस्थित विकासका लागि वर्तमान अवस्थाको बहुआयामिक विश्लेषण गर्दै उपलब्ध स्रोत साधनको प्रभावकारी उपयोग गर्ने साथै सम्भावनाहरुको खोजी र त्यसको समुचित परिचालन हुने गरी लक्ष्य निर्धारण गरिएमा गन्तव्यमा पुगिने सुनिश्चित छ। उत्तरगया गाउँपालिकाले दिगो विकासका फ्रेमवर्क निर्माण गर्ने र सोही अनुसार प्रभावकारी रुपमा विकास गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउन ग्रामीण युवा सरोकार केन्द्र नेपालको प्राविधिक सहयोगमा गाउँपालिकाको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना छनौट गरी २० वर्षे गुरुयोजना वि.सं २०८० देखि वि.स. २१०० सम्म निर्माण भएको छ। यस गाउँपालिकाको विकास र समृद्धिका लागि पहिचान गरिएका प्राथमिकताहरू, किटान भएका कार्यक्रम तथा योजनाहरू र अनुमानित लागत समेत समेटेर पालिकाका सरोकारवालासँगको प्रत्यक्ष संलग्नतामा विषय विज्ञहरू मार्फत यो दस्तावेज तयार गरिएको छ। स्थानीय सरकारले कार्यान्वयन गर्न सक्ने तथा प्रादेशिक र राष्ट्रिय लक्ष्यलाई समेत आधार मानी गाउँपालकिाका विषयगत क्षेत्रहरुमा लक्ष्य र रणनीति निर्धारण गरिएको छ। गुरुयोजना निर्माणका क्रममा दीगो विकास लक्ष्य, राष्ट्रिय जनगणना २०७८, पन्ध्रौं पञ्चवर्षीय योजना तथा गाउँपालिकाको वस्तुस्थिति विवरण २०७६ लाई आधार मानिएको छ। यसरी तयार गरिएको गुरुयोजनाको प्रभावकारिता स्थानीय स्तरमा त्यतिबेला मात्र देखिन जान्छ जति बेला यी सबै कार्यक्रमहरूमा प्रत्यक्ष लाभान्वित सरोकारवाला जनताको स्वः स्फूर्त रूपमा अधिकतम जनसहभागिता, साझेदारी प्राप्त हुने गरी कार्यान्वयनमा जानेछ।

यो २० वर्षे गुरुयोजनाका तर्जुमाका क्रममा गाउँपालिकालाई अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नुहुने आदरणीय गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरू, लक्ष्य, योजना र नीति कार्यक्रमप्रति ऐक्यबद्धता जनाउनुहुने सबै राजनीतिक दलका नेतृत्ववर्गहरू, विषयगत दक्षता ज्ञान सहित रायसुझाव, सल्लाह प्रदान गर्नुहुने विषयगत कार्यालयका प्रमुख एवं राष्ट्रसेवकहरू गुरुयोजना तर्जुमामा खट्ने विषयगत शाखाका प्रमुख तथा पाँच वटै वडाका सचिव र सम्पूर्ण कर्मचारीहरू प्रति धन्यवाद दिन चाहन्छु। साथै यस गुरुयोजनाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने माननीय ज्यूहरू, जिल्ला समन्वय समिति रसुवाका प्रमुख, रसुवाका प्रमुख जिल्ला अधिकारी, जिल्ला स्थित सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू, विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरू र योजना तयार पार्ने सेवाप्रदायक ग्रामीण युवा सरोकार केन्द्र नेपालका टिम लिडर डा. मानबहादुर बीके लगायत प्राविधिक टिमका सम्पूर्ण सदस्यहरूलाई विशेष आभार प्रकट गर्न चाहन्छु। गुरुयोजना तर्जुमाका क्रममा आफ्नो महत्वपूर्ण राय सुझाव प्रदान गर्नुहुने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष माननीय बालानन्द पौडेल र राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. पुष्पराज कँडेलप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

**दिपक प्रसाद अधिकारी**
प्रमुख प्रशासकीय अधिकृत

# कृतज्ञता

उत्तरगया गाउँपालिकाको सर्वाङ्गिण विकासका लागि आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासको क्षेत्रगत गहन अध्ययन अनुसन्धान गरी पालिकाको गुरुयोजना निर्माण गरिएको छ। यो गुरुयोजना आ.व. २०८०/०८१-२०९९/२१०० तर्जुमा गरी उत्तरगया गाउँपालिकाको कार्यालयमा प्रस्तुत गरिएको छ।

विश्वव्यापी रूपमा सोच्ने, स्थानीय स्तरमा काम गर्ने भन्ने मान्यतालाई आत्मसात गर्दै, विकासको योजना निर्माण गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयोग र अभ्यासबाट सिक्दै स्थानीय आवश्यकता र यथार्थततामा आधारित भएर गर्नुपर्दछ। जनप्रतिनिधिको परिकल्पना, जनताको आवश्यकता, स्रोत साधनको उपलव्धता र योजना विद्को विज्ञताका आधारमा विकास आयोजनाहरूलाई प्राथमीकरण गरी योजनावद्ध रूपमा कार्यान्वयन गर्दा दिगो विकासले मूर्त रूप लिन्छ। स्थानीय विकास स्थानीयकै सहभागितामा स्थानीयका लागि भन्ने मान्यतालाई स्वीकार गरी स्थानीय सीप, ज्ञान र प्रविधिको प्रयोग गर्दै मौलिकतामा ह्रास नहुने गरी विकास योजना निर्माण गनुपर्दछ। विकास आयातित र अन्ध अनुकरण हुनुहुदैन। विकासले स्थानीय आवश्यकताको परिपूर्ति, आर्थिक उपार्जनमा सहयोग, रोजगारीको सृजना गरी जनताको समृद्धिको यात्रा तय गर्न सक्नु पर्दछ। स्थानीय स्रोत साधनको उचित प्रयोग गरी न्यूनतम् लागतमा अधिकतम् परिणाम निकाल्न सक्नुपर्दछ। विकास समन्यायिक तथा दिगो र स्थानीय कला, संस्कृति र मौलिकताको संरक्षण गरेर गर्नु'पर्दछ भन्ने कुरालाई शिरोधार्य गरी यो गुरुयोजना तयार गरिएको छ।

यो गुरुयोजना तयार गर्ने क्रममा जनप्रतिनिधि र प्रतिनिधिमूलक जनसहभागिता, शिक्षा, स्वास्थ्य, कृषि र विकाससँग सरोकार राख्ने सरोकारवालाहरूको सक्रिय सहभागिता, सल्लाह, सुझाव र मार्गनिर्देशनका आधारमा तयार गरिएको छ। संघीयताको मर्म र भावना अनुसार तर्जुमा गरिएको प्रस्तुत गुरुयोजनाको स्वामित्व उत्तरगयाबासी नागरिक, उत्तरगया गाउँपालिकाको कर्मचारीहरु र निर्वाचित जनप्रतिनिधिले प्रभावकारी कार्यान्वयन गर्नुहुनेछ भन्ने विश्वास लिएको छु। यो योजना कार्यान्वयनले **समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयावासी** भन्ने दीर्घकालीन सोचलाई साकार पार्न सहयोग गर्नेछ।

उत्तरगया गाउँपालिकाको गुरुयोजना तयार गर्ने अवसर प्रदान गर्ने गाउँपालिकाका परिवारप्रति ग्रामीण युवा सरोकार केन्द्र हार्दिक आभार व्यक्त गर्दछ। योजना निर्माणका क्रममा सकारात्मक र रचनात्मक सल्लाह, सुझाव दिनुहुने प्रतिनिधि सभाका माननीय सांसद ई. श्री मोहन आचार्य, बागमती प्रदेश सभाका माननीय सांसद श्री ईन्द्रप्रसाद गोतामे, जिल्ला समन्वय समिति रसुवाका प्रमुख श्री अशोक कुमार घिमिरे, उत्तरगया गाउँपालिकाका अध्यक्ष श्री माधवप्रसाद अर्याल, उपाध्यक्ष श्री चमेली गुरुङ, प्रमुख प्रशासकीय अधिकृत श्री दिपक प्रसाद अधिकारी, सम्पूर्ण राजनीतिक दलहरु, गाउँपालिकाको सम्पूर्ण परिवारप्रति ग्रामीण युवा सरोकार केन्द्र हार्दिक कृतज्ञता ज्ञापन गर्दछ।

प्रभाकारी समन्वय, संचार, सूचना संकलन तथा कार्यालयीय काममा सहजीकरण गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत श्री दिपकप्रसाद अधिकारी ज्यू, विभिन्न शाखाका शाखा प्रमुखज्यूहरू यो गुरुयोजना तयार गर्दा महत्वपूर्ण सल्लाह सुझाव प्रदान गर्नु हुने राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष प्रा.डा पुष्पराज कँडेल, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका माननीय अध्यक्ष श्री बालानन्द पौडेल लगायत गुरुयोजना लेखन समुहका सम्पूर्ण क्षेत्रगत विद्वान् व्यक्तित्वहरुप्रति ग्रामीण युवा सरोकार केन्द्र हार्दिक साधुवाद व्यक्त गर्दछ।

**डा. मानबहादुर वीके**
टोली प्रमुख

# विषय सूची


**परिच्छेद एक :** १

**वि.सं. २१०० को उत्तरगया गाउँपालिकाको परिदृश्य** १

**परिच्छेद दुई :** ३

**गुरुयोजनाको परिचय** ३

२.१ परिचय ३

२.२ गुरुयोजनाको अवधारणा ३

२.३ गुरुयोजनाको नीतिगत तथा वैधानिक प्रावधान ३

२.४ संघ, प्रदेश र गाउँपालिकाको गुरुयोजनासँग अन्तरसम्बन्ध ४

२.५ गुरुयोजना तर्जुमाका उद्देश्यहरू ५

२.६ गुरुयोजनाका सीमाहरु ५

२.७ गुरुयोजनाका क्षेत्रहरु ५

२.७.१ योजनाका क्षेत्रहरू ५

२.८ गुरुयोजनाको उपयोगिता ५

२.९ उत्तरगया गाउँपालिका विकासका मार्गनिर्देशक सिद्धान्तहरु ६

२.९.१ राष्ट्रिय सोच ६

२.९.२ राष्ट्रिय दीर्घकालीन रणनीति ६

२.९.३ दिगो विकास ७

२.९.४ पन्ध्रौ योजनासँगको सम्बन्ध ८

२.९.५ दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरु ८

२.१० बागमती प्रदेशको दीर्घकालीन सोंच ९

२.१०.१ बागमती प्रदेशका दीर्घकालीन सोचका प्रमुख क्षेत्रहरु ९

**परिच्छेद तीन :** ११

**उत्तरगया गाउँपालिकाको विद्यमान स्थिति र प्रवृत्ति विश्लेषण** ११

३.१. परिचय ११

३.२ भौगोलिक स्थिति ११

३.२.१ अवस्थिति ११

३.२.२ भू-बनोट १२

३.२.३ धरातलीय स्वरूप : १४

३.२.४ हावापानी १५

३.३ प्राकृतिक स्रोत सम्पदा १६

३.३.१ जल प्रवाह प्रणाली १६

३.३.२ प्राकृतिक वनस्पति तथा वन्यजन्तु १६

३.३.३ माटोको बनावट १८

३.३.४ माटोको अम्लीयताको स्थिति १९

३.४ भू-उपयोग तथा मानव बसोबास २०

३.४.१ भू-उपयोग २०

३.४.२ मानव बसोबास २१

३.४.३. भू-स्वामित्वको अवस्था २२

३.५ सामाजिक तथा सांस्कृतिक अवस्था २२

३.५.१ जनसंख्या संरचना तथा वितरण २३

३.५.२ जातजातिगत अवस्था २३
३.५.३ धार्मिक अवस्था २३
३.५.४ जनशक्तिको संरचना २४
३.५.५ बसाइँसराइको वर्तमान अवस्था २४
३.५.६ वैदेशिक रोजगारीमा रहेको जनशक्ति २४
३.५.७ चाडपर्व तथा जात्रा २४
३.५.८ भाषाभाषी तथा भेषभूषा २४
३.५.९ शैक्षिक अवस्था २४
३.५.१० स्वास्थ्य सेवा तथा सुविधाको अवस्था २५
३.६ आर्थिक अवस्था २६
३.६.१ कृषि २६
३.६.२ पशुपंक्षी पालनको अवस्था २७
३.६.३ खाद्यान्न उत्पादन र आमनिर्भरता २७
३.६.४ उद्योग तथा वाणिज्य २७
३.६.५ पर्यटन क्षेत्रको अवस्था २८
३.६.६ वित्तीय संस्थाहरू र सहकारी २८
३.६.७ पारिवारिक आय व्ययको अवस्था २९
३.७ खानेपानी तथा सरसफाइको अवस्था ३०
३.८ इन्धन तथा बत्तीको श्रोत र प्रयोगको अवस्था ३१
३.९ वन वातावरण तथा प्राकृतिक प्रकोपको अवस्था ३१
३.१० यातायात तथा परिवहन सुविधाको अवस्था ३१
३.११ प्राकृतिक प्रकोप जोखिमका सम्भावित क्षेत्रहरू ३३
३.१२ सूचना तथा सञ्चारको पहुँच ३४
३.१३. संस्थागत तथा सुशासनको स्थिति ३४
३.१४. गाउँपालिकाले निर्माण गरेका विभिन्न नीति कानुन र ऐन तथा नियमहरुको विवरण ३४
३.१५ संगठनात्मक तथा मानव संशाधनको अवस्था ३६
३.१६ गाउँपालिका, सरकारी कार्यालय तथा निकायहरु ३६
३.१७ सामुदायिक संस्था विवरण ३६
३.१८ वित्तीय स्रोत तथा क्षमता विश्लेषण ३६
३.१९ वैदेशिक तथा अन्य लगानी ३८
३.२० प्रतिव्यक्ति आयको प्रक्षेपण ३८
३.२१ आर्थिक वृद्धिदर प्रक्षेपण ३८
३.२२ सरोकारवालाको विश्लेषण ३९
**परिच्छेद चार :** **४१**
**गाउँपालिकाको योजना तथा विकास नीति** **४१**
४.१ उत्तरगयाको समृद्धि र विकासका लागि मुख्य संवाहक तथा अग्रणी क्षेत्रहरुको विश्लेषण ४१
४.१.१ भौतिक पूर्वाधार ४१
४.१.२ कृषि, पशुपंक्षी ४१
४.१.३ शिक्षा र नव प्रवर्तन ४१
४.१.४ स्वास्थ्य र पोषण ४२
४.१.५ उद्योग तथा उद्यमशीलता ४२
४.१.६ पर्यटन ४२
४.१.७ सुशासन ४२
४.१.८ विज्ञान तथा प्रविधि ४२
४.२. समृद्धि र विकासका लागि सहयोगी क्षेत्रहरु ४३

| | |
|---|---|
| **परिच्छेद पाँच :** | **४५** |
| **गाउँपालिकाको समष्टिगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरु** | **४५** |
| ५.१ उत्तरगया गाउँपालिकाको सोच | ४५ |
| ५.२ समष्टिगत दीर्घकालीन लक्ष्य | ४५ |
| ५.३ उत्तरगया गाउँपालिकाका समष्टिगत परिमाणात्मक लक्ष्यहरु | ४५ |
| ५.४ समष्टिगत दीर्घकालीन उद्देश्यहरु एवं रणनीतिहरु | ५१ |
| ५.४.१ उद्देश्यहरु | ५१ |
| ५.४.२ रणनीतिहरु | ५२ |
| ५.४.३ समग्र अपेक्षित उपलब्धिहरु | ५३ |
| ५.४.४ गुरुयोजनाका क्षेत्रगत विषयहरु | ५३ |
| **परिच्छेद छ :** | **५५** |
| **विषय क्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्यहरु** | **५५** |
| **परिच्छेद सात :** | **६१** |
| **विषय क्षेत्रगत नतिजा खाका** | **६१** |
| ७.१. आर्थिक विकास क्षेत्र | ६१ |
| **परिच्छेद आठ :** | **७७** |
| **सामाजिक विकास क्षेत्रको नतिजा खाका** | **७७** |
| ८.१ सामाजिक विकास क्षेत्र | ७७ |
| **परिच्छेद नौ :** | **१०९** |
| **भौतिक पुर्वाधार विकास क्षेत्रको नतिजा खाका** | **१०९** |
| ९.१ भौतिक पुर्वाधार विकास क्षेत्र | १०९ |
| **परिच्छेद दश :** | **१२१** |
| **वन वातावरण तथा विपद व्यवस्थापन विकास क्षेत्रको नतिजा खाका** | **१२१** |
| १०.१ वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | १२१ |
| **परिच्छेद एघार :** | **१३३** |
| **लोकतन्त्र, सुशासन, सेवाप्रवाह तथा संस्थागत विकास क्षेत्रको नतिजा खाका** | **१३३** |
| ११.१ लोकतन्त्र, सुशासन, सेवाप्रवाह तथा संस्थागत विकास क्षेत्र | १३३ |
| **परिच्छेद बाह्र :** | **१४१** |
| **श्रोत अनुमान तथा विश्लेषण** | **१४१** |
| १२.१ विगतमा प्राप्त श्रोतको अवस्था | १४१ |
| १२.२ श्रोतको अनुमान तथा प्रक्षेपण | १४२ |
| १२.३ श्रोत परिचालन रणनीति | १४२ |
| **परिच्छेद तेह्र :** | **१४३** |
| **योजना तर्जुमा कार्यान्वयन र अनुगमन तथा मुल्यांकन** | **१४३** |
| १३.१ तथ्यांक प्रणाली | १४३ |
| १३.२ योजना तर्जुमा तथा कार्यान्वयन | १४४ |
| १३.३ आयोजना बैंक | १४५ |
| १३.४ तहगत सम्बन्ध तथा अन्तर सरकार समन्वय | १४७ |
| १३.५ अनुगमन तथा मुल्यांकन | १४८ |
| १३.६ जोखिम व्यवस्थापन | १४९ |
| **सन्दर्भ सामग्री** | **१५२** |

# नक्सा सूची


**नक्सा १** : उत्तरगया गाउँपालिकाको भौगोलिक तथा प्रशासनिक नक्सा १२
**नक्सा २** : उत्तरगया गाउँपालिकाको भू-बनोट १३
**नक्सा ३** : उत्तरगया गाउँपालिकाको धरातलीय स्वरूप १४
**नक्सा ४** : उत्तरगया गाउँपालिकाको औषत वार्षिक वर्षा १५
**नक्सा ५** : उत्तरगया गाउँपालिकाको जलप्रवाह प्रणाली १६
**नक्सा ६** : उत्तरगया गाउँपालिकाको परिस्थितिकीय नक्सा १७
**नक्सा ७** : उत्तरगया गाउँपालिकाको माटोको बनोट १८
**नक्सा ८** : उत्तरगया गाउँपालिकाको माटोको अम्लीयताको स्थिति १९
**नक्सा ९** : उत्तरगया गाउँपालिकामा भू-उपयोगको स्थिति २०
**नक्सा १०** : उत्तरगया गाउँपालिकाको बसोबासको स्थिति २२
**नक्सा ११** : उत्तरगया गाउँपालिकाको सडक सञ्जाल ३२
**नक्सा १२** : उत्तरगया गाउँपालिकाका पहिरो जोखिमका सम्भावित क्षेत्रहरू ३३

# तालिका सूची


**तालिका १** : भौगोलिक अवस्थिति ११

**तालिका २** : उत्तरगया गाउँपालिकाको भूबनोटको अवस्था १३

**तालिका ३** : उत्तरगया गाउँपालिकाको धरातलीय भिरालोपनाको विवरण १४

**तालिका ४** : उत्तरगया गाउँपालिकाको औषत वार्षिक वर्षाको विवरण १५

**तालिका ५** : उत्तरगया गाउँपालिकाको परिस्थितिकी १७

**तालिका ६** : उत्तरगया गाउँपालिकाको माटोको बनावट १८

**तालिका ७** : माटोको अम्लीयताको स्थिति १९

**तालिका ८** : भू-उपयोगको स्थिति २१

**तालिका ९** : उत्तरगया गाउँपालिकाको बसोबासको विवरण २२

**तालिका १०** : जनसंख्या वितरणको अवस्था २३

**तालिका ११** : जातजातिगत अवस्था २४

**तालिका १२** : उत्तरगया गाउँपालिका भित्र रहेका बैंक तथा वित्तीय संस्था र सहकारी सम्बन्धी विवरण २८

**तालिका १३** : उत्तरगया गाउँबासीहरूका औषत वार्षिक आम्दानीका स्रोतहरू २९

**तालिका १४** : परिवारको वार्षिक खर्चका क्षेत्रहरू (रु. हजारमा) ३०

**तालिका १५** : उत्तरगया गाउँपालिकाको सडकका प्रकार ३२

**तालिका १६** : उत्तरगया गाउँपालिकाका पहिरो जोखिमका सम्भावित क्षेत्रहरू ३३

# संक्षिप्त रूप

## शब्द संक्षेप

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| अ.ले.प | : | आन्तिरिक लेखा परिक्षण |
| आ.वि. | : | आधारभुत विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| क.व. | : | कवुलियत बन |
| कि.मि. | : | किलोमिटर |
| गाविस | : | गाउँ विकास समिति |
| गा.पा. | : | गाउँपालिका |
| गाकापा | : | गाउँ कार्यपालिका |
| जिसस | : | जिल्ला समन्वय समिति |
| नपा | : | नगरपालिका |
| नकापा | : | नगर कार्यपालिका |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि | : | लिटर |
| व. नं. | : | वडा नम्वर |
| स.सं | : | सहकारी संस्था |
| सा.ब. | : | सामुदायिक बन |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |
| CBOs | : | Community Based Organisations |
| DRR | : | Disaster Risk Reduction |
| I/NGO | : | International/Non-Governmental Organization |
| O & M | : | Organization and Management |
| SWOT | : | Strength, Weakness, Opportunity and threats |
| SIP | : | School Improvement Plan |

# परिच्छेद एक :

## वि.सं. २१०० को उत्तरगया गाउँपालिकाको परिदृश्य

**वि.सं. २१०० भित्र उत्तरगयाबासी तथा उत्तरगयालाई समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयाबासी** बनाउने प्रमुख दीर्घकालीन गन्तव्य बनाई उक्त समयावधि भित्र उत्तरगया गाउँपालिका समुन्नत एवं समृद्ध पालिकाको रुपमा विकास भई सबै नागरिकहरुले सुखी एवं खुशी भएको महसुस गराउने बृहत सपना सहितको यो २० बर्षे गुरुयोजना तर्जुमा गरिएको छ।

उच्चतम र दिगो विकासका सम्भावनालाई नागरिकहरुको साझा संकल्प मार्फत मुर्तरुप दिने र जननिर्वाचित राजनैतिक नेतृत्वले देखेको सपना हो **वि.सं. २१०० सम्मको उत्तरगया गाउँपालिकाको परिदृश्य ।** यस दस्तावेजको मुख्य उद्देश्य उत्तरगया गाउँपालिकाको विकासको कार्यसुची (Development Agenda), अवस्था र पद्धतिबारे विस्तृत विवरण उपलब्ध गराउनु हो । यस गुरुयोजनाले उत्तरगया गाउँपालिकामा विद्यमान अवसरका क्षेत्रहरुलाई उजागर गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ताहरुलाई आकर्षण गर्ने लक्ष्य पनि लिएको छ।

- भौगर्भिक अध्ययनले पहिचान गरेका पक्षहरु, क्षेत्रगत योजनाहरु, जोखिम संवेदनशील भुउपयोग योजना तथा क्षेत्रगत रणनीतिक योजना मार्फत योजनावद्ध, परिणामुखी एवं नतिजामुखी विकासलाई गुणात्मक रुपमा वृद्धि गरिनेछ। उत्तरगया गाउँपालिकाका विभिन्न सम्भावित क्षेत्रहरुमा एकीकृत वस्ती निर्माण तथा स्थापना गर्नुका साथै साना SMART बजार केन्द्रहरु निर्माण हुनेछन् ।
- जोखिम सम्वेदनशील भूउपयोग योजना निर्माण र नीति नियमको समुचित एवं प्रभावकारी कार्यान्वयन गरी सुरक्षित र पर्यावरणमैत्री भौतिक संरचना निर्माण हुनेछन् ।
- विद्युत, सडक, पर्यटन, लगायतका पुर्वाधार क्षेत्रहरुलाई हरित, उत्थानशील र आत्मनिर्भर क्षेत्रको दिगो विकासका लागि निजी क्षेत्र लगायत अन्य सरोकारवालाको अर्थपूर्ण सहभागीतामा वृद्धि हुनेछ।
- व्यवसायिक पशुपालन फर्महरु तथा व्यवसायिक कृषि फर्महरु स्थापना, सबलीकरण र प्रवर्द्धन तथा बजारीकरण भई कृषिजन्य बस्तुहरु तथा मासु उत्पादनबाट आयआर्जन र रोजगारी सृजना भएका हुने साथै जलवायु अनुकुलित खेती प्रणाली भई खाद्यान्नमा आत्मनिर्भर गाउँपालिका निर्माण हुनेछ।
- उत्तरगया गाउँपालिकाका नदी किनार, पर्यटकीय पदमार्ग र सडक छेउछाउहरुलाई हरित पदमार्गका रुपमा विकास हुनेछन् ।
- सबै विद्यालयहरु प्रविधिमैत्री भई सबै तहमा खुद भर्नादर, सिकाई उपलब्धि शत प्रतिशत पुगेको हुने र बिचमै कक्षा छोड्ने दर शुन्यमा पुगेको हुनेछ।
- जातिय छुवाछुत तथा भेदभावमुक्त, बालविवाहमुक्त, बालश्रममुक्त, स्वस्थ गाउँपालिका, पूर्ण सरसफाइको व्यवहारिक अभ्यास, वातावरणमैत्री, बालमैत्री, लैंगिक हिंसामुक्त, एक घर एक उद्यम मार्फत एक रोजगारी, संस्थागत सुत्केरी जस्ता अभियानहरु प्रभावकारी रुपमा सञ्चालन भई घोषणा भएका र दिगो व्यवहारिक अभ्यास भएका हुनेछन् ।
- निजी क्षेत्र तथा अन्य निकायसँगको सहकार्यमा विभिन्न ठाऊँहरुमा, जिपलाईन, रकक्लाईम्विङ, प्याराग्लाइडिङ, मनोरञ्जन पार्क तथा केन्द्रहरु निर्माण गरिएका हुनेछन् ।
- युवाहरुको ज्ञान र दक्षतालाई आकर्षण गर्न र उनिहरुलाई गाउँपालिकामा नै सक्रिय रुपमा संलग्न गराउनका लागि आर्थिक उपार्जन, सामाजिक, साँस्कृतिक, प्रतिभा प्रष्फुटन र मनोरञ्जनात्मक सुविधाहरु उपलब्ध गराइनेछ र युवाहरुको नेतृत्वमा साना तथा मझौला उद्योगहरुको स्थापना गरी बेरोजगार तथा अन्य युवाहरुका लागि हरित रोजगारी सृजना गरिनेछ, साथै युवाहरुलाई आकर्षित गरी रैथाने कला सीपमा आधारित उद्यमलाई बढावा गरिएको हुनेछ।
- यस पालिकाभित्रका ऐतिहासिक महत्वका चाडपर्वहरुको पहिचान, सम्वर्द्धन तथा संरक्षण र प्रचार प्रसार गरी नागरिकहरुको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गराउँदै सांस्कृतिक जीवन्ततालाई निरन्तरता दिइनेछ र साँस्कृतिक पर्यटनमा जोड दिइनेछ।
- असुरक्षित सार्वजनिक जमिनमा अनाधिकृत बसोवास हुने छैनन् । पर्यटकीय क्षेत्रको पहिचान, प्रवर्द्धनसंरक्षण गरी पालकिाको कुल ग्राहस्थ उत्पादनमा योगदान हुनेछ।

- नागरिकहरुको आवश्यकतामा सार्वजनिक सेवाहरुको प्रवाह गर्न विद्युतीय सेवालाई कायम गरी सुशासनका आधारभुत मान्यतालाई व्यवहारमा कार्यान्वयन गरिनेछ।









# परिच्छेद दुई :

## गुरुयोजनाको परिचय

### २.१ परिचय

नेपालमा संघ, प्रदेश र स्थानीय तहको निर्वाचन दोश्रो पटक २०७९ मा सम्पन्न भई मुलुकमा संघीयताको व्यहारिक अभ्यास प्रभावकारी रुपमा भईरहेको छ । यस अभ्यासले नेपालमा राजनीतिक स्थायित्व, लोकतन्त्र र सुशासनलाइ समृद्ध बनाउने कार्यमा योगदान पुगेको छ । राजनितिक स्थायित्वको जगमा तीब्र आर्थिक विकास र समृद्धिको दुरगामी सोच सहितको राष्ट्रिय लक्ष्यहरु समेत निर्धारण भएका छन् । आयवृद्धि, गुणस्तरीय मानवपूँजी निर्माण, र आर्थिक जोखिमको न्युनिकरण गर्दै वि.स. २०८७ सम्म दिगो विकास लक्ष्यहरु हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने राष्ट्रिय लक्ष्य अनुरुप गाउँपालिकाद्धारा यस गुरुयोजनाको सोच तयार गरिएको छ । सामाजिक न्यायमा आधारित समतामुलक समाज निर्माण गर्ने तर्फ दीर्घकालीन सोच लक्षित रहेको छ । नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोकेको कार्यक्षेत्र र दिएको काम, कर्तव्य, र अधिकारलाई योजनाबद्ध बनाई कार्यान्वयन गर्न उत्तरगया गाउँपालिकाले आफ्नो २० वर्षे रणनैतिक विकास गुरुयोजना (२०८०/०८१-२०९९/२१००) तयार गरेको छ ।

### २.२ गुरुयोजनाको अवधारणा

विकास योजना पूर्वनिर्धारित आर्थिक/सामाजिक उद्देश्य र लक्ष्यहरू प्राप्त गर्न निर्धारित अधिकार प्राप्त निकायले आधिकारिक तथ्यहरूको व्यापक सर्वेक्षणका आधारमा व्यवस्थित रूपमा तयार गर्ने वैधानिक दस्तावेज (Document) हो । यसलाई कार्यक्रम वा क्रियाकलापहरूको प्रक्षेपित लक्ष्यहरू प्राप्त गर्ने प्रभावकारी कार्यान्वयनको मार्गदर्शन पनि भन्न सकिन्छ । गुरु योजनालाई दीर्घकालीन योजनाको कार्यान्वयनको अल्पकालीन र मध्यमकालीन समयवद्ध खाका, विद्यमान श्रोतको उपयुक्त बाँडफाँड र क्रियाकलापहरूको कार्यान्वयनको चरणवद्ध कार्यक्रम भन्न सकिन्छ । स्थानीय तहको गुरुयोजना भनेको जनताका विकासका चाहना र आकांक्षाहरूको सर्वेक्षणका आधारमा जनताकै प्रत्यक्ष सहभागिता र संग्लनतामा बनाइने उर्ध्वगामी ढाँचा, श्रोत साधनहरूको समयवद्ध र क्षेत्रगत बाँडफाँडका आधारमा पूर्व निर्धारित उद्देश्य र लक्ष्यहरूको प्राप्तिका लागि बनाइएका सुस्पष्ट, विशिष्ट कार्यक्रम र कार्ययोजनाहरूको खाका र रणनीतिको रूपमा बुझ्न सकिन्छ। यस्तो योजना प्रकृयामा सम्वद्ध जनता र समुदायको अर्थपूर्ण सहभागिता र साझेदारी, स्थानीय श्रोतहरू र संभावनाहरूको उपयोगबाट स्थानीय आवश्यकताहरूको परिपूर्ति तथा स्थानीय जनताको विकास निर्माणमा प्रत्यक्ष, अनुगमन र मूल्यांकनको स्थानीय ढाँचा र जिम्मेवारीको वाँडफाँड महत्वपूर्ण हुन्छ ।

संघीयताको आधारभुत मर्म अनुसार र सहभागीमुलक योजना तर्जुमाको सिद्धान्त अनुसार योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकन माथिबाट तल नभई उर्ध्वगामी योजनाको पद्धतिमा गरिने व्यवहारिक प्रकृया राष्ट्रिय तथा अन्तर्राष्ट्रिय योजना र विकासका अनुभवहरूले सिद्ध गरेको जनमुखी प्रकृया हो । यसमा दिगो विकासका आधारभूत मान्यताहरू समेटिनुका साथै आर्थिक, सामाजिक, भौतिक, वातावरणीय र संस्थागत योजनाहरूको उपयुक्त सन्तुलन स्थापित गर्ने प्रयत्न हुन्छ । यस्तो योजनामा, योजनाको प्रारम्भदेखि आवश्यकता पहिचान, दीर्घकालीन सोच, ध्येय तथा उद्देश्य तय गर्ने, योजना, कार्यक्रम र परियोजनाहरूको छनौट र प्राथमिकता निर्धारण, कार्यक्रम र आयोजनाको कार्यान्वयनका साथै स्थानीय मूल्य मान्यता र संस्कृतिको संरक्षण, श्रोत र साधनहरूको व्यवस्थापन, कार्यान्वयन प्रकृयाको अनुगमन र मूल्याकंनमा स्थानीय जनताको सक्रिय सहभागिताको महत्वपूर्ण भूमिका हुने भएकाले यस्ता योजनाहरूमा आम जनसमुदायको अपनत्व र स्वामित्व स्थापित भै योजनावद्ध कार्यक्रमहरूको अधिकतम प्रतिफल प्राप्ति हुने र त्यसबाट समयमै आयोजना तथा कार्यक्रमहरू सम्पन्न हुने कुराको सुनिश्चितता हुन्छ । यस्ता योजनाले आयोजना र कार्यक्रमहरूबाट प्राप्त हुने अपेक्षित प्रतिफलको वितरण समन्यायिक र दिगो समेत हुने विश्वास गरिन्छ ।

### २.३ गुरुयोजनाको नीतिगत तथा वैधानिक प्रावधान

यो गुरुयोजना स्थानीय तहले आफ्नो संवैधानिक हैसियत र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६, दफा २४ को व्यवस्था अनुसार स्थानीय तहलाई प्रदान गरिएका अधिकारहरूको कार्यान्वयन गर्ने क्रममा तयार गरिएको हो । यो गुरुयोजना राष्ट्रिय योजना आयोगको दिग्दर्शन अनुसार व्यापक सर्वेक्षण र अन्तर्क्रियाबाट सहभागितामूलक प्रकृया अवलम्बन गरी यो गुरुयोजना तयार गरिएको छ । विभिन्न विषयगत समितिहरूसँग व्यापक छलफल गरी परामर्शदाता संस्थाले तयार गरेको यस योजनालाई गाउँपालिकाको निर्देशक समिति (Steering Committee) बाट पारित भई गाउँकार्यपालिकाले स्वीकृत गरेपछि यो गुरुयोजना लागू भएको छ । यो रणनैतिक विकास गुरुयोजना तयार गर्दा देहायवमोजिमका नीतिगत व्यवस्थाहरूलाई अवलम्बन गरिएको छ :

- राष्ट्रिय योजना आयोगको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन
- उत्तरगया गाउँपालिकाको गुरुयोजना तर्जुमाको निर्दिष्ट कार्य निर्देशिका (Terms of Reference)
- गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक तथा प्राकृतिक स्रोतको विद्यमान अवस्था

- जनताको आवश्यकता र आकांक्षाको संकलन र छलफल
- गाउँपालिकाको विगतको वित्तीय अवस्था र भविष्यको प्रक्षेपणमा
- स्थानीय स्रोत, सामग्री र जनशक्तिको अधिकतम प्रयोग गर्ने सोंच
- गाउँपालिकाको दीर्घकालीन सोंच, लक्ष्य र रणनीतिहरू
- संघ र प्रदेशका योजना तथा कार्यक्रमहरूसँग तादाम्यता
- विकास योजनाहरूको क्षेत्रगत बाँडफाँड र सन्तुलन
- समयबद्ध कार्यान्वयनको ढाँचा र लगानीको योजना
- योजना र कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्यांकनको सुस्पष्ट प्रणाली

**साथै गुरुयोजना तर्जुमाको आधारको रुपमा तपसिलमा उल्लेख गरिएका पक्षहरुलाइ समेत लिइएको छ :**

- नेपालको संविधान, २०७२ ।
- विद्यमान ऐन, कानुन तथा नीति नियमहरु ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ।
- वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन, २०७४ ।
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (राष्ट्रिय योजना आयोग) ।
- नेपाल सरकारको पन्ध्रौ राष्ट्रिय योजना ।
- बागमती प्रदेश सुशासन ऐन २०७६ ।
- बागमती प्रदेश दिगो विकास लक्ष्यको आधार तथ्याङ्क प्रतिवेदन २०७६ ।
- प्रथम पञ्चवर्षीय योजना, बागमती प्रदेश ।
- नेपाल सरकार र बागमती प्रदेश सरकारको दीर्घकालीन सोच तथा लक्ष्य ।
- दिगो विकास लक्ष्य ।
- राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजना ।
- उत्तरगया गाउँपालिकाको समस्या र सम्भावना ।
- स्थानीय तहको निर्वाचनमा सहभागी दलहरुको घोषणापत्र ।
- उत्तरगया गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम ।
- उत्तरगया गाउँपालिकाको वार्षिक बजेट ।

## २.४ संघ, प्रदेश र गाउँपालिकाको गुरुयोजनासँग अन्तरसम्बन्ध

राज्यको पुनर्संरचनासँगै संघ, प्रदेश र स्थानीय सरकारले आफ्नो आवश्यकतामा आधारित विकासका गुरु योजनाहरू निर्माण गरी कार्यान्वयनका लागि नीति, कार्यक्रम र बजेटका माध्यमबाट समृद्धिको यात्रा तय गर्ने अधिकार रहेको छ। राष्ट्रको समग्र विकास एकल प्रयासबाट मात्र संभव नहुने भएकाले अन्तर सरकार सम्वन्ध र योजनाका माध्यमबाट एकतावद्ध ढंगले एउटै सोचाई राखेर गरिएको विकास प्रयासले सीमित स्रोत र साधनको एकीकृत ढंगले उपयोग गरी छोटो समयमा उपलब्धिमूलक प्रगति गर्नका लागि तीनवटै तहका सरकारहरूको विकास योजनाहरू एक अर्काका परिपूरक हुनु पर्दछ। तिनीहरू बीचको सम्बन्ध र तादाम्यता हुनुपर्ने आवश्यकतालाई यो गुरुयोजनामा पनि मध्यनजर गरिएको छ। खासगरी केन्द्रीय, प्रादेशिक र स्थानीय योजना र कार्यक्रमहरू परस्पर बाझिने, दोहोरिने संभावना र त्यसबाट कार्यान्वयनमा पैदा हुने जटिलतालाई योजना बनाउँदा विशेष हेक्का राखिएको छ। सुख र समृद्धि सबैँको चाहना भएकाले संघीय सरकारले पन्ध्रौं योजनामा परिकल्पना गरेको **"समृद्ध नेपाल र सुखी नेपाली"** को नारालाई आफ्नो दीर्घकालीन सोचको रूपमा अगाडि सारेको छ र यही नारालाई एकाकार गर्दै बागमती प्रदेश सरकारले पनि आगामी वर्षहरूको विकासको सोच **" सुसँस्कृत र सुखी जनता समाजवाद उन्मुख समृद्ध प्रदेश"** भन्ने नारालाई विकास अभियानको रूपमा कायम गरेको छ। उत्तरगया गाउँपालिकाको सोच र विकास अभियानलाई सोहि अनुकूल बनाइ तीनै तहका सरकारहरूको विकास अभियानलाई एकअर्काका पूरकका रूपमा अगाडि बढाउने गरी यो गुरुयोजना तयार गरिएको छ। केन्द्र, प्रदेश र स्थानीय तहको अधिकारको सूचीलाई समेत मध्यनजर गरी तिनीहरूबाट निक्षेपित हुने अनुदान

र राजश्व बाँडफाँडलाई यस गुरुयोजनाको वित्तीय योजना र क्षेत्रगत लगानी कार्यक्रम तय गर्दा विशेष ध्यान पुऱ्याइएको छ। साथै नेपालले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, राष्ट्रिय र प्रादेशिक विकास नीति र कार्यक्रमसँग यो गुरुयोजनालाई आवद्ध गरिएको छ।

## २.५ गुरुयोजना तर्जुमाका उद्देश्यहरु

संविधानको अनुसूची ८ अन्तर्गत २२ एकल अधिकार र अनुसूची ९ अन्तर्गत प्रदेशसँगका साझा अधिकार स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भमा यस गुरुयोजना तर्जुमाको मुख्य उद्देश्य उत्तरगया गाउँपालिकाको विकासको दीर्घकालीन सोच बमोजिम क्षेत्रगत विकासको समग्र योजना र कार्यक्रमहरू तय गरी उत्तरगयावासी जनताको सम्वृद्धिलाई सुनिश्चित गर्नु रहेको छ। यसका विशिष्ट उद्देश्यहरू देहाय वमोजिम रहेका छन् :

१. विगत र वर्तमानको समीक्षा गर्दै आगामी दिनको विकासको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम तर्जुमा गरी भविष्यमा अवलम्बन गरिने विकासको निश्चित गन्तव्यलाई मार्गनिर्देश गर्नु।

२. सामाजिक, आर्थिक, पर्यावरणीय, पूर्वाधार, सुशासन जस्ता विषय क्षेत्रगतअन्तर्गतका समस्याहरुलाई समाधान गरी नागरिकहरुको जीवन स्तर लगायत पालिकाको समग्र अवस्थामा गुणात्मक रुपमा सुधार गर्नु।

३. पालिकामा भएका विभिन्न विभिन्न स्रोत साधन, सम्भावना र अवसरको पहिचान र विश्लेषण गरी सीमित स्रोत साधनहरुको प्राथमिकता प्राप्त क्षेत्रमा समुचित उपयोग मार्फत नागरिकहरुका आधारभुत आवश्यकताको परिपूर्ति गर्नु।

४. विकास प्रक्रियाका सबै तहमा सबै सरोकारवालाहरुको अधिकतम सहभागिता, भूमिका तथा योगदानको निर्धारिण र सुनिश्चतता गर्ने।

५. नेपाल सरकारको राष्ट्रिय योजना र प्रदेश सरकारको गुरु योजना, दीगो विकास लक्ष्यसँग तादाम्यता मिलाई नेपाल सरकार र प्रदेश सरकारको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि योगदान गर्नु।

६. विकास योजनाको नतिजाको प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणाली मार्फत नतिजामुखी योजना तथा विकास प्रक्रियाको अवलम्बन गर्नु।

७. स्थानीय सरकार नागरिकहरु बीच सम्बन्धलाई प्रबल बनाउनु।

## २.६ गुरुयोजनाका सीमाहरु

गुरुयोजना क्षेत्रगत तथा विषयगत योजनाहरुको समष्टिगत दस्तावेज भएतापनि गुरुयोजनाका केहि सिमाहरु छन्। गुरुयोजनाले विविध योजना तथा कार्यक्रमहरु मध्ये कुन चाहिँ योजना तथा कार्यक्रम कहिले गर्ने, कहाँ गर्ने, कसरी गर्ने, योजना तथा कार्यक्रमको प्रतिफल, असर र प्रभाव के के हुन्छन् भन्ने पक्षलाई प्रस्तुत गर्दछ। गुरुयोजनामा सबै योजना तथा कार्यक्रमहरुको पूर्व संभाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन समावेश गरिएको हुँदैन। साथै क्षेत्र तथा विषयको छुट्टै गुरुयोजना पनि समावेश हुँदैन। गुरुयोजना समय र परिस्थिति अनुसार परिमार्जन हुनेछ।

## २.७ गुरुयोजनाका क्षेत्रहरु

### २.७.१ योजनाका क्षेत्रहरु

गाउँपालिकाको समग्र, दीगो र द्रुत विकासका लागि विविध विषयगत क्षेत्रहरुसँग सम्बन्धित योजना तथा कार्यक्रमहरुको कार्यान्वयन हुन् आवश्यक छ। सीमित स्रोत साधनका कारणले सबै क्षेत्रहरुका असीमित समस्या तथा आवश्यकताहरुलाई सम्बोधन गर्न असम्भव नै हुन्छ। विद्यमान समस्या तथा आवश्यकताका आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारिण गर्न सकियो भने मात्रै विकासले गति लिएर अपेक्षित परिणाम ल्याउन सक्छ। राष्ट्रिय योजना आयोगले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले निर्दिष्ट गरेको कार्य निर्देशन, उत्तरगया गाउँपालिका र परामर्शदाता बीच भएको सम्झौता, र उत्तरगया गाउँपालिकाले लिएको समष्टिगत दुरदृष्टि, लक्ष्य तथा उद्देश्यहरुका परिधिभित्र रही यो गुरुयोजना तयार गरिएकोले तद्अनुरूप यस योजनामा आर्थिक, सामाजिक, भौतिक पुर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन तथा संस्थागत सुशासनका विभिन्न क्षेत्रहरुलाइ समेटिएको छ।

## २.८ गुरुयोजनाको उपयोगिता

नागरिकलाई सहजरुपमा गुणस्तरीय सेवासुविधा प्रदान गर्न मार्गनिर्देशन गर्ने खाकाका रुपमा गुरुयोजनालाई उपयोग गरिन्छ। योजनाको उपयोगितालाई तल उल्लेखित सरोकारवालाहरुका आधारमा वर्गीकृत गरिन्छ :

- **नागरिक:** गाउँपालिकाले भविष्यको लागि तय गरेका समग्र दूर दृष्टि, लक्ष्य, उद्देश्यहरु, विकासका प्राथमिकताका क्षेत्रहरु, रणनीति, कार्यनीतिहरु, कार्यक्रमहरु एवं क्रियाकलापहरुबारे गुरुयोजना मार्फत नागरिकहरुले पाउनेछन्। कुन वर्ष, कुन समयमा, के कस्तो कार्यक्रमहरु कसरी कार्यान्वयन हुन्छ, पालिकाले विभिन्न क्षेत्रमा के कस्ता नीतिनियमहरु अवलम्बन गरेको छ भन्ने विषयमा नागरिकले अग्रिम सूचना तथा जानकारी गुरुयोजना मार्फत पाउनेछन्।

- **उद्यमी:** उद्यमशीलता, व्यापार व्यवसाय तथा लगानी प्रवर्द्धनका लागि गाउँपालिकाले आगामी वर्षहरुमा लिएका नीति तथा कार्यक्रमहरुका बारेमा गुरुयोजना मार्फत उद्यमीहरुले अग्रीम जानकारी पाउनेछन् । सोही अनुसार उद्यमीहरुलाई लगानीका लागि योजना बनाउन सहज हुनेछ ।

- **निर्माणकर्ता :** भौतिक तथा पूर्वाधार विकासका लागि गाउँपालिकाले आगामी वर्षहरुमा लिएका नीतिनियम, कानुनी प्रावधान तथा कार्यक्रमहरुकाबारेमा गुरुयोजना मार्फत भवन, आवास तथा पूर्वाधार निर्माणमा संलग्न नागरिकहरुले अग्रीम जानकारी पाउनेछन् । जसले गर्दा निर्माण कार्यका लागि योजना बनाउन सहज हुनेछ ।

- **कर्मचारी:** योजनामा लिपिबद्ध भएका कार्यक्रमहरु कार्यान्वयन गर्न र प्रशासनिक नेतृत्व वर्गलाई उचित निर्णय गर्न दिशानिर्देश गर्नका लागि गुरुयोजना सहयोगी दस्तावेज हुनेछ ।

- **नेतृत्व:** गुरुयोजनामा पालिकाको दूरदृष्टि, लक्ष्य, उद्देश्यरु, रणनीति, कार्यनीतिहरु, कार्यक्रमहरु एवं क्रियाकलापहरु तर्जुमा गरिएको हुन्छ । गुरुयोजनाले नेतृत्व वर्गलाई पालिकाको भविष्यको गन्तव्य, गन्तव्यमा पुग्नका लागि हिड्नु पर्ने बाटो र अवलम्बन गर्नुपर्ने रणनीतिको बारेमा स्पष्टसँग दिशानिर्देश गर्नेछ ।

- **अन्य निकाय:** गुरुयोजना मार्फत सरकारी तथा गैरसरकारी निकायहरुले उत्तरगयाको आगामी योजनाको बारेमा जानकारी प्राप्त गर्नेछन् । सोही अनुसार उत्तरगया गाउँपालिकासँग कुन कुन क्षेत्रमा कसरी सहकार्य र समझदारी गर्न सकिन्छ भन्ने बारेमा निर्णय लिन अन्य निकायहरुलाई सहज हुनेछ ।

## २.९ उत्तरगया गाउँपालिका विकासका मार्गनिर्देशक सिद्धान्तहरु

उत्तरगयाा गाउँपालिकाका लागि तल उल्लेखित विकासका मार्गनिर्देशक सिद्धान्तहरु तथा मुल्यमान्यता पहिचान गरिएको छः

### २.९.१ राष्ट्रिय सोच

**"समृद्ध नेपाल, सुखी नेपाली"**

नेपाल एक समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिकहरू बसोबास गर्ने मुलुक हुनेछ ।

### २.९.२ राष्ट्रिय दीर्घकालीन रणनीति

१. तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,
२. सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने,
३. आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् शहर/बस्ती विकास गर्ने,
४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने,
६. गरिवी निवारण र आर्थिक, सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,
७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलता विकास गर्ने,
८. सार्वजनिक सेवाको सुदृढिकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्वर्द्धन गर्ने ।



### २.९.३ दिगो विकास




- उत्तरगया गाउँपालिकाले दिगो विकासको अवधारणा तथा दीगो विकासको स्थानीयकरणलाई आत्मसात गरी दीगो विकास लक्ष्य हासिल गर्न योगदान दिने गरी आगामी योजना तर्जुमा गर्नेछ
- उत्तरगया गाउँपालिकाले पर्यावरण, सामाजक तथा आर्थिक दिगोपनालाई उत्तरगयाको आगामी विकासका लागि केन्द्रीय पक्षका रुपमा लिनेछ।
- उत्तरगयाको आगामी विकास निर्माण कार्यलाई वातावरण मैत्री रुपमा अघि बढाई उत्तरगयालाई वातावरणमैत्री विकासको पक्षबाट अग्रणी पालिकाको रुपमा स्थापित गरिनेछ।
- जैविक विविधता, प्राकृतिक स्रोतसाधन एवं सांस्कृतिक सम्पदाको दिगो रुपमा संरक्षण गरी आर्थिक वृद्धिका लागि उपयोग गरिनेछ।
- वातावरण र विकास बीचको सन्तुलनलाई कायम राखी सफा, स्वच्छ तथा हरियाली वातावरण निर्माण गरिनेछ।
- सबैका लागि उच्च गुणस्तरीय, सम्मानित तथा मर्यादित जीवन सुनिश्चित गर्न सामाजिक न्याय, समता, समतामूलक तथा सन्तुलित विकासलाई आधार बनाइनेछ।
- दीगो कृषि, पर्यटन तथा उद्यमशीलतामा आधारित भई दीगो आर्थिक वृद्धि एवं समृद्धि हासिल गरिनेछ।

### सुशासन

- शासकीय सुधार, प्रशासकीय सुशासन, विद्युतीय सुशासन एवं वित्तीय सुशासन मार्फत हरेक नागरिकलाई सहज रुपमा छिटोछरितो तथा गुणस्तरीय सार्वजनिक सेवासुविधा प्रदान गरिने छ।
- मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धन तथा न्यायप्रणालीमा सुधार गरी हरेक नागरिकको सुरक्षित र सम्मानित जीवन बाँच्न पाउने मौलिक अधिकारको सुनिश्चित गरिनेछ।
- भ्रष्टाचार जन्य क्रियाकलापको नियन्त्रण गरी भ्रष्टाचारसहित सुशासित गाउापालिका निर्माण गरिनेछ।

### समावेशीकरण

- जाति, धर्म, लिंग, वर्ग, भाषा, उमेर, क्षमता, सामाजक, आर्थिक तथा शारीरिक अवस्थाका आधारमा कसैलाई पनि भेदभाव नगरी समावेशी विकासको अवधारणा लागु गरिनेछ।
- भौगोलिक समावेशीताको अवधारणा अन्तर्गत सबै क्षेत्र तथा समुदायलाई विकास निर्माणको चरणहरुमा समावेश गरिनेछ।

### मानव पूँजीको विकास र उत्थानशीलता

- प्राकृतिक, भौतिक, सामाजिक, स्वास्थ्य, आर्थिक तथा प्राविधिक जोखिमबाट हरेक नागरिक तथा समुदायलाई सुरक्षित राखिनेछ।
- जलवायु परिवर्तनको मध्यकालीन र दीर्घकालीन असर तथा जोखिमबाट बचाउनका लागि आवश्यकीय पहलकदमी लिइनेछ।
- विपत्ति, प्रकोप, महामारी तथा विविध जोखिमबाट सुरक्षित हुनका लागि हरेक नागरिक तथा समुदायलाई सवल र सक्षम बनाइनेछ।

### प्रविधिमा पहुँच तथा प्रविधिको उच्चतम उपयोग

- पालिकाको सबै क्षेत्र र नागरिकको गुणस्तरीय सूचना र संचार प्रविधिमा पहुँच पुऱ्याउनका लागि आवश्यकीय स्रोतसाधनको व्यवस्थापन तथा पूर्वाधारको निर्माण गरिनेछ।
- सूचना र संचार प्रविधिको प्रयोग मार्फत नागरिकलाई सहज रुपमा छिटोछरितो सेवासुविधा प्रदान गरिनेछ।

### सहकार्य, समन्वय र साझेदारी

- पालिकाको विकास लक्ष्य हासिल गर्न संघीय सरकार, प्रदेश सरकार, अन्य पालिका, सहकारी निजी क्षेत्र, नागरिक समाज, नागरिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी निकायहरु लगायत उत्तरगयाको विकासमा सहयात्रा गर्न इच्छुक सबैसँग पालिकाले निरन्तर समन्वय, सहकार्य र साझेदारी गर्नेछ।

- सार्वजनिक, निजी तथा सहकारी साझेदारी अवधारणा अन्तर्गत पालिकाको आर्थिक विकास लक्ष्य तथा उद्देश्यहरु हासिल गरिनेछ ।

### २.९.४ पन्ध्रौं योजनासँगको सम्बन्ध

- यस योजनाले नेपाल सरकारको पन्ध्रौ राष्ट्रिय योजनाले निर्दिष्ट गरेका राष्ट्रिय दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न सघाउने पक्षलाई केन्द्रबिन्दुमा राखी यस योजनामा दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरु, रणनीति, कार्यनीति र कार्यक्रमहरु तर्जुमा गरिएको छ।

### राष्ट्रिय लक्ष्य

- उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने ।

### राष्ट्रिय उद्देश्य

- सर्वसुलभ, गुणस्तरीय र आधुनिक पुर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि उच्च दिगो र समावेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु ।
- गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वस्थ तथा सन्तुलित वातावरण, सामाजिक न्याय र जवाफदेहि सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढिकरण गर्दै नागरिकलाइ परिष्कृत र मर्यादित जीवनयापनको अनुभुति गराउनु ।
- सामाजिक-आर्थिक रुपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वतन्त्रता र राष्ट्रिय हित संरक्षण गर्नु ।

### २.९.५ दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरु

| क्र.सं. | प्रादेशिक लक्ष्य गन्तब्य र सुचक | एकाइ | नेपाल | | बागमती प्रदेश | |
|---|---|---|---|---|---|---|
| | | | आ.व. ०७४/०७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य | आ.व. ०७४/०७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य |
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | १०.३ | ७ | १०.६ |
| २ | कूल ग्राहस्थ उत्पादनमा कृषि तथा वनक्षेत्रको योगदन | प्रतिशत | २७ | ९ | १३ | ७.५ |
| ३ | कूल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदन | प्रतिशत | १५.२ | ३० | १२.६ | २५ |
| ४ | कूल ग्राहस्थ उत्पादनमा सेवा क्षेत्रको योगदन | प्रतिशत | ५७.८ | ६१ | ७४.४ | ६७.५ |
| ५ | प्रति व्यक्ति आय | अमेरिकन डलर | १०४७ | १२१०० | १९१७ | २२४९० |
| ६ | निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या | प्रतिशत | १८.७ | ० | १५.३ | ० |
| ७ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | ३ | १२.२ | २ |
| ८ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (Palma Ratio) | प्रतिशत | १.३ | १.१ | १.४५ | १.२ |
| ९ | सम्पत्तिमा आधारित जिनि गुणक (Ginni Coefficient) | प्रतिशत | ०.३१ | ०.२५ | ०.३५ | ०.२८ |
| १० | श्रम सहभागीता दर १५ वर्ष माथि | प्रतिशत | ३८.५ | ७२ | ४१.७ | ७८ |
| ११ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ३ | ७.२ | १.८ |
| १२ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३७.८ | ७० | ४१.७ | ७७ |
| १३ | जलविद्युत तथा नवीकरणीय उर्जा उत्पादन जडित क्षमता | मेगावाट | १०४७ | ४०००० | ४१८.२ | ५००० |
| १४ | विद्युत पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | १०० | ९८.२ | १०० |
| १५ | प्रतिव्यक्ति विद्युत उपभोग | किवा/ घण्टा | २४५ | ३५०० | ० | ४५०० |
| १६ | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ७८.९ | ९९ | ० | ९९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | राष्ट्रिय र प्रादेशिक लोकमार्ग | किमी | ६९७९ | ३३००० | ५५६२ | २०००० |
| १८ | द्रुतमार्ग भुमिगत मार्ग समेत | किमी | ० | २००० | ० | ५०० |
| १९ | रेलमार्ग | किमी | ४२ | २२०० | ० | ३०० |
| २० | इन्टरनेट प्रयोगकर्ता कुल जनसंख्या | प्रतिशत | ५८ | १०० | ७१.२ | १०० |
| २१ | अपेक्षित आयु जन्म हुँदाको | वर्ष | ६९.७ | ८० | ७२.० | ८५ |
| २२ | मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा | जना | २३९ | २० | ७१.२ | ४ |
| २३ | ५ वर्षमुनिको बाल मृत्युदर प्रतिहजार जीवित जन्ममा | जना | ३९ | ८ | ३६ | ४ |
| २४ | ५ वर्ष मुनिका कम तौल भएका बालबालिका | जना | २७ | २ | १३.३ | १ |
| २५ | साक्षरता दर १५ वर्षमाथि | प्रतिशत | ५८ | ९८ | ६९ | ९९ |
| २६ | माध्यामिकत तह ९ देखि १२ सम्म खुद भर्नादर | प्रतिशत | ४३.९ | ९५ | ४८.२ | ९८ |
| २७ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | ९.५ | ४० | २२.७ | ५० |
| २८ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | २० | ९५ | ० | ९७ |
| २९ | आधारभुत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | १७ | १०० | ४१ | १०० |
| ३० | लैगिंक विकास सुचकांक | सुचकांक | ०.९२५ | १ | ०.९३१ | १ |
| ३१ | मानव विकास सुचकांक | सुचकांक | ०.५७४ | ०.७६० | ०.६४१ | ०.८२० |

**श्रोत:** पन्ध्रौ पञ्चबर्षीय योजना

## २.१० बागमती प्रदेशको दीर्घकालीन सोंच

**"सुसँस्कृत र सुखी जनता, समाजवाद उन्मुख समृद्ध प्रदेश"**

### २.१०.१ बागमती प्रदेशका दीर्घकालीन सोचका प्रमुख क्षेत्रहरु

| १. सुसँस्कार | २. सुख | ३. समृद्धि |
|---|---|---|
| सम्पदाहरुको संरक्षण र विकास | स्वस्थ र सन्तुलित पर्यावरण | सर्वसुलभ आधुनिक एवं सघन अन्तर आवद्धता |
| भाषा, कला संस्कृति र साहित्यको संरक्षण र विकास | सुशासन | मानव पूँजी तथा सम्भावनाको पूर्ण उपयोग |
| परिष्कृत तथा मर्यादित जीवन | सबल लोकतन्त्र | उच्च र दिगो उत्पादन तथा उत्पादकत्व |
| सुरक्षित सभ्य र न्यायपूर्ण समाज | राष्ट्रिय एकता सुरक्षा र सम्मान | उच्च र समतामुलक राष्ट्रिय आय |

**श्रोत:** बागमती प्रदेशको पञ्चबर्षीय योजना

# परिच्छेद तीन :

## उत्तरगया गाउँपालिकाको विद्यमान स्थिति र प्रवृत्ति विश्लेषण

### ३.१. परिचय

रसुवा जिल्लामा विद्यमान ५ वटा स्थानीय तहहरु मध्ये उत्तरगया गाउँपालिका जिल्लाको दक्षिण पश्चिम सिमावर्ती क्षेत्रसँग जोडिएर अवस्थित रहेको छ। प्राकृतिक, धार्मिक, सांस्कृतिक रूपले मनोरम यस गाउँपालिका साबिक लहरेपौवा गाउँ विकास समितिको १ देखि ७ र ९ नं. वडा, ठुलोगाउँ गाउँ विकास समिति, डाडागाउँ गाउँ विकास समिति र हाकुगाउँ गाउँ विकास समितिका ८ र ९ नं वडा मिलेर बनेको छ। बागमती प्रदेश अन्तर्गत उच्च पहाडी तथा हिमाली भेगको विशेषता बोकेको यो गाउँपालिकाको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति, प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता, विकासका संभावनाहरुलाई देहाय बमोजिमका शिर्षकहरुमा व्याख्या गरिएको छ।

### ३.२ भौगोलिक स्थिति

#### ३.२.१ अवस्थिति

समुन्द्री सतहबाट करिब १००० मिटर देखि ५००० मिटर सम्मको उचाईमा रहेको उत्तरगया गाउँपालिका भौगोलिक अवस्थितिका हिसाबले २७ डिग्री ५८ मिनेट २२ सेकेण्ड देखि २८ डिग्री १० मिनेट ७ सेकेण्ड उत्तरी अक्षांश र ८५ डिग्री ७ मिनेट २० सेकेण्ड देखि ८५ डिग्री १४ मिनेट ३५ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ। उत्तरगया गाउँपालिका रसुवा जिल्लाको दक्षिण पश्चिमी भागमा रहेको छ। यस गाउँपालिकाको पूर्वमा कालिका गाउँपालिका, पश्चिममा धादिङ्ग जिल्ला, दक्षिणमा नुवाकोट जिल्ला र उत्तरमा आमाछोदिङमो गाउँपालिकाको सिमाना जोडिएको छ

यस गाउँपालिकाको क्षेत्रफलको विषयमा भने केहि विवाद रहेको देखिन्छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाईट http://mofaga.gov.np/ne; मा स्थानीय पुनरसंरचना आयोगको प्रतिवेदन २०७३ लाई आधारमा मानी राखिएको स्थानीय तहहरुको विवरणमा गाउँपालिकाको क्षेत्रफल १०४.५१ र ३०७.३१ वर्ग कि.मि. रहेको छ। सोहि वेवसाईटमा रसुवा जिल्लाको क्षेत्रफल २०८५.०४ वर्ग कि.मि. राखिएको छ भने राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदनमा रसुवा जिल्लाको क्षेत्रफल १,५४४ वर्ग कि.मि. दिएको छ। नेपालको क्षेत्रफल १४७,१८१ वर्ग कि.मि. लाई आधार मानी GIS मा विश्लेषण गर्दा रसुवा जिल्लाको क्षेत्रफल १,५४०.८२ वर्ग कि.मि. देखिन्छ। यसैलाई आधार मानी रसुवा जिल्लाका ५ वटा गाउँपालिकाको क्षेत्रफललाई GIS मा विश्लेषण गर्दा उत्तरगया गाउँपालिकाको क्षेत्रफल १२१.५७ वर्ग कि.मि. हुन आउछ। यस गुरुयोजनामा यसैलाई आधार मानिएको छ। यसैको आधारमा यो गाउँपालिकाले जिल्लाको कुल क्षेत्रफलको ७.८९ प्रतिशत भुभाग ओगटेको देखिन्छ।

**तालिका १:** भौगोलिक अवस्थिति

| वडा नं. | समावेश साविक गाविस | क्षेत्रफल (वर्ग कि मि) | प्रतिशत |
|---|---|---|---|
| १ | हाकु (८,९) र डाँडागाउँ (७-९) | ८१.७७ | ६७.२६ |
| २ | डाँडागाउँ (१-६) र ठूलोगाउँ (८) | १५.४३ | १२.६९ |
| ३ | ठूलोगाउँ (१-७,९) | १२.३९ | १०.१९ |
| ४ | लहरेपौवा (४-७) | ७.५१ | ६.१८ |
| ५ | लहरेपौवा (१-३,९) | ४.४७ | ३.६७ |
| **जम्मा** | | **१२१.५७** | **१००.००** |

**श्रोत:** स्थानीय तह पुर्नसंरचना आयोगको प्रतिवेदन, २०७३

नक्सा १ : उत्तरगया गाउँपालिकाको भौगोलिक तथा प्रशासनिक नक्सा




**श्रोत:** नापी शाखा

### ३.२.२ भू-बनोट

भूबनोटका दृष्टिले उत्तरगया गाउँपालिकाको अधिकांश भूभाग भिरालो क्षेत्र १०४९१ हेक्टर अर्थात ८८.२९ प्रतिशत रहेको छ। त्यसै गरी उपत्यका ७३४ हेक्टर अर्थात ६.४३ प्रतिशत, चट्टानी क्षेत्र ३८४ हेक्टर अर्थात ३.२३ प्रतिशत, हिमाली क्षेत्र २३८ हेक्टर अर्थात २.०० प्रतिशत र टाकुरा/शिखर क्षेत्र ६ हेक्टर अर्थात ०.०५ प्रतिशत रहेको छ। गाउँपालिकाको क्षेत्रफलका आधारमा यहाँको धरातलीय स्वरूपलाई निम्नानुसार वर्गीकरण गरिएको छ।

नक्सा २ : उत्तरगया गाउँपालिकाको भू-बनोट




**श्रोतः** नापी शाखा

तालिका २: उत्तरगया गाउँपालिकाको भूबनोटको अवस्था

| क्रम.सं. | भू-बनोटको प्रकार | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | माथिल्लो भिरालो क्षेत्र | ५७५२ | ४८.४० |
| २ | तल्लो भिरालो क्षेत्र | ४७३९ | ३९.८८ |
| ३ | उपत्यका | ७६४ | ६.४३ |
| ४ | चट्टान क्षेत्र | ३८४ | ३.२३ |
| ५ | हिमाली क्षेत्र | २३८ | २.०० |
| ६ | टाकुरा/शिखर/रिज | ६ | ०.०५ |
| | **जम्मा** | **११८८३** | **१००.००** |

### ३.२.३ धरातलीय स्वरूप :

उत्तरगया गाउँपालिकाको धरातलीय स्वरूपलाई विश्लेषण गर्दा ० - १० डिग्री भिरालो भूभाग २५२ हेक्टर अर्थात २.१२ प्रतिशत, १० - २० डिग्री भिरालो भूभाग ११५२ हेक्टर अर्थात ९.६९ प्रतिशत, २० - ३० डिग्री भिरालो भूभाग ३५१७ हेक्टर अर्थात २९.५९ प्रतिशत, ३० - ४० डिग्री भिरालो भूभाग ५६१८ हेक्टर अर्थात ४७.२८ प्रतिशत र ४० डिग्री भन्दा बढी भिरालो भूभाग १३४६ हेक्टर अर्थात ११.३३ प्रतिशत रहेको छ। ३० डिग्री भन्दा माथि रहेका भिरालो भूभाग सम्बेदनशिल हुन्छन्। पालिकामा यस्ता सम्बेदनशिल क्षेत्रहरु बढी भएको हुँदा त्यस्ता क्षेत्रहरूमा खेतीपाती तथा बस्ती रहँदा पहिरो जाने सम्भावना बढी हुन्छ। उत्तरगया गाउँपालिकाको धरातलीय स्वरूप तलको भौगर्भिक नक्सामा देखाइएको छ।

**नक्सा ३: उत्तरगया गाउँपालिकाको धरातलीय स्वरूप**




**श्रोत:** नापी शाखा

**तालिका ३ : उत्तरगया गाउँपालिकाको धरातलीय भिरालोपनाको विवरण**

| भिरालोपन | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|
| ० - १० डिग्री भिरालो | २५२ | २.१२ |
| १० - २० डिग्री भिरालो | ११५२ | ९.६९ |
| २० - ३० डिग्री भिरालो | ३५१७ | २९.५९ |
| ३० - ४० डिग्री भिरालो | ५६१८ | ४७.२८ |
| श्र ४० डिग्री भिरालो | १३४६ | ११.३३ |
| **जम्मा** | **११८८३** | **१००.००** |

### ३.२.४ हावापानी

उत्तरगया गाउँपालिकामा विविधतायुक्त हावापानी पाइन्छ। उत्तरगया गाउँपालिका हिमाली जिल्ला भित्र पर्ने एक गाउँपालिका हो। गहिरो गल्छि र उच्च पहाड हुनु हिमाली भूभागको प्रकृति हो। त्यहि अनुसार यहाँको उचाई पनि त्यस्तै रहेको छ। २९.४३ वर्ग किलोमिटर जमिन खेतियोग्य भूमी रहेको यस गाउँपालिका भित्र काम्लुङ खोला, मैलुङ खोला, त्रिशुली खोला, भाङ्गे खोला, करेली देउढुङ्गा, फन्जु खोला, भ्यागुते खोला, महभिर, अधेरी खोला, काभ्रे खोला, फलाखु खोला, लाङटाङ राष्ट्रिय निकुञ्ज तथा सामुदायिक वन क्षेत्र भित्र पाइने सर्पगन्धा, चिराईतो, धुपी जस्ता जडिबुटी यहाँको प्रमुख प्राकृतिक सम्पदाहरु हुन। पर्यटन व्यवसायमा संलग्न ३० जना पर्यटकीय गाईड, वडा नं. ३ मा पैरेगाउँमा होमस्टेको स्वरुपमा होटल संचालन हुनुले पनि पर्यटकीय क्षेत्रको विकासको संभावना देखिन्छ। यस गाउँपालिकाको औषत अधिकतम् तापक्रम २९° C. र न्यूनतम १५° C. रहेको छ भने औषत वर्षा १६०१ मि.मि. देखि ३००० मि.मि. रहेको छ। उच्च पहाडी तथा हिमाली क्षेत्रमा अवस्थित रहेकाले तल्लो क्षेत्रका केही भूभाग बाहेक उच्च लेकाली चिसो हावापानी पाइन्छ।

**नक्सा ४ : उत्तरगया गाउँपालिकाको औषत वार्षिक वर्षा**




**श्रोत:** नापी शाखा

**तालिका ४ : उत्तरगया गाउँपालिकाको औषत वार्षिक वर्षाको विवरण**

| वार्षिक औसत वर्षा (मि.मि./वर्ष) | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|
| १६०१-१८०० | ९० | ०.७५ |
| १८०१-२००० | १४१६ | ११.९१ |
| २००१-३००० | ७८४७ | ६६.०४ |
| **जम्मा** | **११८८३** | **१००.००** |

## ३.३ प्राकृतिक स्रोत सम्पदा

### ३.३.१ जल प्रवाह प्रणाली

उत्तरगया गाउँपालिकाका भएर बग्ने काम्लुङ खोला, मैलुङ खोला, त्रिशुली खोला, भाङ्गे खोला, करेली देउढुङ्गा, फन्जु खोला, भ्यागुते खोला, महभिर, अधेरी खोला, काभ्रे खोला, फलाखु खोला गाउँपालिकाका जलप्रवाह प्रणालीका प्रमुख स्रोतहरु हुन् । यी नदी मध्ये मैलुङ खोलाको लम्बाइ ११.१८ कि.मि. रहेको छ भने त्रिशुली खोला लम्बाइ ७.८३ कि.मि रहेको छ। गाउँपालिका भित्रका सहायक खोलाहरू अधेरी खोला - ५.८२ कि.मि., भाङ्गे खोला - ५.३८ कि.मि., न्याम न्याम खोला - ४.८२ कि.मि., काम्लुङ खोला - ३.६१ आदि रहेका छन् । मुख्य रूपमा यी खोलाहरू बाहेक थुप्रै पानीका मुहान तथा साना खोलाहरू प्रायः सबै भूभागमा रहेका छन् । व्यावसायिक तरकारीको उत्पादन र तरकारी खेतीका साथै पर्याप्त खाद्यान्न उत्पादनका लागि जलस्रोतको उपयोग आवश्यक मात्रामा हुन सकेको छैन । गाउँपालिकाभित्र रहेका पानीका स्रोतहरूलाई प्राकृतिक तथा प्रविधिका माध्यमबाट वैज्ञानिक व्यवस्थापन र दिगो सदुपयोगको नीति अवलम्वन गरी कृषिका लागि सिंचाइ र खानेपानी तथा सरसफाइका लागि उपयोग गर्न सकिने प्रशस्त सम्भावना रहेको छ। नदी प्रवाह प्रणाली र मुख्य खोलाहरूको विवरण तपसिल अनुसार रहेको छ।

**नक्सा ५ : उत्तरगया गाउँपालिकाको जलप्रवाह प्रणाली**




**श्रोत:** नापी शाखा

### ३.३.२ प्राकृतिक वनस्पति तथा वन्यजन्तु

धरातलीय भू-बनोट, माटोको प्रकृति र हावापानीको अवस्थामा प्राकृतिक वनस्पति तथा वन्यजन्तुको जीवनचक्र निर्भर रहेको हुन्छ। उत्तरगया गाउँपालिकामा मध्य तथा उच्च पहाड र हिमाली क्षेत्रमा पाईने वनस्पतिः गुँरास, बाँझ, खर्सु, साज, ठिङ्गो, खोटे सल्लो, अंगेर, दार, लौठ सल्लो, लाकुरी, भोजपत्र तथा उच्च हिमाली क्षेत्रका कोणधारी बुट्यानहरु पाइन्छन् । सामुदायिक वन क्षेत्र भित्र पाइने सर्पगन्धा, चिराईतो,

धुपी जस्ता औषधीय जडीवुटी तथा स्याउ, ओखर, सुन्तला, आरु आदि फलफूलहरू पाइन्छन् । वन्यजन्तु अन्तर्गत बदेल, झारल, बाघ, भालु, मृग, घोरल, रतुवा, चितुवा, बाँदर, स्याल, खरायो, मलसाप्रो आदि यस क्षेत्रमा पाइने वन्यजन्तुहरू हुन् । त्यसैगरी चराचुरुङ्गीहरूमा मुनाल, डाँफे, कालिज, काग, गिद्ध तिथा, चिर, आदि पाइन्छन् । तालिका अनुसार देवदार जङ्गल पाइने परिस्थितिकीय प्रणालीले पालिकाको कुल क्षेत्रफलको २३१७.३ हेक्टर (२४.०९ प्रतिशत) क्षेत्रफल ओगटेको छ । मिश्रित गोब्रे सल्ला ओक जङ्गल पाइने पारिस्थितिकीयले २०८९.९ हेक्टर (१४.११ प्रतिशत), खोटे सल्लो-फराकिलो पाते जङ्गल पाइने पारिस्थितिकीयले १८६८.१ हेक्टर (१९.४२ प्रतिशत), शीतोष्ण हिमाली ओक (oak) जङ्गल पाइने पारिस्थितिकीयले १३५६.८ हेक्टर (२१.७३ प्रतिशत), लालिगुराँसको जंगल पाइने पारिस्थितिकीयले १३३२ हेक्टर (१३.८५ प्रतिशत), पहाडी साल पाइने जंगलको पारिस्थितिकीयले ४२८.९ हेक्टर (४.४६ प्रतिशत), पूर्वी हिमाली ओक लौरिल जंगल पाइने पारिस्थितिकीयले २१३.४ हेक्टर (२.२२ प्रतिशत) र तल्लो शीतोष्ण ओक (oak) जंगल पाइने पारिस्थितिकीयले ११.७ हेक्टर (०.१२ प्रतिशत) क्षेत्रफल ओगटेको छ ।

**नक्सा ६: उत्तरगया गाउँपालिकाको परिस्थितिकीय नक्सा**




**श्रोत:** नापी शाखा

**तालिका ५ : उत्तरगया गाउँपालिकाको परिस्थितिकी**

| क्रम.सं. | परिस्थितिकीको प्रकार | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | सन्टी- लालिगुराँस वन | १३३२.५ | १३.८५ |
| २ | खोटे सल्लो-फराकिलो पाते वन | १८६८.१ | १९.४२ |
| ३ | पुर्वी हिमाली ओक लौरिल वन | २१३.४ | २.२२ |
| ४ | देवदार (Fir) वन | २३१७.३ | २४.०९ |
| ५ | पहाडी साल वन | ४२८.९ | ४.४६ |
| ६ | तल्लो शीतोष्ण ओक (oak) वन | ११.७ | ०.१२ |
| ७ | शीतोष्ण हिमाली ओक (oak) कटुस वन | २०८९.९ | २१.७३ |
| ८ | मिश्रित गोब्रे सल्ला ओक वन | १३५६.८ | १४.११ |
|  | **जम्मा** | **९६१८.६** | **१००.००** |

### ३.३.३ माटोको बनावट

नेपालमा पाँगो, बलौटे पत्थरिलो, रातो फुस्रो, तलैया र हिमाली गरी जम्मा पाँच प्रकारका माटो पाइन्छन् : यी मध्ये उत्तरगया गाउँपालिकाको अधिकांश पहाडी भिरालो भूभागमा कालो र रातो रंङको फुस्रो प्राङ्गारिक उर्वरायुक्त माटो महाभारतका ठाडा भीरहरूमा ऋतु अपक्षयबाट टुक्रिएका चट्टानमा सडेका झारपात मिलेर बनेको माटो पाइन्छ। यस प्रकारको माटोमा चुन, नाइट्रोजन जस्ता तत्व कम हुने र माटोको गहिराई पनि कम हुनाले फलफूल, आलु, कोदो, मकै, फापर, उवा, जौ, चिनो, कागुनोका लागि उपयुक्त मानिन्छ। यस प्रकारको माटोमा अम्ल, फलाम तथा तामा खानी जस्ता खनिज तत्व पाइन्छ। उत्तरगया गाउँपालिकाको अधिकांश भू-भागमा दोमट (loam) माटो रहेको छ जसले पालिकाको ११,७३८ हेक्टर (९८.७८ प्रतिशत) ओगटेको छ भने सीमित भागमा पाङ्गो दोमट माटो रहेको छ जसले पालिकाको १४५ हेक्टर (१.२२ प्रतिशत) ओगटेको छ। प्राकृतिक स्रोतहरू मध्ये माटो एक प्रमुख स्रोत हो। धरातलीय र हावापानीको विविधता अनुसार माटो पनि विभिन्न प्रकारको हुन्छ।

**नक्सा ७ : उत्तरगया गाउँपालिकाको माटोको बनोट**




**श्रोत:** नापी शाखा

**तालिका ६ : उत्तरगया गाउँपालिकाको माटोको बनावट**

| माटोको बनोट | क्षेत्रफल (हेक्टर) | क्षेत्रफल प्रतिशत |
|---|---|---|
| दोमट माटो | ११७३८ | ९८.७८ |
| पाङ्गो दोमट माटो | १४५ | १.२२ |
| **जम्मा क्षेत्रफल** | **११८८३** | **१००.००** |

### ३.३.४ माटोको अम्लीयताको स्थिति

उत्तरगया गाउँपालिकाको जम्मा जमिनको क्षेत्रफल ११८८३ हेक्टर मध्ये ६७७४ हे. अर्थात ५७.०१ प्रतिशत जमिनको माटोको अम्लीयताको श्रेणी ४.५ देखि ५.५, ४२९४ हेक्टर अर्थात ३६.१३ प्रतिशतमा माटोको अम्लीयताको श्रेणी ५.५ देखि ५.७, ६७० हेक्टर अर्थात ५.६४ प्रतिशतमा माटोको अम्लीयताको श्रेणी ५.७ देखि ५.९, १४५ हेक्टर अर्थात १.२२ प्रतिशतमा माटोको अम्लीयताको श्रेणी ५.९ देखि ८.० सम्म रहेको पाइन्छ। यसका आधारमा यो गाउँपालिकाको माटोको अम्लीयताको दृष्टिले उर्वरायुक्त रहेको देखिन्छ। कृषि अनुसन्धान केन्द्रको अध्ययनले ५.५ देखि ६.५ अम्लियता भएको माटो खेतीका लागि सबैभन्दा उपयुक्त हुने देखाएको छ। तसर्थ, उत्तरगया गाउँपालिकामा खेतीपातीको एकदम धेरै सम्भावना रहेको छ। यहाँको माटोमा मकै, फापर, कोदो, जौँ, चिनो, कागुनो, वनलसुन, वेसार, सुन्तला, कागती, निवुवा, भोगटे, आलु, फर्सी, मुला, साग, तोरी, सिमी, गोलभेडा आदि फल्ने राम्रो सम्भावना रहेको छ।

**नक्सा ८ : उत्तरगया गाउँपालिकाको माटोको अम्लीयताको स्थिति**




**श्रोत:** नापी शाखा

**तालिका ७ : माटोको अम्लीयताको स्थिति**

| क्र.सं. | माटोको अम्लियता श्रेणी | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | ४.५-५.५ | ६७७४ | ५७.०१ |
| २ | ५.५-५.७ | ४२९४ | ३६.१३ |
| ३ | ५.७-५.९ | ६७० | ५.६४ |
| ४ | ५.९-८.० | १४५ | १.२२ |
| | **जम्मा** | **११८८३** | **१००.००** |

## ३.४ भू-उपयोग तथा मानव बसोबास

### ३.४.१ भू-उपयोग

उत्तरगया गाउँपालिकाको भू-भागलाई कृषि, मानव बस्ती, वन जंगल, घाँसे मैदान तथा चरण क्षेत्र, जलाधार क्षेत्र र खनिजजन्य पदार्थका लागि उपयोग भइरहेको छ। भू-धरातल, उचाइ, माटोको प्रकृति, हावापानी, वनस्पति आदिका दृष्टिकोणले भू-उपयोगको सम्भावना विविधतायुक्त रहेको छ। यसले गर्दा यहाँको भू-उपयोगलाई मानवहित, पर्यावरण सन्तुलन, जैविक विविधता आदिका लागि उपयोग गर्न सकिन्छ।

गाउँपालिकाको कुल क्षेत्रफल ११८८३ हेक्टर जमिन मध्ये कृषि तथा बस्तीले ओगटेको क्षेत्रफल २१५४ हेक्टर अर्थात् १८.१३ प्रतिशत रहेको छ। गाउँपालिकाको दक्षिणी क्षेत्रमा कृषि तथा मानव बसोबास योग्य जमिन रहेको छ। यस गाउँपालिकाको कुल क्षेत्रफल मध्ये वन जंगलले ओगटेको क्षेत्रफल ६८६० हेक्टर अर्थात् ५७.७३ प्रतिशत रहेको छ। झाडी क्षेत्रले ओगटेको क्षेत्रफल १७३४ हेक्टर अर्थात् १४.५९ प्रतिशत र घाँसे मैदान क्षेत्रले ओगटेको क्षेत्रफल ९८५ हेक्टर अर्थात् ८.२९ प्रतिशत रहेको छ। गाउँपालिकामा वन जंगलको विस्तार पालिकाको केन्द्र भागदेखि मध्य क्षेत्रबाट विस्तार भई उत्तरी मोहडासम्मको माथिल्लो भूभागमा घना वनजंगल रहेको छ। बाँकी भूभागमा मानव बस्ती र खेतीयोग्य जमिनको आसपासमा विभिन्न प्रजातीका डाले घाँसका वनस्पतिहरु र छिटफुट रुपमा साना तथा ठुला जंगली क्षेत्रहरु रहेको पाइन्छ। यहाँका जंगलमा सल्ला, बाँझ, खर्सु, साज, भिमल, वर, पीपल, पैयु, गुँरास, मेहेल, कोठीमारो, जामुना जातका रुखहरू पाइन्छन्। त्यसैगरी नदी तथा जलवहावले ओगटेको क्षेत्रफल १०२ हेक्टर अर्थात् ०.८६ प्रतिशत, चट्टानले ओगटेको क्षेत्रफल २९ हेक्टर अर्थात् ०.२४ प्रतिशत र ब्यारेन/ नाङ्गो भूमिको क्षेत्रफल २० हेक्टर अर्थात् ०.१७ प्रतिशत रहेको छ।

वन क्षेत्रको बाहुल्यता भएको कारण यस गाउँपालिकामा कार्बन उत्सर्जनको मात्रा निकै कम छ भने यसले गर्दा गाउँपालिकाको शून्य हरित गृह ग्यास उत्सर्जनको लक्ष्य पूरा भइरहेको छ। पालिका भित्र नाङ्गो भूमि उत्तर पश्चिम भागमा मात्र भएको तथ्यले यहाँको अधिकतम भू-भागको उपयोग भएको देखिन्छ। खेती गरिएको भूमि निकै कम मात्रामा रहेकाले विभिन्न अन्नबाली, तरकारी तथा फलफूलको उत्पादन प्रर्याप्त रुपमा हुन सकेको छैन।

**नक्सा ९ : उत्तरगया गाउँपालिकामा भू-उपयोगको स्थिति**




**श्रोतः** नापी शाखा

तालिका ८ : भू-उपयोगको स्थिति

| क्र.सं. | भू-उपयोगको किसिम | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | वन क्षेत्र | ६८६० | ५७.७३ |
| २ | खेती गरिएको भूमि | २१५४ | १८.१३ |
| ३ | झाडी क्षेत्र | १७३४ | १४.५९ |
| ४ | घाँसे मैदान क्षेत्र | ९८५ | ८.२९ |
| ५ | खोला/नदी क्षेत्र | १०२ | ०.८६ |
| ६ | चट्टान | २९ | ०.२४ |
| ७ | नाङ्गो भूमि | २० | ०.१७ |
|  | **जम्मा** | **११८८३** | **१००.००** |

### ३.४.२ मानव बसोबास

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार उत्तरगया गाउँपालिकामा ८५५५ जम्मा जनसंख्या रहेको छ भने २,१८८ परिवारले बसोबास गरिरहेका छन् तर गाउँपालिका आफैले सर्वेक्षण गरेको गाउँवस्तुस्थिति विवरण २०७६ अनुसार गाउँपालिकाको कुल घरधुरी २६३२ र जनसंख्या ११४९० रहेको छ। वडा अनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ५ मा २९१२ रहेको छ भने सबै भन्दा न्यून वडा नं. ३ मा १११३ रहेको देखिन्छ। जनगणना २०७८ अनुसार हालको औषत घरपरिवारको आकार ३.९१ हुन आएको छ। भू-उपग्रहीय तस्वीर २०२३ को आधारमा यस गाउँपालिकाभित्र घर, गोठ तथा कार्यालयहरूको संख्या लगभग **२३१७** घर प्रयोग गरिरहेका छन्। उत्तरगया गाउँपालिकाको २.८१ हेक्टर ०-१० डिग्री भिरालो जमिनमा ३७३ घर संख्या, ६.२६ हेक्टर १० - २० डिग्री भिरालो जमिनमा १०३० घर संख्या, ४.२५ हेक्टर २० - ३० डिग्री भिरालो जमिनमा ७६९ घर संख्या, ०.८६ हेक्टर ३० - ४० डिग्री भिरालो जमिनमा १४१ घर संख्या र ०.०३ हेक्टर ४० डिग्री भन्दा माथिका भिरालो जमिनमा ४ घर संख्या रहेको देखिन्छ। यो तथ्याङ्कलाई हेर्दा ३० डिग्री भन्दा माथिका भिरालो जमिनमा बनेका घरमा बसोबास गर्ने परिवारलाई राज्यले यथाशीघ्र सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँका अधिकांश बस्तीका घरहरू ढुङ्गा र माटोको गाह्रो र जस्तापाताको छानो भएका छन् । यस गाउँपालिकाका घरहरू बनोटको आधारमा ढुङ्गा र माटोको पर्खाल भएका र जस्ताको छानो भएका सबैभन्दा धेरै १५६० अर्थात् ७१.३ प्रतिशत, आरसीसी पिल्लर भएका ६१५ अर्थात् २८.१ प्रतिशत, र अन्य (खरको छानो, काठको छानो, ढुङ्गाको छानो भएका) १३ अर्थात् ०.५९ प्रतिशत घरहरु रहेका छन् ।

भवन निर्माण संहिता २०७२ अनुसार कुनै प्रयोजनका लागि निर्माण गरिने घरहरु भूकम्प प्रतिरोधी हुनुपर्दछ। राष्ट्रिय जनगणना २०७८ को तथ्यांकलाई विश्लेषण गर्दा यहाँ भूकम्प प्रतिरोधी घरहरू कम प्रतिशत मात्र बनेको देखिन्छ। यहाँको मानव बस्तीको बसोबास ढाँचालाई हेर्दा विभिन्न स्थानहरूमा छरिएर रहेका छन्। जनघनत्व ८२ वर्ग किलोमिटर र प्रति परिवार संख्या ३.९१ जना रहेका छन्। यहाँका बस्तीहरू मध्ये कुनै साना छन् भने कुनै बस्तीमा जनसंख्या पनि अत्यधिक रहेको छ। यसका साथै कतिपय बस्तीहरू छरिएर रहेका छन्। छरिएर रहेका घर बस्तीहरूलाई एकत्रित गर्न सकेको खण्डमा बाटो, खानेपानी, विद्युत्, शिक्षा, स्वास्थ्य लगायत विभिन्न सेवा सुविधाहरूको पहुँच वृद्धि गर्न सकिन्छ। गाउँपालिकाको बसोबासको अवस्थालाई तपसिलको नक्सामा देखाइएको छ।

नक्सा १० : उत्तरगया गाउँपालिकाको बसोबासको स्थिति




**श्रोत:** नापी शाखा

तालिका ९ : उत्तरगया गाउँपालिकाको बसोबासको विवरण

| जमिनको भिरालो पन | घर संख्या | क्षेत्रफल हेक्टर | क्षेत्रफल प्रतिशत |
|---|---|---|---|
| ० - १० डिग्री भिरालो | ३७३ | २.८१ | १९.७६ |
| १० - २० डिग्री भिरालो | १०३० | ६.२६ | ४४.०८ |
| २० - ३० डिग्री भिरालो | ७६९ | ४.२५ | २९.९१ |
| ३० - ४० डिग्री भिरालो | १४१ | ०.८६ | ६.०६ |
| > ४० डिग्री भिरालो | ४ | ०.०३ | ०.२१ |
| **जम्मा** | **२३१७** | **१४.२१** | **१००.००** |

### ३.४.३. भू-स्वामित्वको अवस्था

उत्तरगया गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार गाउँपालिका क्षेत्रमा कृषि कार्यका लागि उपयोग गरिएको कूल जग्गा १४९९४ रोपनी रहेको देखिन्छ। जस मध्ये आफ्नो परिवारको नाममा रहेको १३७६९ रोपनी जग्गा उपयोग गर्ने २०६४ घरपरिवार, आफ्नो घरपरिवार बाहेक अरुको नाममा रहेको ६७३ रोपनी जग्गा उपयोग गर्ने घरपरिवार २०१ र अन्य स्वामित्वको ५५२ रोपनी जग्गा उपयोग गर्ने घरपरिवार ७५ रहेका छन्। साथै यहाँ रहेका कुल घरपरिवारहरु मध्येबाट १९ प्रतिशत घरपरिवार कृषि कार्यका लागि जग्गाको उपयोग गर्ने गरेका छैनन्। जग्गा जमिनको प्रयोग मानिसले विभिन्न कार्यका लागि गरेका छन्। आवास, खाद्यान्न उत्पादन, फलफूल तथा तरकारी खेती, घाँस तथा चरण क्षेत्र, काठ, जडिबुटी तथा वनपैदावार, पशुपालन लगायत विभिन्न आर्थिक क्रियाकलापसँग सम्बन्धित क्षेत्रमा भू-स्वामित्वको उपयोग गरिएको छ।

## ३.५ सामाजिक तथा सांस्कृतिक अवस्था

उत्तरगया गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था अन्तर्गत जनसंख्या, बसाँइसराइँ, जातजाति, भाषाभाषी, चाडपर्व, धर्म, संस्कृति, साक्षरता तथा शैक्षिक स्थिति एवं स्वास्थ्य सम्बन्धी विवरण समावेश गरिएको छ।

### ३.५.१ जनसंख्या संरचना तथा वितरण

राष्ट्रिय जनगणना २०७८ अनुसार उत्तरगया गाउँपालिकाको जम्मा जनसंख्या ८,५५५ रहेको छ र जनघनत्व ८२ प्रति वर्ग किलो मिटर रहेको छ। जसमा महिलाको संख्या ४,३२० अर्थात् ५०.५ प्रतिशत र पुरुषको संख्या ४२३५ अर्थात् ४९.५ प्रतिशत रहेको छ। घरधुरीको संख्या जम्मा २,१८८ रहेको छ। गाउँपालिकाको औसत परिवार संख्या ३.९१ जना प्रति परिवार रहेको छ। जनसंख्याको वितरणलाई हेर्दा गाउँपालिका भित्र सबैभन्दा धेरै जनसंख्या वडा नं. ५ मा जम्मा २९१२ रहेको छ। त्यसैगरी क्रमशः वडा नं ४ मा जम्मा २०४८, वडा नं.२ मा जम्मा १२७७, वडा नं. १ मा जम्मा १२०५, र वडा नं. ३ मा सबैभन्दा कम १११३ जनसंख्या रहेको छ।

तर गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार गाउँपालिकाको कुल घरधुरी २६३२ र जनसंख्या ११४९० रहेको छ जुन राष्ट्रिय जनगणना २०६८ अनुसार १८४६ र ८२५५ जनसंख्या रहेको थियो। वडा अनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ५ मा २८०४ रहेको छ भने सबै भन्दा न्यून वडा नं. ३ मा १६९३ रहेको देखिन्छ। जस अनुसार हालको औषत घरपरिवारको आकार २०६८ मा ४.४७ रहेको थियो भने २०७६ मा ४.३६ हुन आएको छ (तालिका ४)। वर्तमान अवस्थालाई वडागत रुपमा देहाय प्रस्तुत गरिएको छ।

**तालिका १० :** जनसंख्या वितरणको अवस्था

| वडा नं | गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार | | | | | | जनसंख्या वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| | घर परिवार | जनसंख्या | | | औसत परिवार | लैगिंक अनुपात | |
| | | जम्मा | पु | म | | | |
| १ | ६३५ | २६२० | १३३३ | १२८७ | ४.१३ | १०३.५७ | ४.१९ |
| २ | ३९४ | १७८७ | ८९९ | ८८८ | ४.५४ | १०१.२४ | ३.४४ |
| ३ | ४१२ | १६९३ | ८९५ | ७९८ | ४.११ | ११२.१६ | ४.८९ |
| ४ | ४१४ | ४१४ | ४१४ | ४१४ | ४१४ | ४१४ | ४१४ |
| ५ | ६०८ | २८०४ | १४२७ | १३७७ | ४.६१ | १०३.६३ | ३.६९ |
| **जम्मा** | **२६३२** | **११४९०** | **५८८९** | **५६०१** | **४.३६** | **१०५.४६** | **४.१३** |

**श्रोत:** गाउँपालिकाको वस्तुगत स्थिति विवरण २०७६

### ३.५.२ जातजातिगत अवस्था

उत्तरगया गाउँपालिकामा मूलतः आदिवासी जनजाति समुदायको बाहुल्यता रहेको पाइन्छ। उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिती विवरण २०७६ अनुसार यस गाउँपालिमा जनजाति ६६.३० प्रतिशत, ब्राह्मण/क्षेत्री २९.४८ प्रतिशत र दलित ४.२२ प्रतिशत जनसंख्या रहेको छ। यस गाउँपालिकामा बसोवास गर्ने समुदायहरू बहुभाषिक र बहुजातीय भएको हुँदा भाषिक, सामाजिक, सांस्कृतिक, जातिगत र धार्मिक विविधता समेत रहेको छ।

**तालिका ११ : जातजातिगत अवस्था**

| वडा नम्बर | जातिगत आधारमा घरपरिवार संख्या | | | |
|---|---|---|---|---|
| | पहाडी ब्राहृमण/क्षेत्री | पहाडी आदिबासी जनजाति | पहाडी दलित | जम्मा |
| १ | १ | ६३४ | ० | ६३५ |
| २ | १२६ | २६६ | २ | ३९४ |
| ३ | ३५ | ३४८ | २९ | ४१२ |
| ४ | १६१ | ४०१ | २१ | ५८३ |
| ५ | ४५३ | ९६ | ५९ | ६०८ |
| **जम्मा** | **७७६** | **१७४५** | **१११** | **२६३२** |
| **प्रतिशत** | **२९.४८** | **६६.३०** | **४.२२** | **१००** |

**श्रोत:** गाउँवस्तुस्थिति विवरण २०७६

### ३.५.३ धार्मिक अवस्था

उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार हिन्दु, बौद्ध, क्रिश्चयन, आदि धर्मावालम्बीहरूको बसोबास रहेको पाइन्छ। यी मध्ये सबैभन्दा बढी बौद्ध ५२.६३ प्रतिशत, हिन्दु ४३.५६ प्रतिशत र क्रिश्चियन ३.८१ प्रतिशत धर्मावलम्बीहरू रहेका छन्। धार्मिक विविधतामा आपसी सहिष्णुताका साथ जीवन निर्वाह गर्नु यस पालिकाको धार्मिक विशेषता हो।

### ३.५.४ जनशक्तिको संरचना
राष्ट्रिय जनगणना २०७८ अनुसार उत्तरगया गाउँपालिकामा सरदर परिवारको आकार ३.९१ रहेको छ। गाउँपालिकामा आर्थिक रूपमा सक्रिय जनसंख्या ७०.७ प्रतिशत रहेको देखिन्छ। यी आर्थिक रूपमा सक्रिय जनसंख्या मध्ये ९२.६ प्रतिशत रोजगार र ७.४ प्रतिशत बेरोजगार रहेको देखिन्छ। पेशाको आधारमा करिब ६३.६ प्रतिशत जनसंख्या कृषि पेशामा आबद्ध रहेको छ। त्यसैगरी रोजगारीको अन्य क्षेत्रहरूमा करिब ४.४ प्रतिशत सरकारी, २३.१ प्रतिशत अन्य संगठित संघसंस्थामा कार्यरत छन्।

### ३.५.५ बसाईंसराइको वर्तमान अवस्था
बदलिँदो विश्व परिवेश र मानिसको जीवन शैलीमा आएको परिवर्तनसँगै हरेक मानिसले दिनानुदिन सुखको खोजी गरिरहेका छन्। दुर्गमबाट सुगम स्थानको खोजी गरी सुविधायुक्त जीवन बिताउने क्रममा मानिसले बसाइँसराइ गर्ने गर्दछन्। यो प्रवृत्तिले उत्तरगया गाउँपालिकालाई पनि प्रभावित पारेको छ। भौगोलिक विकटता, यातायातका साधनको सहज र गुणस्तरीय पहुँचको अभाव, शिक्षा, स्वास्थ्य, सुरक्षित आवासको अभावबाट मुक्त भइ सुविधायुक्त जीवन ज्यूनका लागि यस पालिकाबाट काठमाण्डौं, नुवाकोट, गल्छी लगायत विभिन्न स्थानमा बसाइँसराइ गर्ने गरेका छन्। साठीको दशकदेखि बसाइँसराइ गर्ने प्रवृतिमा परिवर्तन आइ आफ्नो पुर्ख्यौली थलोमा नबस्ने तर त्यहाँको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक आदि अधिकारहरूको उपयोग गर्ने प्रचलनका कारण कानुनी रूपमा बसाइँसराइको अवस्थालाई एकिन गर्न गाह्रो रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार, उत्तरगया गाउँपालिकामा जम्मा २.७ प्रतिशत जनसंख्या अन्य स्थानमा बसाइँसराइ गरी गएको देखिन्छ।

### ३.५.६ वैदेशिक रोजगारीमा रहेको जनशक्ति
विकास उन्मुख देशका युवा जनशक्तिको रोजगारीको मूल आधार वैदेशिक रोजगारी रहिआएको छ। उत्तरगया गाउँपालिकाका युवा जनशक्तिको सोचमा आएको परिवर्तन, अस्वस्थ आर्थिक प्रतिष्पर्धा, गुणस्तरीय जीवन निर्वाहका लागि आवश्यक रोजगारीको अभाव, सीप, क्षमता र दक्षता अनुसारको रोजगारीको अभाव, युवा मानसिकतामा बढेको वैदेशिक रोजगारी प्रतिको मोहका कारण युवा शक्ति वैदेशिक रोजगारीमा जाने चलन रहेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार उत्तरगया गाउँपालिकाका नागरिकहरु मध्ये करिब १६.७ प्रतिशत व्यक्ति रोजगारीका लागि नेपालको विभिन्न स्थानमा कार्यरत रहेका छन् भने करिब १६.२ प्रतिशत व्यक्ति विभिन्न देशमा वैदेशिक रोजगारीका सिलसिलामा कार्यरत रहेका छन्। लैगिंक आधारमा हेर्दा ५७.७ प्रतिशत पुरुष र ४२.३ प्रतिशत महिला वैदेशिक रोजगारीका सिलसिलामा विभिन्न देशमा कार्यरत छन्। गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार यस गाउँपालिकाबाट बैदेशीक रोजगारीका लागि विभिन्न देश जाने व्यक्तिहरुको कूल संख्या ५३३ जनाहरु रहेका छन्। यी मध्ये सबैभन्दा उच्च संख्यामा खाडी मुलुक जाने ३०७ जना रहेका छन्।

### ३.५.७ चाडपर्व तथा जात्रा
सांस्कृतिक विविधतामा आपसी एकतामा रमिरहेको नेपाली समाजमा चाडपर्व तथा जात्राले मनोरञ्जन दिनुका साथै आपसी भातृत्व र सहिष्णुता कायम गरेको हुन्छ। क्रगया गाउँपालिका चाडपर्व, स्थानीय मेला तथा जात्राका दृष्टिकोणले सुसम्पन्न रहेको छ। जसमा दशैं, तिहार, ल्होसार, चण्डीपूर्णिमा, बुद्ध जयन्ती, हरितालिका तिज, क्रिस्मस, माघेसंक्रान्ति, रामनवमी, फागुपूर्णिमा आदि रहेका छन्।

### ३.५.८ भाषाभाषी तथा भेषभूषा
पहाडी आदीबासी जनजाती, पहाडी ब्राह्मण क्षेत्री र पहाडी दलित जातजातीको मिश्रित बसोवास रहेको यस गाउँपालिकामा विभिन्न समुदायका बीचमा बोलिचालीको माध्यम भाषा नेपाली रहेको छ। तर तामाङ आफ्नो जातीय परम्परा र प्रचलन अनुसार यहाँका मानिसले भेषभूषा र पहिरणको प्रयोग गर्ने गर्छन्। धार्मिक, सामाजिक, सांस्कृतिक र जात्रा तथा पर्वहरुमा आफ्नो परम्परागत जातीय पहिरनमा सजिएर आफ्नो परिचय र पहिचान देखाउन चाहनु यहाँका मानिसको मुख्य विशेषता रहेको छ। भेषभुषाका रुपमा पुरुषहरुले मुख्य रुपमा भाँग्रा, बख्खु, दौरा सुरुवाल, कोट, टोपी, र महिलाले घलेक, कुर्ता सुरुवाल, गुन्यु, साडी, चोली लगाउने गर्दछन्। उत्तरगया गाउँपालिकाको गाउँवस्तुस्थिति विवरण २०७६ अनुसार गाउँपालिका भित्र नेपाली भाषा बोल्ने जनसंख्या ६०.१५ प्रतिशत र तामाङ भाषा बोल्ने जनसंख्या ३९.८५ प्रतिशत रहेको छ भएतापनि वडास्तरीय समुह केन्द्रित छलफल गर्दा यस गाउँपालिका तामाङ, गुरुङ र जनजातिहरुको जनसंख्या पनि बढी र भाषाको हिसाबले पनि तामाङ भाषा नै बढी नागरिकहरुले बोलेको पाईयो।

### ३.५.९ शैक्षिक अवस्था
शिक्षा क्षेत्रको विकास देश विकासको मूल आधार हो। दिगो, गुणस्तरीय र समयसापेक्ष रूपमा शिक्षा क्षेत्रको विकास भएमा देश विकास सहि ढंगले हुन सक्छ। उत्तरगया गाउँपालिकाको दीर्घकालीन विकासका लागि शिक्षा क्षेत्रको विकास कोशेढुंगा सावित हुन्छ। यस गाउँपालिका क्षेत्रभित्र १५ वटा आधारभूत र ४ वटा माध्यामिक विद्यालय गरी जम्मा १९ वटा सामुदायिक विद्यालय रहेका छन्। स्नातक तहको अध्यापन गराउन गाउँपालिकामा क्याम्पस रहेको छ भने एउटा संस्थागत विद्यालय समेत रहेको छ।

गाउँपालिकाभित्र रहेका कुल १९ विद्यालयमा अध्ययन गर्ने तहगत छात्रछात्राहरुको संख्या हेर्दा पूर्व प्राथमिक तहमा १७३ छात्र र १६४ छात्रा गरी ३३७ जना, आधारभूत तहमा ४७४ छात्र र ५११ छात्रा गरी ९८५ जना र माध्यमिक तहमा १२६ छात्र र १७० छात्रा गरी २९६ जना विद्यार्थीहरु रहेको पाइन्छ। समग्रमा गाउँपालिकाभित्र रहेका विद्यालयमा छात्र ७७३ र छात्रा ८४५ गरी जम्मा १६१८ जना विद्यार्थी अध्ययनरत रहेको देखिन्छ।

गाउँपालिका भित्र रहेका विद्यालयहरूको पठनपाठन क्रियाकलापलाई अगाडि बढाउनका लागि गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुमा स्वीकृत दरबन्दीमा प्राथमिक तहको ६४ जना निम्न माध्यमिक तहको १४ जना माध्यमिक तहको १३ जना त्यसैगरी राहत दरबन्दीमा प्राथमिक तहको ३ जना निम्न माध्यमिक तहको ५ जना माध्यमिक तहको ५ जना साथै संघीय अनुदानतर्फ निम्न माध्यमिक तहको १ जना र उच्च माध्यमिक तहको ५ जना शिक्षकहरु तथा प्राविधिक प्रशिक्षक ८ जना बालविकास सहजकर्ता २१ जना विद्यालय सहयोगी २२ जना कार्यरत छन्।

गाउँपालिका भित्रका विद्यालयको भौतिक अवस्थाको विश्लेषण गर्दा यहाँ रहेका विद्यालयहरुमा सबै पक्की भवन रहेका छन् । सबै विद्यालयमा शौचालयको व्यवस्था रहेको छ। सातवटा विद्यालयमा सूचना प्रविधी प्रयोगशाला रहेको छ।

उत्तरगया गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसंख्या ८५५५ को ६१४२ अर्थात ७१.८ प्रतिशत जनसंख्या साक्षर रहेको देखिन्छ। यसमध्ये पुरुष साक्षरता दर ७८ प्रतिशत र महिला साक्षरता दर ६५.६ प्रतिशत रहेको छ।

### ३.५.१० स्वास्थ्य सेवा तथा सुविधाको अवस्था

उत्तरगया गाउँपालिका मानव विकास, पूर्वाधार क्षेत्रको विकास र स्वास्थ्य क्षेत्रको विकासका सूचकांकका दृष्टिले राष्ट्रिय आँकडाभन्दा केहि पछि परेको देखिन्छ। भौगोलिक विकटता तथा सामाजिक चेतना, आर्थिक अवस्था, साँस्कृतिक मूल्य, मान्यता र परम्परागत जातीय तथा धार्मिक मान्यताका कारण समुदायका मानिसहरू स्वास्थ्य सेवाबाट बञ्चित भएका छन्।

उत्तरगया गाउँपालिकामा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न ३ वटा स्वास्थ्य चौकी, ३ वटा सामुदायिक स्वास्थ्य ईकाई र २ आयुर्वेद औषधालय गरी ८ वटा स्वास्थ्य संस्थाहरू रहेका छन्। यस गाउँपालिकामा सरकारी स्वास्थ्य संस्था, निजी स्तरका क्लिनिक तथा मेडिकलहरूले स्वास्थ्य सेवा प्रदान गरिरहेका छन्। सामन्यतः यस गाउँपालिकाका मानिसहरू बिरामी हुँदा सर्वप्रथम स्वास्थ्य चौकी र औषधी पसल जाने गरेका छन्। तथापि अझैपनि केही स्थानबाट स्वास्थ्य केन्द्र पुग्न २/३ घण्टा हिड्नुपर्ने बाध्यता रहेको छ।

गाउँपालिका भित्र रहेका ८ वटा स्वास्थ्य संस्थाहरुमा उपलब्ध स्वास्थ्य सेवाको अवस्था हेर्दा सुरक्षित मातृत्व, पोषण तथा परामर्श सेवा सबै संस्थामा उपलब्ध रहेको देखिन्छ। तथापि कुनै पनि स्वास्थ्य संस्थामा रक्तसंचार सेवा, फार्मेसी र आँखा उपचार सेवाको उपलब्धता छैन । गाउँपालिकाभित्र शीघ्र स्वास्थ्य उद्धारका लागि एम्बुलेन्स सेवा सञ्चालनमा रहेको छ । स्वास्थ्य सेवामा कार्यरत जनशक्तिको स्विकृत दरबन्दी जम्मा २० जनाको रहेकोमा हाल पालिकामा १७ जना स्वास्थ्यकर्मी कार्यरत रहेका छन् भने ४४ जना महिला स्वयं सेविका रहेका छन्।

राष्ट्रिय स्तरमा निर्धारण गरिएका राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत उत्तरगया गाउँपालिकाले पालिका भित्रका स्वास्थ्य संस्थाहरु मार्फत खोप सेवाका साथै गर्भजाँच, परिवार योजनाका साधनहरू वितरण र परामर्श सेवाहरू प्रदान गरिरहेका छन्। गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार उत्तरगया गाउँपालिका भित्र ५ वर्ष भित्रका बालबालिकाको संख्या ४५५, २ वर्ष मुनिका २१५ जना र १ वर्ष मुनिका १४१ जना बालबालिका रहेका छन्। गाउँपालिका भित्र विसिजी, जापानिज इन्सफलाइटिस, पोलियो, दादुरा रोग विरुद्ध खोप लिने बालबालिकाको संख्या उल्लेख्य देखिन्छ। जस मध्ये ९८ बालबलिकाले विसिजी, १३० बालबालिकाले पेण्टाभ्या लेण्ट, १३० बालबालिकाले पोलियो तेश्रो, १२० बालबालिकाले दादुरा, १११ बालबलिकाले जापानिज इन्सफलाइटिस (जे.ई.) को खोप लिएका छन्। विगत ५ वर्ष भित्रमा गाउँपालिकामा बाल स्वास्थ्य तथा मातृस्वास्थ्यको अवस्था निकै सन्तोषजनक रहेको छ। जसअनुसार गत १ वर्षमा मातृमृत्यु ० रहेको तथा बालमृत्यु दर १ जना रहेको छ, शिशु मृत्यु ५ जना छन्।

राष्ट्रिय सुरक्षित मातृत्व कार्यक्रमको मुख्य लक्ष्य मातृ तथा नवजात शिशु रोग र मृत्युदर घटाउने, निवारण गर्ने र प्रवर्द्धनात्मक गतिविधि मार्फत् गर्भावस्था, बच्चाको जन्म र प्रशवपछिको अवधिमा मृत्यु निम्त्याउने कारकलाई निदान गरी मातृ तथा नवजात शिशुको स्वास्थ्यमा सुधार गर्नु रहेको छ। गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार स्वास्थ्य मापदण्ड अनुसार पूरा अवधी गर्भ परीक्षण गराउन आउने महिलाको संख्या ४९.५ प्रतिशत मात्र रहेको छ। यसरी हेर्दा गर्भवती महिलालाई स्वास्थ्य मापदण्ड अनुसार पूरा अवधी गर्भ परीक्षण गराउनका लागि महिला स्वास्थ्य स्वयमूसेविका मार्फत चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ। साथै संस्थागत रुपमा स्वास्थ्य केन्द्रमा सुत्केरी हुनका लागि जनचेतनामूलक सहजीकरण कार्यक्रम सञ्चालन, दक्ष प्रसूतिकर्मीको व्यवस्था, पूर्वाधारको पर्याप्तता गरी सामाजिक मूल्य र मान्यतामा परिवर्तन ल्याउनु पर्ने देखिन्छ। उत्तरगया गाउँपालिकाको आधुनिक परिवार योजना विधिको लागि अस्थाइ गर्भनिरोधक प्रचलन दर (CPR)

२४.२३ प्रतिशत मात्र देखिएको छ। गर्भनिरोधक प्रचलन दर कम देखिनुको मुख्य कारण जनचेतनाको कमी, सामाजिक मूल्यमान्यता, वैदेशिक रोजगारी आदि पर्दछन्।

### ३.६ आर्थिक अवस्था

उत्तरगया गाउँपालिकाको आर्थिक अवस्थाको मुख्य मेरुदण्डका रूपमा कृषि व्यवसाय रहेको छ। तथापि अधिकांश कृषकहरू निर्वाहमुखी कृषिमा निर्भर रहेका छन्। यस पालिकाको कृषिलाई व्यावसायिक र आधुनिक कृषि प्रणालीमा जोड दिनुपर्ने देखिन्छ। कृषि क्षेत्रलाई व्यावसायिक र उत्पादनमुखी बनाउन सकेमा आर्थिक समृद्धिका आधारहरू तय हुने, स्वदेशमै रोजगारी सृजना हुने र पालिकाले आर्थिक समृद्धिको आधार निर्माण हुने देखिन्छ। मध्य पहाडी क्षेत्रमा उत्पादन गर्न सकिने तरकारी, फलफूल, खाद्यान्न, दलहन तथा नगदे बाली र पशुपंक्षीजन्य उद्यमहरू संचालन गर्नका लागि उपयुक्त भौगोलिक बनावट रहेको पाइन्छ।

ऐतिहासिक, धार्मिक, प्राकृतिक ताल, तलैया, झरना, लेकाली घाँसे मैदान, तटीय क्षेत्रहरुले गाउँपालिकाको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्। गाउँपालिकाको विभिन्न भूभाग भएर बग्ने काम्लुङ खोला, मैलुङ खोला, त्रिशुली खोला, भाङ्गे खोला, करेली देउढुङ्गा, फन्जु खोला, भ्यागुते खोला, महभिर, अधेरी खोला, काभ्रे खोला, फलाखु खोला र यिनका सहायक खोला तथा नदीको जल उपयोग गरी सिंचाइ, जलविहार, जलविद्युत् जस्ता क्षेत्रमा दिगो उपयोग गर्न सके पालिकाको आर्थिक समृद्धिको आधार निर्माण हुने देखिन्छ। उत्तरगया धाम, पर्यटकीय पदमार्ग, वडा नं. ३ को भूमेस्थान देवीस्थान मन्दिर, ठूलो आँगन बौद्ध स्तुपा र महभीर, वडा नं. ४ मा रहेको ऐतिहासिक घलेगढी, कमारेगढी, वडा नं. २ मा रहेको रमणीय स्थल बाँस्तोला, भाँगेखोला झरना, साहसिक खेलको रुपमा त्रिशुलीमा जलपर्यटन, वडा नं. २ मा रहेको गुरुङ साँस्कृतिक सूचना केन्द्र जस्ता पर्यापर्यटनका क्षेत्रहरूको संरक्षण, प्रवर्द्धनर प्रचार प्रचार गरी पर्यटकका लागि आकर्षकको केन्द्र बनाउन सकिने देखिन्छ। प्राकृतिक, सामाजिक, सांस्कृतिक र पर्यटन क्षेत्रको विकास र विस्तार गर्न सके पालिका भित्रै रोजगारीको सृजना हुनुको साथै समृद्धिका आधारहरू निर्माण हुन सक्ने देखिन्छ। ठुला तथा साना र परम्परागत घरेलु उद्योग संचालन तथा व्यवस्थापन गरी पालिकाको आर्थिक क्रियाकलाप संचालन गर्न पासाङ ल्हामु राजमार्गले यस पालिकालाई राष्ट्रिय सञ्जालमा जोडी व्यापार व्यावसायको ढोका खोलेको छ।

#### ३.६.१ कृषि

उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार गाउँपालिका भित्रको जम्मा जमिन १३२२६ रोपनी मध्ये १२४१७ रोपनी अर्थात् ९३.८८ प्रतिशत जमिनमा खेती गरिएको छ भने २१०७ रोपनी अर्थात् १५.१९ प्रतिशत जमिन बाँझो रहेको छ। उक्त जमिनमा बसो बास गर्ने जनसंख्याको आफ्नो स्वामित्वमा भएको जग्गालाई खेत, पाखो बारी, आवासीय, व्यापारिक र अन्य गरी उपयोग गरिएको छ। खेतीयोग्य जमिन मध्ये ३८ प्रतिशत जमिन खेत र ६२ प्रतिशत जमिन बारी रहेको छ। गाउँपालिकाका पैरेबेसी, वोगटीटार, कैदेलटार लगायतका स्थानहरू खाद्यान्न उत्पादनका दृष्टिले महत्वपूर्ण मानिन्छन्।

उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार करिब ७८.४ प्रतिशत परिवारसँग आफ्नो नाममा खेतीयोग्य जमिन रहेको छ। त्यसमध्ये करिब १०.२५ प्रतिशत जमिनमा मात्रै बाह्र महिने सिंचाईको सुविधा रहेका छ। यस गाउँपालिकाका केही वडाहरूमा सीमित परिवारहरूले आफ्ना जमिन अरुलाई कमाउन दिएका छन् भने केहीले अरुको जमिन कमाएका पनि छन्। समग्रमा यस गाउँपालिकामा ७.६ प्रतिशत परिवारहरूले अरुको नाममा रहेको जमिन, २.८ प्रतिशत परिवारहरुले अन्य स्वामित्वको जमिन उपयोग गरेका छन् भने १९ प्रतिशत घरपरिवार कृषि कार्यका लागि जमिनको उपयोग गारेको देखिन्छ।

उत्तरगया गाउँपालिका गाउँवस्तुस्थिति विवरण २०७६ अनुसार यस गाउँपालिकामा किसान परिवारले १५८८३६ क्विन्टल अन्नवाली उत्पादन गरि ८४२३७ क्विन्टल बिक्रि गर्ने गरेको देखिन्छ। दलहन वाली २३१३ क्विन्टल उत्पादन गरि ५० क्विन्टल बिक्री र २०८० क्विन्टल उत्पादित तेलहन बालीमा ८० क्विन्टल बिक्री भएको देखिन्छ।

किसान परिवारले सरदर ९४० रोपनी जमिनमा विभिन्न किसिमका तरकारी खेती गरी वार्षिक करिब ११८५० क्विन्टल उत्पादन गरेकोमा बिक्री १७५८ क्विन्टल गरेका छन्। साथै गाउँपालिकामा किसान परिवारले विभिन्न किसिमका मौसमी फलफूल खेती गर्ने गरेको देखिन्छ। सरदरमा उत्पादन करिब ३९९० क्विन्टल र बिक्री ३०२ क्विन्टल रहेको देखिन्छ। बदलिंदो समयसँगै फलफूल उपभोग गर्ने उपभोक्तामा आएको वृद्धि र बजारीकरणसँगै पछिल्लो समय फलफूल खेती प्रति क्रमशः आकर्षण बढदै गइरहेको छ। किसान परिवारहरुले विभिन्न किसिमका नगदे बाली ७०६ रोपनी जमिनमा खेती गरी वार्षिक सरदर करिब १०५२७ क्विन्टल नगदे बाली उत्पादन गर्ने गरेको देखिन्छ। जसमध्ये १९१६ क्विन्टल बिक्री गर्ने गरेको देखिन्छ। यस पालिकाका विभिन्न खेतीयोग्य बस्तीहरूमा अदुवा, अलैची, आलु, भटमास तोरी, प्याज, लसुन, सुन्तला, मौसम, कागती आदि मसला तथा फलफूलजन्य खेती प्रशस्त मात्रामा हुने भएकाले मसलाजन्य तथा फलफूलजन्य खेती गर्ने परिवार संख्या र उत्पादनको अवस्था सन्तोषजनक रहेको देखिन्छ। गाउँपालिकामा मौरीपालनसमेत हुने गरेको देखिन्छ। १९३ घार मौरीबाट मह उत्पादन हुने गरेको छ।

तथापि उत्पादित वीउविजनको विक्री वितरणका लागि भरपर्दो बजार व्यवस्थाको सुनिश्चितताको अभावमा वीउ उत्पादन कार्यमा ह्रास आइरहेको छ भने परम्परागत कृषि प्रणालीमा आधारित रहेकाले कृषि पेशा केवल जीविकोपार्जनमा मात्र सीमित हुन पुगेको छ। परम्परागत कृषि प्रणालीमा प्रविधिकरण गरी कृषकहरूलाई व्यावसायिक बनाई आधुनिक कृषि प्रणालीमा जोड दिएमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन सकिने सम्भावना रहेको छ।

### ३.६.२ पशुपंक्षी पालनको अवस्था

उत्तरगया गाउँपालिकामा पशुपालनको रूपमा गाई, भैंसी, भेडा, बाख्रा, कुखुरा, हाँस, सुँगुर, बँगुर आदि पालन गर्ने प्रचलन रहेको छ। पशुपालनको यो परम्परागत प्रचलनलाई व्यावसायिक बनाउन नसक्दा कृषकहरूले अपेक्षित लाभ लिन सकिरहेका छैनन्। पशुपालनका लागि हावापानी, चरण क्षेत्र, खर तथा डाले घाँसको स्रोत, पानीको पर्याप्तता र परम्परादेखि पशुपालनप्रति स्थानीय कृषकहरूको लगावलाई हेर्दा यो गाउँपालिका पशुपालनका दृष्टिले राम्रो सम्भावना रहेको छ। व्यावसायिक पशुपालन गरी आर्थिक उपार्जनका माध्यमबाट जीवनस्तर मा सुधार ल्याउन कृषकहरूको क्षमता विकास गरी वित्तीय लगानी सुनिश्चित गर्नुपर्ने देखिन्छ।

उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार गाउँपालिकामा ५१.९ प्रतिशत परिवारले पशुपंक्षी पालिन गर्दछन्। उत्तरगया गाउँपालिकामा ३० प्रतिशत घरपरिवारले पशुपंक्षीजन्य उत्पादन बिक्री गर्ने गरेको र उत्पादन बिक्रीबाट वार्षिक २० लाख ५२ हजार ९ सय ५३ रुपैया आम्दानी गर्ने गरेको देखिन्छ। गाउँपालिकामा पशुपालन तथा दुधजन्य उत्पादनको अवस्था हेर्दा ३४६ गाई गोरु, ९३१ भैसी तथा राँगा र बंगुर १५३९ वटा रहेका छन्। पशुपालनबाट वार्षिक १३९५ लिटर दुध तथा घ्यू उत्पादन हुने गरेको देखिन्छ। मासुजन्य पशुपंक्षी पालनको अवस्था हेर्दा ५४९१ भैंडा बाख्रा, ३५३७१ कुखुरा तथा हाँस र ७३ अन्य मासुजन्य पशुपंक्षी रहेका छन्। यी पशुपंक्षी पालनबाट वार्षिक १६३३५६० किलोग्राम मासुको उत्पादन हुने गरेको र भैसी तथा राँगा र बंगुरबाट २४३७० के.जी. मासुको उत्पादन हुने गरेको देखिन्छ।

### ३.६.३ खाद्यान्न उत्पादन र आमनिर्भरता

उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार वार्षिक रूपमा सबै भन्दा बढी मकै उत्पादन हुने गरेको देखिन्छ। दोस्रोमा गहुँ , तेस्रोमा धान तथा  कोदो लगायतका खाद्यान्नहरु उत्पादन हुने गरेको देखिन्छ। १४६८९ रोपनी जमिनमा १५८८३६ क्विन्टल अन्नबाली, १११ रोपनी जमिनमा २३१३ क्विन्टल  दलहन बाली र ४७४ रोपनी जमिनमा २०८० क्विन्टल तेलहन बाली उत्पादन हुने गरेको देखिन्छ। यी उपजहरु बढीमा जम्मा उत्पादनको ०.५३ प्रतिशत विक्रि हुने गरेको देखिन्छ। तरकारी, फलफुल र नगदेबाली खेतीको अवस्था हेर्दा ९४० रोपनी जमिनमा ११८५० क्विन्टल तरकारी, १९६ रोपनी जमिनमा ३९९० क्विन्टल फलफुल र ७०६ रोपनी जमिनमा १०५२७ क्विन्टल नगदेबाली उत्पादन हुने गरेको छ। पारिलो भूबनोट, उर्वरायुक्त पाङ्गो माटो, साना तथा घना जंगलले घेरिएको ठाउँ भएकाले प्रायः माटोमा ओसिलोपना भइराख्ने भूबनोटको विशेषताका कारण खाद्यान्न उत्पादनका हिसाबले यो गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। यस गाउँपालिकामा मकै, गहुँ, कोदो तथा फापर, दलहन तथा ताजा तरकारी उत्पादनले आर्थिक क्षेत्रमा योगदान कायम राखेको छ।

उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार ८.२८ प्रतिशत परिवारलाई एक वर्षभन्दा बढी र २२.३४ प्रतिशत परिवारलाई वर्षैभरी खान पुग्ने खाद्यान्न आफैँ उत्पादन गर्ने गरेको देखिन्छ। त्यस्तै २१.२७ प्रतिशत परिवारले ९ महिना देखी वर्ष दिन खान पुग्ने, २०.९७ प्रतिशतले ७-९ महिनासम्म, ३७.२७ प्रतिशतले ४-६ महिनासम्म र १४.१३ प्रतिशतको आफ्नो उत्पादनले तीन महिना भन्दा कम खान पुग्ने बताएका छन्। समग्रमा यस गाउँपालिकाका किसान परिवारहरूलाई आफ्नो परिवारले उत्पादन गरेको खाद्यान्नले करिब १४.१३ प्रतिशत परिवारलाई ६ महिनासम्मलाई मात्र पर्याप्त हुने देखिन्छ।

### ३.६.४ उद्योग तथा वाणिज्य

रसुवा जिल्लाको दक्षिणी पश्चिम भागमा अवस्थित यो पालिका भौगोलिक, यातायात सञ्जालको पहुँच र अन्तरजिल्ला व्यावसायिक पहुँचका दृष्टिकोणले औधोगिकीकरणका लागि उपयुक्त स्थान रहेको छ। प्राकृतिक स्रोत साधन, खनिजजन्य पदार्थ, बहुमूल्य जडिबुटी, वनपैदावर आदिका दृष्टिले सम्पन्न छ। उद्योग व्यापार तथा वाणिज्य क्षेत्रको विकासका लागि यी स्रोत र साधनहरु महत्वपूर्ण रहेका छन्। उच्च तथा वातावरणीय स्वच्छतायुक्त बस्तीहरूमा पर्यावरण मैत्री उद्योगहरू संचालन गर्नु उपयुक्त मानिन्छ। उद्योग तथा व्यापार व्यवसायको सोच भएका युवाहरू र परम्परागत रूपमा घरेलु तथा कुटिर उद्योग चलाएका व्यक्तिहरूलाई आधुनिक औद्योगिक ज्ञानको विकास गराई स्थानीय स्रोत, साधन, सीप, बजारको माग र संभावित उद्यमीको चाहनालाई एकीकृत गर्न सकेमा नयाँ व्यवसायहरू सञ्चालन गरी आर्यआर्जनमा वृद्धि गर्न सकिने सम्भावना रहेको छ। उद्यम विकासका लागि पूर्व तयारी कार्य, स्रोत साधनको सर्भेक्षण, लक्षित समूह पहिचान, बजारको माग अध्यावधिक गर्न सके साना तथा कुटिर उद्योग सञ्चालन गर्नसक्ने सम्भावना छ। युवा पुस्तालाई स्वरोजगारमूलक बनाउन साना तथा मझौला उद्योगहरूलाई प्रविधिकरण, वित्तीय सेवामा पहुँच विस्तार र उत्पादित वस्तुको बजारीकरण गर्न आवश्यक

उद्यमशील ज्ञान तथा सीपको विकास गराउन सकिने सम्भावना रहेको छ। गाउँपालिकाको पार्श्वचित्र २०७६ अनुसार विभिन्न प्रकारका स्थापित उद्योग ६ वटा छन्। साथै ९ वटा परम्परागत घट्ट, १० वटा सुधारिएको घट्ट र २ वटा विद्युत मिल, ६ वटा कृषि संकलन केन्द्र र एउटा जडिबुटी संकलन केन्द्र रहेको छ।

### ३.६.५ पर्यटन क्षेत्रको अवस्था

उत्तरगया रसुवा जिल्लाको दक्षिण पश्चिमी मोहडामा अवस्थित रहेको छ। होचा, अग्ला, चुच्चे डाडाँकाँडा तथा खोच र ती खोच भएर बग्ने साना ठुला खोलाहरू, उपल्ला पहाडी बस्तीहरू जंगल, सहितका अग्ला पहाडहरू र ती पहाडी बस्तीको स्वच्छ हावा पानी तथा निश्चल पहाडी जीवन शैली यस पालिकाका पर्यटकीय आकर्षणका मुख्य आधारहरू हुन्।

उत्तरगया गाउँपालिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ। जातीय रूपमा जनजातिमा विशेष गरी तामाङ, गुरुङ, दलित, बाहुन र क्षेत्री समुदायको मिश्रित बसोबास रहेको छ। यहाँ तामाङ समुदायको बाहुल्यता अधिक रहेको छ। यहाँ विभिन्न किसिमका सम्पदाहरू रहेका छन्। ऐतिहासिक तथा धार्मिक आकर्षणका रूपमा भुमेदेवी, तिरु भुमेदेवी, फिकुरी, भुमेस्थान, ठुलो आँगन बौद्ध, ठुलो आगन बौद्ध स्तुपा र महभीर, घलेगढी, कमारेगढी, उत्तरगया धाम आदि रहेका छन्।

प्राकृतिक सौन्दर्य र जैविक विविधताको अवलोकन तथा मनोरञ्जनका लागि लाङ्गटाङ्ग राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्रका पर्यटकीय पदमार्गहरु, त्रिशुली खोला, भाँगेखोला झरना आदि रहेका छन्। सांस्कृतिक आकर्षणका रूपमा जातीय परम्परा अनुसार चाडवाड, पूजाआजा, धार्मिक विश्वास, मौलिक सांस्कृतिक मूल्य मान्यता तथा वडा नं. २ मा रहेको गुरुङ साँस्कृतिक सूचना केन्द्र रहेका छन्। यस पालिकाका ऐतिहासिक, धार्मिक, प्राकृतिक र पुरातात्विक महत्वका पर्यटकीय स्थलहरूले आकर्षित गर्ने गरेको छ। बदलिँदो जीवन शैलीसँगै प्राकृतिक जीवनबाट कृत्रिम जीवन बिताइरहेका मानिसहरूलाई आन्तरिक पर्यटकको रूपमा र वाह्य पर्यटकहरू समेत यस पालिकामा विभिन्न पर्यटकीय उद्देश्यले भित्रिरहेका छन्। व्यवस्थित रूपमा पर्यटक आगमनको अभिलेखीकरण नहुँदा वास्तविक तथ्याङ्कको अभाव देखिन्छ। यहाँ आउने पर्यटकका लागि आरामदायी सुविधायुक्त स्थानीय मौलिकतामा आधारित होम स्टेको व्यवस्था गर्न सकेमा पर्यटन क्षेत्रको राम्रो विकास हुने देखिन्छ। यी पर्यटकीय स्रोतहरूको व्यवस्थित रूपमा मर्मत सम्भार, संरक्षण, सम्वर्द्धन र विकास गरी प्रचार प्रसार गर्न आवश्यक छ।

### ३.६.६ वित्तीय संस्थाहरू र सहकारी

वित्तीय संस्थाहरू बैंक, सहकारी र लघुवित्त आर्थिक क्षेत्रको गतिशिलताका लागि महत्वपूर्ण पक्षहरू हुन्। उत्तरगया गाउँपालिकामा वित्तीय संस्थाका रुपमा एउटा वाणिज्य बैंक, ८ वटा लघु वित्त संस्था र १८ वटा सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन्। गाउँपालिका भित्र ९५ प्रतिशत घरपरिवारले बैङ्क तथा वित्तीय संस्थाहरुमा खाता खोलेर आर्थिक कारोबार गर्ने गरेका छन् भने ५ प्रतिशत घरपरिवारको बैंक तथा वित्तीय संस्थामा अझै पहुँच पुग्न बाँकी रहेको देखिन्छ।

**तालिका ११ : उत्तरगया गाउँपालिका भित्र रहेका बैंक तथा वित्तीय संस्था र सहकारी सम्बन्धी विवरण**

| क्र.स. | बैंक तथा सहकारी संस्थाको नाम र ठेगाना | वडा नं. |
|---|---|---|
| **क** | **वाणिज्य बैंक** | |
| १ | हिमालय बैंक | ५ |
| **ख** | **लघु वित संस्था** | |
| १ | एन आई सि एसिया लघुवित्त वित्तीय संस्था लि. | ५ |
| २ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. | ५ |
| ३ | सबैको लघुवित्त वित्तीय संस्था लि. | ५ |
| ४ | एन एम बि लघुवित्त वित्तीय संस्था लि. | ५ |
| ५ | सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | ५ |
| ६ | नाडेप लघुवित्त वित्तीय संस्था लि. | ५ |
| ७ | छिमेक लघुवित्त लघुवित्त वित्तीय संस्था लि. | ५ |
| ८ | विन नेपाल लघुवित्त वित्तीय संस्था लि. | ५ |
| **ग** | **सहकारी संस्था** | |
| १ | धार्ना भुमिदेवि कृषि सहकारी | १ |
| २ | दोम्साङ फुलबारी कृषि सहकारी संस्था लिमिटेड | १ |
| ३ | डाडाँगाउ सानाकिसान कृषि सहकारी | २ |

| क्र.म. | बैंक तथा सहकारी संस्थाको नाम र ठेगाना | वडा नं. |
|---|---|---|
| ४ | गोसाइकुण्ड बचत तथा ऋण सहकारी | २ |
| ५ | श्रीदेवि महिला बचत तथा ऋण | ३ |
| ६ | भुमिदेवि बचत तथा ऋण | ३ |
| ७ | कर्मिडाँडा महिला कृषि सहकारी | ४ |
| ८ | लहरेपौवा साना किसान सहकारी संस्था | ४ |
| ९ | उत्तरगया कृषि सहकारी | ५ |
| १० | बेत्रावती कृषि सहकारी | ५ |
| ११ | रुद्र गंगा कृषक बहुउद्देश्य सहकारी संस्था | ५ |
| १२ | मध्यवर्ती संरक्षण बचत तथा ऋण सहकारी संस्था | ५ |
| १३ | कालिका बहुउद्देश्य सहकारी संस्था | ५ |
| १४ | जनजागरण बचत तथा ऋण सहकारी संस्था | ५ |
| १५ | लोकतान्त्रिक महिला सहकारी संस्था लि | ५ |
| १६ | पञ्चशिल महिला महिला सहकारी संस्था | ५ |
| १७ | लालिगुराँस महिला बहुउद्देश्य सहकारी | ५ |
| १८ | साथि बहुउद्देश्यीय सहकारी संस्था लि. | ५ |

### ३.६.७ पारिवारिक आय व्ययको अवस्था

उत्तरगया गाउँबासीका आम्दानीका प्रमुख स्रोतहरू कृषि तथा पशुपालन, ब्यापार तथा उद्योग, नोकरी तथा पेन्सन, वैदेशिक रोजगारी र ज्याला/मजदुरी, रहेका छन् । उत्तरगया गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार गाउँपालिकामा सबैभन्दा बढी कृषिबाट करिब रु. ३०८,७००,००० वार्षिक आम्दानी हुने गरेको छ। गाउँपालिका भित्र अन्नबाली, फलफुल, जडिबुटी तथा व्यापार व्यवसायबाट समेत आम्दानी भएको देखिन्छ । तसर्थ कृषिजन्य उत्पादन, जडिबुटी प्रसोधन तथा श्रमजन्य कार्यलाई प्रवर्द्धन गर्न सकेमा आम्दानीको क्षेत्र बढ्ने देखिन्छ।

गाउँपालिका अन्तरगत रहेका घरपरिवारलाई वार्षिक आम्दानीको दृष्टिकोणबाट हेर्दा घरधुरी सर्वेक्षण २०७६ अनुसार ५० हजार भन्दा कम आम्दानी हुने घरपरिवार ४० प्रतिशत, ५० देखि १५० हजार आम्दानी हुने घरपरिवार ११ प्रतिशत, १५० देखि २५० हजार आम्दानी हुने घरपरिवार १५ प्रतिशत, २५० देखि ५०० हजार सम्म आम्दानी हुने घरपरिवार १३ प्रतिशत र ५ लाख भन्दा माथि आम्दानी हुने घरपरिवार २२ प्रतिशत रहेको देखिन्छ।

**तालिका १२ : उत्तरगया गाउँबासीहरुका औषत वार्षिक आम्दानीका स्रोतहरु**

| क्र. सं. | आम्दानीका स्रोतहरु | पालिकाको अभिलेख अनुसारको घरधुरी | घरधुरी २०७८ | आवद्ध घरधुरी | वार्षिक औषत प्रति परिवार आम्दानी रकम (रु) | वार्षिक पालिकाको औषत आम्दानी रकम (रु) |
|---|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | ३०८८ | २१८८ | १७१५ | १८०,००० | ३०८,७००,००० |
| २ | व्यापार व्यवसाय | ३०८८ | २१८८ | १९८ | ३००,००० | ५९,४००,००० |
| ३ | सेवा नोकरी | ३०८८ | २१८८ | २७५ | ३६०,००० | ९९,०००,००० |
| ४ | ज्याला मजदुरी | ३०८८ | २१८८ | १००० | ९६,००० | ९६,०००,००० |
| ५ | विप्रेषण (विदेशबाट पठाएको रकम) संख्या | ३०८८ | २१८८ | ५९५ | ४०,००० | २३,८००,००० |
| ६ | घर भाडा वापत प्राप्त रकम | ३०८८ | २१८८ | ५० | ६०,००० | ३,०००,००० |
| ७ | उद्योग | ३०८८ | २१८८ | ४५ | ६००,००० | २७,०००,००० |
| ८ | व्याज | ३०८८ | २१८८ | २५ | १२०,००० | ३,०००,००० |
| ९ | पेन्सन | ३०८८ | २१८८ | २०० | २७६,००० | ५५,२००,००० |
| १० | सवारी साधन | ३०८८ | २१८८ | २१८ | ४८०,००० | १०४,६४०,००० |
| ११ | निर्माण व्यावसायि क वर्ग | ३०८८ | २१८८ | २ | ५०,०००,००० | १००,०००,००० |
| १२ | निर्माण व्यावसायि ख | | | ६ | ५०,०००,००० | ३००,०००,००० |

| क्र. सं. | आम्दानीका स्रोतहरू | पालिकाको अभिलेख अनुसारको घरधुरी | घरधुरी २०७८ | आवद्ध घरधुरी | वार्षिक औषत प्रति परिवार आम्दानी रकम (रु) | वार्षिक पालिकाको औषत आम्दानी रकम (रु) |
|---|---|---|---|---|---|---|
| १३ | निर्माण व्यावसायि ग | | | ७ | १०,०००,००० | ७०,०००,००० |
| १४ | निर्माण व्यावसायि ३ | | | ३० | १,०००,००० | ३०,०००,००० |
| १५ | अन्य | ३०८८ | २१८८ | १५ | ६००,००० | ९,०००,००० |
| | **जम्मा** | | | | | **१,२८८,७४०,०००** |
| | **प्रतिव्यक्ति आय** | **०** | **०** | **०** | **०** | **१,१२,१६१.८७** |

**स्रोतः** कार्यपालिकासँग समुह केन्द्रित छलफल २०८०

त्यसैगरी उत्तरगया गाउँपालिकाका परिवारको वार्षिक खर्चका क्षेत्रहरू खानपान, स्वास्थ्य, शिक्षा, आदि रहेका छन् । उल्लेखित शीर्षकहरू मध्ये सबैभन्दा बढी खानपानमा भएको पाइन्छ भने सबैभन्दा कम अन्य कार्यमा खर्च भएको पाइन्छ । वार्षिक खर्चका आधारमा वर्गिकृत विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका १३ : परिवारको वार्षिक खर्चका क्षेत्रहरु (रु. हजारमा)**

| क्र .सं. | खर्च विवरण | औषत प्रति परिवार वार्षिक खर्च रकम | घरधुरी | जम्मा खर्च |
|---|---|---|---|---|
| १ | खानबस्न खर्च | १८०००० | ३०८८ | ५५५,८४०,००० |
| २ | पहिरन (लत्ताकपडा) खर्च | २५००० | ३०८८ | ७७,२००,००० |
| ३ | औषधी खर्च | १५००० | ३०८८ | ४६,३२०,००० |
| ४ | पढाइ (बालबालिकाहरूको) खर्च | ५००० | ३०८८ | १५,४४०,००० |
| ५ | ईन्धन खर्च | ६०००० | १५०० | ९०,०००,००० |
| ६ | मनोरञ्जन खर्च | ३०००० | ३०८८ | ९२,६४०,००० |
| ७ | यातायात खर्च | १८००० | ३०८८ | ५५,५८४,००० |
| ८ | चाडपर्व खर्च | २५००० | ३०८८ | ७७,२००,००० |
| ९ | घरभाडा खर्च | ६०००० | १००० | ६०,०००,००० |
| १० | कृषि सामग्री खर्च | १०००० | १७१५ | १७,१५०,००० |
| ११ | सञ्चार खर्च | १२००० | ३०८८ | ३७,०५६,००० |
| १२ | अन्य खर्च | ६००० | ३०८८ | १८,५२८,००० |
| | **जम्मा** | | **३०८८** | **१,१४२,९५८,०००** |
| | **औषत प्रति व्यक्ति खर्च** | | | **९९४७४.१५** |

**स्रोतः** कार्यपालिकासँग समुह केन्द्रित छलफल २०८०

## ३.७ खानेपानी तथा सरसफाइको अवस्था

संविधानको भाग ३ धारा ३५ को उपधारा ४ मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने व्यवस्था गरेर खानेपानी तथा सरसफाइलाई खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा बहुआयामिक प्रभाव पार्दछ। उत्तरगया गाउँपालिकाले स्वाच्छ खानेपानी उपलब्ध गराउन दीर्घकालीन तथा अल्पकालीन योजना बनाइ कार्यान्वयन गरिरहेको छ । यद्यपि पूर्णरूपमा गाउँबासीका प्रत्येक घरमा स्वच्छ र शुद्ध खानेपानीको व्यवस्था हुन सकेको छैन । गाउँपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रलाई उच्च प्राथमिकतामा राखी स्वच्छ खानेपानी तथा ढलनिकास सहितको शौचालय व्यवस्था गर्नुपर्ने देखिन्छ ।

गाउँबासीहरूले विभिन्न खोला र मुहानको पानी दैनिक उपभोगका लागि प्रयोग गर्दै आएका भएपनि ती खोला र मुहानका पानी सुरक्षित र सफा छैनन् जसको प्रयोगले विभिन्न सरुवा रोग लाग्न सक्छ । उत्तरगया गाउँपालिकामा प्रशस्त पिउने पानीको श्रोत रहेको भए तापनि व्यवस्थित रूपमा सबै घरघरमा पुगेको छैन। कतिपय गाउँमा स्रोत तल र बस्ती अग्लो ठाउँमा भएकोले पनि खानेपानीको समस्या निम्तिएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार उत्तरगया गाउँपालिकामा पानी प्रयोगको स्रोत अनुसार पाइपबाट ९३.६ प्रतिशत, ढुङ्गेधारा/मूलको पानी ४.६ प्रतिशत, ढाकिएको कुवाबाट ०.३ प्रतिशत, नढाकिएको कुवाबाट १.१ प्रतिशत, नदी/खोलाबाट ०.२ प्रतिशत र अन्य श्रोतबाट ०.१ प्रतिशत घर परिवार रहेका छन् । पाइपबाट पानी पुगेको संख्या धेरै देखिए पनि व्यवस्थित रूपमा घरमा पानी पुगेको छैन । यस

तथ्याकंलाई हेर्दा अहिले पनि विशेष गरी महिलाहरू एक गाग्री पानी थाप्न लामो दूरीसम्म हिड्न बाध्य छन् । त्यसैगरी पानी थाप्न लामो दुरी हिड्नु पर्ने समस्याले गर्दा बालबालिकाको स्कुल पढाइमा पनि यसले प्रभाव पार्ने देखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाभित्र रहेका जम्मा २१८८ घर परिवार मध्ये फल्स् सुविधा भएको र सार्वजनिक ढल निकासमा जडान भएका शौचालय ०.०५ प्रतिशत, आधुनिक फल्स् सुविधा भएको सेफ्टिी ट्याङ्की सहितको शौचालय ६६.० प्रतिशत, सार्वजनिक शौचालय ०.०५ प्रतिशत र खाडल शौचालय २८.६ प्रतिशत परिवारले प्रयोग गरिरहेका छन् भने ५.३ प्रतिशत घरपरिवारको घरमा शौचालयको सुविधा छैन ।

## ३.८ इन्धन तथा बत्तीको श्रोत र प्रयोगको अवस्था

उत्तरगया गाउँपालिकामा मुख्यतः इन्धनको श्रोत दाउरा रहेको छ । मुख्य इन्धनको रूपमा प्रयोग गर्ने दाउराको स्रोत सामुदायिक, संरक्षित तथा निजी वन रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार दाउरा प्रयोग गर्ने ६१.१ प्रतिशत, एलपि ग्याँस प्रयोग गर्ने ३८.२ प्रतिशत, वायोग्याँस प्रयोग गर्ने ०.६ प्रतिशत, बिजुली प्रयोग गर्ने ०.१ प्रतिशत र मट्टितेल प्रयोग गर्ने ०.०५ प्रतिशत घर परिवार रहेका छन् । यसैगरी गाउँपालिकाका केही घरहरू केन्द्रीय प्रसारण तथा साना लघु जल विद्युत आयोजना मार्फत विद्युत जोडिएका छन् । यसैगरी उर्जाका लागि विद्युत् प्रयोग गर्ने ९६.८ प्रतिशत, सोलार प्रयोग गर्ने २.७ प्रतिशत, मट्टितेल प्रयोग गर्ने ०.२ प्रतिशत र अन्य उर्जाको स्रोत (वायोग्याँस आदि) प्रयोग गर्ने ०.३५ प्रतिशत घर परिवार रहेका छन् ।

## ३.९ वन वातावरण तथा प्राकृतिक प्रकोपको अवस्था

वन सम्पदाको संरक्षण, सम्वर्द्धन तथा दिगो उपयोग गर्न र गाउँपालिकाको आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा योगदान अभिवृद्धि गर्न आवश्यक रहेको छ । स्थानीय स्तरमा विकास निर्माणका क्रममा वातावरण प्रदुषण जस्ता समस्या टड्कारो रूपमा देखिएको छ । वायु र जल प्रदुषणले मानिसमा विभिन्न रोगहरू समेत निम्त्याएको छ । प्राकृतिक स्रोत साधनको अनियन्त्रित प्रयोगलाई नियन्त्रण गर्न, विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणीय प्रभावको पूर्व मूल्याङ्कन हुन आवश्यक छ । स्थानीय तहमा मानव अनुकूलको वातावरण निर्माणमा सहयोग जुटाउनु पर्ने आवश्यकता रहेको छ । फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक स्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदुषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन  गर्नु पर्दछ ।

वन क्षेत्रको स्थानीय अर्थतन्त्रमा उल्लेख्य रूपमा योगदान पुग्ने गरी व्यावसायिक वन व्यवस्थापन र उपयोग गर्न नसक्नु, पूर्वाधार विकास र पर्यावरणीय प्रणाली बीच योजनाबद्ध तरिकाले सन्तुलन कायम गर्न नसक्नु, वन अतिक्रमण, वन पैदावारको चोरी निकासी, नदी कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा संकलन तथा निकासी हुनु, बढ्दो जनसंख्या, शहरीकरण, भू-उपयोगमा आएको परिवर्तन, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक पूर्वाधार निर्माणका कारण वायु र पानीजन्य प्रदुषण, बाह्य मिचाहा झार (Invasive plant species) को प्रकोप, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वन जंगलको अतिक्रमण तथा ह्रास हुनु, विषादीको प्रयोग, वातावरण संरक्षण र पूर्वाधार विकासबीच सामन्जस्यता स्थापित हुन नसक्नु आदि प्रमुख समस्याहरू रहेका छन् ।

उत्तरगया गाउँपालिका बाढी, पहिरो र भूक्षयको उच्च जोखिममा रहेको छ । वातावरणीय प्रभाव मूल्याङ्कन बिना नै विकासको काम गर्दा विपद्को जोखिम निम्तिने गरेको छ । मानवीय क्षती हुने विपद उच्च देखि न्यून क्रमशः भुकम्प र पहिरो नै रहेको देखिन्छ । यस सन्दर्भमा उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार गाउँपालिकामा प्राकृतिक प्रकोपका कारण विभिन्न समयमा विभिन्न विपद्हरूको सामना गर्नु परेको छ ।

उत्तरगया गाउँपालिकामा वि.सं. २०७२ सालमा गएको विनाशकारी भुकम्पले पुऱ्याएको क्षतिबाट विस्थापित घरपरिवारहरुको उचित व्यवस्थापनलाई जोड दिनुपर्ने अवस्था अझै विद्यमान छ । यस पालिकामा मानवीय क्षति हुने विपद उच्च देखि न्युन क्रमश भुकम्प र पहिरो नै देखिन्छ । उत्तरगया गाउँपालिकाका केही वडाहरूमा बाँदर तथा बदेलको समस्या समेत रहेको छ । बाँदर तथा बँदेल जस्ता वन्यजन्तुले लगाएको अन्नबाली तथा फलफूल नाश गरिदिने हुनाले यसको उचित व्यवस्थापन गर्ने तर्फ ध्यान जानु जरुरी छ । साथै यस गाउँपालिकाका जोखिमयुक्त बस्तीहरुमा सिरुचेत, तिरु ,काम्लुङ, मैलुंग, चिप्लेटी, लयुंग, सालिमभित्ता, खड्कु, कुवापानी, पैरेबेशी, ढकाल सौरा आदि रहेका छन् ।

## ३.१० यातायात तथा परिवहन सुविधाको अवस्था

उत्तरगया गाउँपालिकामा सडक सञ्जालको सेवा सुविधा विस्तार क्रमिक रूपमा भइरहेको भए तापनि पूर्णरूपमा सहज हुन सकेको छैन् । उत्तरगया गाउँपालिकाका प्रायः सबै वडापालिकाको केन्द्रमा बाटो पुगिसकेको छ । गाउँपालिकाका सबै वडालाई ग्रामीण सडकले छोएको छ । ग्रामीण सडक कच्ची भएकाले वर्षामा सवारी चल्न कठिन छ । गाउँपालिकाको अभिलेख अनुसार घरसम्म जाने सडकको अवस्था(

लाई हेर्दा ४५.२८ प्रतिशत घर परिवारले घरसम्म पुग्न गोरेटो बाटो प्रयोग गर्ने गरेका छन् । गाउँपालिकाको गाउँवस्तुस्थिति विवरण अनुसार गाउँपालिका क्षेत्रभित्र सडक सञ्जालको कुल लम्बाई करिब ९७ किलोमिटर रहेको छ । गाउँपालिका भित्र रहेका वेत्रावती मैलुङ्ग सडक, पैतिसकिलो तिरु सडक, खड्कु घडेरीडाँडा सडक, करमरयाङ, लोसे दोभान सडक (वडा नं.१), डाँडागाउँ करुमऱ्याङ सडक, चुच्चेढुङ्गा बास्कोटे सडक, चिप्लेढुङ्गा सिम्ले सडक, जिरो, मैलुङ्ग सडक (वडा नं. २), शान्ति बजार ठुलो गाउँ सडक, सातदोबाटो ठुलोगाउँ सडक (वडा नं. ३), बनुवा मनिगाउँ ढुङ्गे कालिकास्थान सडक, मानिगाउँ पैरेबेसी सडक (वडा नं. ४), बेत्रावती इरपाटे सडक, जिरो सिम्ले सडक (वडा नं. ५) सञ्जालले करिब ३६.११ प्रतिशत जनसंख्या लाभान्वित भएको देखिन्छ । यी विभिन्न सडकहरूमा नियमित सार्वजनिक बस सेवा तथा अन्य मोटर, ट्याक्टर, ट्रक, मोटरसाईकल आदि यातायातका साधनहरू सञ्चालनमा रहेका छन् । वर्षात्को समयमा बाढी पहिरोको कारणले यातायात नियमित रूपमा सञ्चालन गर्न कठिनाइ हुने गरेको छ । यस पालिका भएर केरुंग गल्छी लोकमार्ग तथा प्रस्तावित रेलमार्ग समेत जाने भएकोले आर्थिक विकासको थप ढोका खुल्ने समेत देखिन्छ ।

गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न खोला तथा नदीहरुमा निर्मित पुल तथा पुलेसाहरुले गाउँपालिकाका विभिन्न बस्तीहरुलाई एक आपसमा जोड्ने गरेका छन् । यहाँ निर्माण गरिएका ९ वटा झोलुङ्गे तथा ५ वटा पक्की पुल राम्रो अवस्थामा रहेका छन् । गाउँपालिका क्षेत्रभित्र रहेका पैदल मार्गहरुको कुल लम्बाई करिब ६७.५ किलोमिटर रहेको छ । यस गाउँपालिकाका अधिकतम जनसंख्याले मोटर बाटो भन्दा बढी पैदल मार्गको प्रयोग गर्ने गरेका छन ।




**श्रोत:** नापी शाखा

**तालिका १४ : उत्तरगया गाउँपालिकाको सडकका प्रकार**

| सडकका प्रकार/Road Type | लम्बाई (कि.मि) | प्रतिशत |
|---|---|---|
| स्थानीय गोरेटो बाटो | ९६.१ | ७१.८४ |
| मुख्य गोरेटो बाटो | २८.४ | २१.२१ |
| हाईवे लोकमार्ग | ५.६ | ४.१८ |
| जिल्ला सडक | १.६ | १.२२ |
| पुल र ट्र्याकहरु | ०.२ | ०.१२ |
| अन्य सडक | १.९ | १.४३ |
| **जम्मा** | **१३३.७** | **१००.००** |

**श्रोत:** नापी शाखा

### ३.११ प्राकृतिक प्रकोप जोखिमका सम्भावित क्षेत्रहरू

उत्तरगया गाउँपालिकामा विशेष गरी पहिरोको जोखिम अत्यधिक रहेको छ । भू-बनोट र मोहडाको दृष्टिकोणले पनि यहाँका भू-भाग भिर पाखाले ओगटेको छ । यस्ता भिरपाखामा विशेषतः पहिरो जाने धेरै सम्भावना रहेका छन् । सबैभन्दा धेरै वडा नं. १ मा पहिरो जाने जोखिमका सम्भावित क्षेत्रहरू छन् भने सबैभन्दा कम वडा नं. ५ मा जोखिमका क्षेत्रहरू छन् । यो अन्तर वडा नं १ र २ मा धेरै भिरपाखा र वडा नं. ५ मा कम भिरपाखाका भाग हुनाले भएको हो । तसर्थ, यस्ता जोखिमपूर्ण क्षेत्रहरू भने बसोबासका निम्ति उपयुक्त नभएको भन्न सकिन्छ र यस्ता भिरपाखामा भएका बस्तीहरूलाई स्थानान्तरण  गर्नुपर्ने आवश्यक देखिन्छ ।

पालिकाको क्षेत्रहरू ३० डिग्री भन्दा माथि रहेका भिराला क्षेत्रहरू संवेदनशील हुने भएको हुँदा त्यस्ता क्षेत्रहरूमा खेतीपाती तथा बस्ती रहँदा पहिरो जाने सम्भावना बढी देखिने हुँदा त्यस्ता क्षेत्रलाई पहिरो जोखिम क्षेत्रका रूपमा परिभाषित गरिएको छ जुन तल नक्सामा देखाइएको छ ।

**नक्सा १२ : उत्तरगया गाउँपालिकाका पहिरो जोखिमका सम्भावित क्षेत्रहरू**




**तालिका १५ : उत्तरगया गाउँपालिकाका पहिरो जोखिमका सम्भावित क्षेत्रहरू**

| क्रम.सं. | वडा नं. | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | १ | ५३१५ | ७६.३२ |
| २ | २ | ७०७ | १०.१५ |
| ३ | ३ | ५५४ | ७.९६ |
| ४ | ४ | २६४ | ३.७९ |
| ५ | ५ | १२४ | १.७८ |
|  | **जम्मा** | **६९६४** | **१००.००** |

**श्रोत:** नापी शाखा

### ३.१२ सूचना तथा सञ्चारको पहुँच

राष्ट्रिय जनगणना २०७८ अनुसार उत्तरगया गाउँपालिकामा कुनै पनि घरायसी सुविधाहरू नभएको घरपरिवार १०० वटा अर्थात् ४.६ प्रतिशत रहेको छ भने कुनै एक घरायसी सुविधाहरू भएको घरपरिवार २०८८ अर्थात् ९५.४ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकामा सञ्चारका साधनको प्रयोग सबैभन्दा बढि साधारण मोबाइल १८५७ घर परिवार र स्मार्ट मोबाइल १३४३ घर परिवारले प्रयोग गरेका छन् । त्यसै गरी सञ्चार सेवाका रूपमा विभिन्न ठाउँमा रेडियो, टेलिफोन, एफएम, पत्रपत्रिका, इन्टरनेट, अतिरिक्त हुलाक कार्यालय, टेलिभिजन आदिको व्यवस्था रहेको छ। तर यी सुविधाहरू पर्याप्त, भरपर्दा र गुणस्तरीय छैनन् ।

### ३.१३. संस्थागत तथा सुशासनको स्थिति

यस परिच्छेदमा संगठनात्मक तथा मानव संशाधनको विद्यमान अवस्था, सेवा सुविधा संचालन र नागरिक संगठन सम्बन्धी विश्लेषण तथा प्रस्तुती गरिएको छ।

### ३.१४. गाउँपालिकाले निर्माण गरेका विभिन्न नीति कानुन र ऐन तथा नियमहरुको विवरण

- यस गाउँपालिकाले हाल सम्म ५१ वटा विभिन्न कानुन कार्यविधि तथा ऐन नियमहरु बनाइ स्थानीय सरकारको सेवालाई प्रभावकारी बनाएको छ साथै सरकारले कार्यान्वयनमा ल्याएका ऐन नीति कानुन र नियमहरुको विवरण तपसिलमा उल्लेख गरिएको छः

| सि. नं. | ऐन कानुन, निर्देशिका र कार्यविधिको नाम | कैफियत |
|---|---|---|
| १ | विकास समिति गठन तथा सञ्चालन नियमावली २०७९ | |
| २ | टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि २०७९ | |
| ३ | खेलकुद सम्बन्धी कार्यविधि २०७९ | |
| ४ | विधायन समिति गठन तथा सञ्चालन कार्यविधि २०७९ | |
| ५ | स्वास्थ्य बीमा संयोजन समिति गठन संचालन कार्यविधि २०७९ | |
| ६ | विकास तथा सुशासन समिति गठन तथा सञ्चालन कार्यविधि २०७९ | |
| ७ | विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्ने बनेको ऐन २०७९ | |
| ८ | लेखा समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९ | |
| ९ | माटो परीक्षण प्रयोगशाला सञ्चालन कार्यविधि २०७९ | |
| १० | बीउ आलु भण्डारणको लागि कोल्ड स्टोर शुल्कमा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९ | |
| ११ | उत्तरगया गाउँपालिका छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७९ | |
| १२ | मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि | |
| १३ | उत्तरगया गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी २०७९ | |
| १४ | उत्तरगया गाउँपालिका साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९ | |
| १५ | आर्थिक ऐन, २०७९ | |
| १६ | लैंगिक समानता तथा सामाजिक समावेशिकरण रणनीति, २०७९ | |
| १७ | भवन निर्माण संहिता मापदण्ड तथा नक्सा पास कार्यविधि २०७८ | |
| १८ | विनियोजन ऐन,२०७८ | |
| १९ | आर्थिक ऐन २०७८ | |
| २० | अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधी , २०७५ | |
| २१ | वन ऐन, २०७६ | |
| २२ | उत्तरगया गाउँपालिकाको सहकारी ऐन, २०७६ | |
| २३ | व्यवसाय दर्ता तथा नविकरण कार्यविधी, २०७६ | |
| २४ | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण कार्यविधि,२०७६ | |
| २५ | उत्तरगया गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७६ | |
| २६ | उत्तरगया गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन , २०७६ | |
| २७ | उत्तरगया गाउँपालिकाको संस्था दर्ता ऐन, २०७६ | |
| २८ | उत्तरगया धाम क्षेत्र विकास कोष गठन, परिचालन तथा व्यवस्थापन कार्यविधी, २०७५ | |
| २९ | उत्तरगया गाउँ कार्यपालिकाको वैठक संचालन सम्बन्धी कार्यविधी, २०७४ | |
| ३० | गाउँ कार्यपालिका कार्यविभाजन नियमावली , २०७४ | |

| सि. नं. | ऐन कानून, निर्देशिका र कार्यविधिको नाम | कैफियत |
|---|---|---|
| ३१ | गाउँपालिका पूर्वाधार विकास व्यवस्थापन ऐन, २०७६ | |
| ३२ | उत्तरगया गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ | |
| ३३ | गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली , २०७४ | |
| ३४ | असङ्गठित क्षेत्रमा कार्यरत वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी उत्तरगया गाउँपालिकाको मापदण्ड, २०७६ | |
| ३५ | उत्तरगया गाउँसभा सञ्चालन कार्यविधि, २०७५ | |
| ३६ | उत्तरगया गाउँपालिका मर्मत सम्भार विशेष कोष सञ्चालन सम्बन्धी कार्यविधी,२०७५ | |
| ३७ | उत्तरगया गाउँपालिकाका पदाधिकारीहरुको आचार संहिता,२०७४ | |
| ३८ | उत्तरगया गाउँपालिकाको आर्थिक ऐन, २०७७ | |
| ३९ | एम्बुलेन्स संचालन सम्बन्धी कार्यविधि,२०७६ | |
| ४० | लकडाउनमा कार्यालयबाट सेवा प्रवाह गर्दा पालना गर्नुपर्ने आचारसंहिता | |
| ४१ | विपद् व्यवस्थापन तथा आर्थिक सहायता सम्बन्धी ऐन, २०७६ | |
| ४२ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधी,२०७४ | |
| ४३ | होम क्वारेन्टिन सम्बन्धी मापदण्ड,२०७७ | |
| ४४ | असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी उत्तरगया गाउँपालिकाको मापदण्ड, २०७६ | |
| ४५ | रोजगार संयोजकको पदपूर्ति र सेवासुविधा सम्बन्धी मापदण्ड, २०७६ | |
| ४६ | उत्तरगया गाउँपालिकाको आर्थिक ऐन,२०७६ | |
| ४७ | उत्तरगया जलश्रोत कार्यविधी, २०७५ | |
| ४८ | उत्तरगया गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ | |
| ४९ | उत्तरगया गाउँपालिका शिक्षा सम्बन्धि अन्तरिम कार्यविधि, २०७४ | |
| ५० | स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ | |
| ५१ | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि | |

**श्रोत:** गाउँपालिकाको वेबसाईट

### ३.१५ संगठनात्मक तथा मानव संशाधनको अवस्था

गाउँ कार्यपालिका सञ्चालनका लागि गाउँपालिकाले तय गरेको संगठनात्मक ढाँचा देहाय बमोजिम रहेको छ।




### ३.१६ गाउँपालिका, सरकारी कार्यालय तथा निकायहरु

यस गाउँपालिकामा आयुर्वेद अस्पताल, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य ईकाई, पशु सेवा केन्द्र, कृषि सेवा केन्द्र, अतिरिक्त हुलाक, वन कार्यालय, प्रहरी चौकी तथा गाउँ कार्यपालिका र मातहतका वडा कार्यालय र सरकारी निकायहरुले नागरिकहरुका लागि सेवा प्रवाह गरिरहेका छन्।

### ३.१७ सामुदायिक संस्था विवरण

- यस गाउँपालिका अन्तरगत सामुदायिक संस्था ३, कृषक समूह १७, वन समूह १८, सहकारी संस्था ३, आमा समूह ३१, नागरिक सचेतना केन्द्र २ र टोल सुधार समिति ८ वटा रहेका छन्।

### ३.१८ वित्तीय स्रोत तथा क्षमता विश्लेषण

- **सम्पति कर:** गाउँपालिका क्षेत्रभित्र सम्पत्ति कर/घर जग्गा कर लगाइने र असूल उपर गरिने।
- **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिने।
- **घर बहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले बहालमा दिएकोमा घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ।
- **व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असुल उपर गरिने।

- **जडिबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी मालसामान र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत कर लगाइने र असुल उपर गरिने ।
- **सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधन कर लगाइने र असुल उपर गरिने ।
- **विज्ञापन कर :**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधन कर लगाइने र असुल उपर गरिने ।
- **मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा व्यवसाय कर लगाइने र असुल उपर गरिने । तर प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा व्यवस्था भएको हकमा सोही बमोजिम हुनेछ ।
- **सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार, प्राकृतिक स्रोत तथा साधन र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट असुल उपर गरिने ।
- **पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट पर्यटन शुल्क लगाइने र असुल उपर गरिने । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको हकमा सोही बमोजिम हुनेछ ।
- **फोहोर मैला व्यवस्थापन सेवा शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र संचालित विभिन्न व्यवसाय, व्यापार, उद्योगबाट फोहोर मैला व्यववस्थापन सेवा शुल्क लगाइने र असुल उपर गरिने ।

**सङ्घीय सरकार :** सङ्घीय/प्रदेश सरकारबाट प्राप्त हुने बजेट स्रोतको विवरण :

| कम.सं. | स्रोत |
|---|---|
| १ | संघीय/प्रदेश समानिकरण अनुदान |
| २ | संघीय/प्रदेश सशर्त अनुदान |
| ३ | संघीय/प्रदेश विशेष अनुदान |
| ४ | संघीय/प्रदेश समपुरक अनुदान |
| ५ | संघीय/प्रदेश राजश्व बाँडफाँड |

आर्थिक वर्ष २०७९/२०८० लाई आधार मान्दा प्रत्येक वर्ष १० प्रतिशत  वृद्धि हुने अनुमान गरी सङ्घीय, प्रदेश सरकार र आन्तरिक श्रोत बाट प्राप्त हुने बजेट प्रक्षेपण गरिएको छ । यो एउटा आधारका लागि प्रक्षेपण भएतापनि विद्यमान गाउँपालिकाको अवस्थिति, यहाँको प्राकृतिक श्रोत र पहुँचका साथै गाउँपालिका टिमको प्रभावकारी सहकार्य, योजना अनुसारको कार्यान्वयन र संजाललाई सशक्त बनाई कार्य गरेमा यो प्रक्षेपित गरिएको बजेट भन्दा पनि वृद्धि हुने सम्भावना रहेको छ ।

| शीर्षक र स्रोत | आ. व. २०७९/२०८० को अनुमान | पाँच वर्षको आय प्रक्षेपण | दश वर्षको आय प्रक्षेपण | बीस वर्षको आय प्रक्षेपण |
|---|---|---|---|---|
| **संघीय सरकार** | **२३२,१९७,०००** | **१,७३२,९३८,४६२** | **२,७९०,११४,७२३** | **८,३७२,७४४,१६९** |
| समानीकरण अनुदान | ७६,३००,००० | ५१२,४०१,०४३ | ८२५,२२७,००४ | २,४७५,६८१,०११ |
| सशर्त अनुदान चालु | १३४,४९७,००० | ९०३,२२९,३९८ | १,४५४,६५९,९७८ | ४,३६३,९७९,९३४ |
| सशर्त अनुदान पूँजीगत | २१,४००,००० | १४३,७१४,०५४ | २३१,४५२,९२१ | ६९४,३५८,७६३ |
| विशेष अनुदान चालु | - | १३४,३१२,२०० | २१६,३११,१४१ | ६४८,९३३,४२४ |
| विशेष अनुदान पूँजीगत | - | ३९,२८१,७६७ | ६३,२६३,६७९ | १८९,७९१,०३६ |
| **प्रदेश सरकार** | **४७,४७८,०००** | **३१८,८४३,७३२** | **५१३,५०१,०१८** | **१,५४०,५०३,०५४** |
| समानीकरण अनुदान | ७,६७६,००० | ५१,५४९,०२२ | ८३,०२०,२१६ | २४९,०६०,६४८ |
| सशर्त अनुदान चालु | १९,८०२,००० | १३२,९८२,५०९ | २१४,१६९,६६१ | ६४२,५०८,९८३ |
| विशेष अनुदान चालु | २०,०००,००० | १३४,३१२,२०० | २१६,३११,१४१ | ६४८,९३३,४२४ |
| **राजश्व बाँडफाँड** | **५६,६४८,९७१** | **३८५,३७६,९११** | **६२०,६५३,३८२** | **१,८६१,९६०,१४७** |
| **आन्तरिक श्रोत** | **३५,८९०,८७५** | **२४६,११६,४९८** | **३९६,३७३,०८१** | **१,१८९,११९,२४२** |
| **जम्मा आय (रु.) मा** | **३७२,२१४,८४७** | **२,६८३,२७५,६११** | **४,३२१,४४२,२०४** | **१२,९६४,३२६,६१२** |

**श्रोत:** उत्तरगया गाउँपालिकाको प्रतिवेदन २०७९

### ३.१९ वैदेशिक तथा अन्य लगानी

यस गुरुयोजनाले लिएको दीर्घकालीन सोच, उद्देश्य, प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयनका लागि स्रोतको न्यूनतम पूर्ति गर्न, नवीनतम् ज्ञान र प्रविधिको हस्तान्तरण मार्फत विकास गर्न वैदेशिक सहायता आवश्यक पर्दछ। वैदेशिक सहयोगको स्वीकार्यता र परिचालनका लागि सम्पूर्ण अधिकार क्षेत्र संघीय सरकारमा भए पनि यसको प्रभावकारी परिचालनका लागि क्षेत्र, लक्ष्य र उद्देश्य बिच मेल खाएमा गाउँपालिकाका विभिन्न क्षेत्रमा समपुरक स्वरुप परिचालन गर्न सकिन्छ तथापि वैदेशिक सहायता स्थानीय तहको प्राथमिकता तथा प्रणालीमा आवद्ध हुन नसक्ने अवस्था प्रमुख समस्याको रुपमा रहेको छ।

संघ, प्रदेश र स्थानीय तहबीच समन्वयात्मक रुपमा विकास सहायता परिचालन गर्नु , सञ्चालन गरिने कार्यक्रमहरुको खण्डीकरणमा कमी ल्याउनु, सहायता व्यवस्थापनमा अपनत्व, आवद्धता, जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गर्नु प्रमुख चुनौतीका रुपमा रहन सक्छन्। यति हुँदाहुँदै गाउँपालिका क्रियाशिल रहेको खण्डमा योजनाको लक्ष्य प्राप्ति र दीर्घकालिन सोच साकार पार्न विकास सहायता प्रवाह गर्न विकास साझेदार तत्पर रहनु वैदेशिक सहायता परिचालनका लागि अवसरको रुपमा लिन सकिन्छ। सरकारी तथा गैर सरकारी एवं दातृ निकायहरुसँग समन्वय गरी गाउँपालिकाको विभिन्न क्षेत्रमा वैदेशिक सहयोग परिचालन गर्न सकिन्छ। साथै नेपालमा विद्यमान गैह्र सरकारी संस्था (NGO), अन्तर्राष्ट्रि गैह सरकारी संस्था (INGO) सँग समन्वय/साझेदारी गरी गाउँपालिका भित्र वातावरण संरक्षण, जनचेतनामुलक कार्यक्रम, नविनतम् ज्ञान सीपमुलक तालिम, स्वास्थ्य र शिक्षा सम्बन्धी विभिन्न कार्यक्रम तथा अन्य कार्यक्रमहरु कार्यान्वयन गर्न सकिन्छ।

त्यसै गरी योजनाको प्रभावकारीता र नतिजामा आधारित भएर गैर आवासीय नेपाली र अन्य स्थानीय तहको लगानी समेतलाई आकर्षित गरी गुरुयोजनाले परिलक्षित गरेका आकांक्षाहरुलाई सम्वोधन गर्न सकिनेछ। साथै गाउँपालिकाको आफ्नै पहलकदमिमा माथि उल्लेखित विभिन्न तरिकाबाट समेत श्रोत संकलन गर्न सकिन्छ।

### ३.२० प्रतिव्यक्ति आयको प्रक्षेपण

प्रतिव्यक्ति आयलाई देशका नागरिकको औषत समृद्धिको मापकका रुपमा हेरिन्छ। हालै नेपालको केन्द्रीय तथ्याङ्क विभाग अनुसार आ.व. २०७९/८० को नेपालीहरुको प्रतिव्यक्ति आय १३८१ डलर (एक हजार तीनसय एकासी अमेरिकी डलर) रहेको छ भने उत्तरगया गाउँपालिकाको प्रतिव्यक्ति आय नेपाल सरकारले सन् २०२१ लाई प्रतिव्यक्ति आय गणनाको आधार मानेकाले यसै अनुरुप गाउँपालिकाको आ.व. २०७९/८० को प्रतिव्यक्ति आय ९५१ अमेरिकी डलर (नौसय एकाउन्न अमेरिकी डलर) रहेको छ। यसलाई कम्तीमा १० प्रतिशतको वृद्धिलाई आधारमा मानी प्रक्षेपण गर्दा वि.सं. २१०० मा ६३९७.८३ अमेरिकी डलर हुने प्रक्षेपण गरिएको छ।

| आ.व.<br>वि.सं. | २०७९/८०<br>आधार वर्ष | २०८४/८५ | २०८९/९० | २१०० |
|---|---|---|---|---|
| प्रति व्यक्ति आय ( यु.एस.डी) | ९५१ | १५३१.५९ | २,४६६.६४ | ६३९७.८३ |

### ३.२१ आर्थिक वृद्धिदर प्रक्षेपण

उत्तरगया गाउँपालिकाले विगतमा ६ वटा वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेट मार्फत आर्थिक सामाजिक विकासका आधारशीला तयार गरेको छ। सामाजिक क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य, आर्थिक क्षेत्र अन्तर्गत कृषि, पशु, पर्यटन र पूर्वाधार क्षेत्र अन्तर्गत सडक विद्युत तथा अन्य पुर्वाधार लाई प्रमुख प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छ। यस नेपाल सरकारको आ.व २०८०/८१ को बजेटमा अनुमान गरेको नेपालको आर्थिक वृद्धिदर २.१६ प्रतिशतले हुने भनी अनुमान गरेको छ। नेपाल सरकारको यस बजेट भाषणलाई आधारमा मान्दा उत्तरगया गाउँपालिकाको आर्थिक वृद्धि पनि यसकै वरपर रहने देखिन्छ। विशेषतः यहाँको मुख्य आम्दानी कृषि क्षेत्र, पशु पालन, उद्यम विकास, विद्युत, वैदेशिक रोजगार रहेका छन् भने विद्युत उत्पादन, कृषि पशु, वन पैदावरजन्य उद्यमशीलता एवं पर्यटन सम्भावित क्षेत्र हुन्। आर्थिक वर्ष २०८०/८१ देखि प्रभावकारी र नतिजामुलक ढंगले गाउँपालिका सहकारी र निजी क्षेत्र एवं समुदायको सहकार्यमा आर्थिक विकाससँग सम्बन्धित गतिविधिहरु सञ्चालन हुनेछन्।

## ३.२२ सरोकारवालाको विश्लेषण

यस पालिकामा नीति निर्माण देखि योजनाको कार्यान्वयनसम्म विभिन्न सरोकारवालाहरुको रचनात्मक सहभागिता र सकारात्मक प्रभाव देखिन्छ। विशेष गरी प्रमुख राजनीतिक दलहरु, नागरिक समाज, सहकारी संस्था, निजी क्षेत्र, कृषक समूह, वन उपभोक्ता समुह, आमा समुह, युवा क्लब लगायत नागरिकहरुको गाउँपालिकाका विविध पक्षहरुमा विशेष चासो र सहभागिता देखिन्छ। यस पालिकामा तल उल्लेखित सरोकारवालाहरुको निरन्तर सहभागीता र उपस्थिति देखिएको छ।

| | |
|---|---|
| ◆ राजनीतिक दलहरु<br>◆ नागरिक समाज तथा गैरसरकारी संस्था<br>◆ टोल सुधार समिति<br>◆ विद्यालय व्यवस्थापन समिति<br>◆ सरकारी तथा निजी स्वास्थ्य संस्था<br>◆ निजी विद्यालय<br>◆ अध्ययन, अध्यापन तथा अनुसन्धान संस्था<br>◆ महिला कृषक समुह<br>◆ आमा समूह<br>◆ कृषक समुह<br>◆ सामुदायिक वन उपभोक्ता समिति<br>◆ उपभोक्ता समितिहरु<br>◆ युवा क्लब<br>◆ सहकारी संस्था<br>◆ निजी क्षेत्र<br>◆ संचार क्षेत्र<br>◆ सुरक्षा निकाय | ◆ बाल क्लब<br>◆ साहित्यिक प्रतिष्ठान<br>◆ धार्मिक तथा सांस्कृतिक संस्था<br>◆ श्रमिक तथा मजदुर प्रतिनिधिहरु<br>◆ ज्येष्ठ नागरिक असहाय, अपाङ्गता भएकाहरु<br>◆ जनजाति, दलित तथा उत्पीडित वर्ग<br>◆ सामाजिक, राजनीतिक तथा वौद्धिक व्यक्तित्वहरु<br>◆ गैरआवासीय नेपाली<br>◆ यातायात क्षेत्र<br>◆ पर्यटन क्षेत्र<br>◆ बैंक तथा वित्तीय क्षेत्र<br>◆ उद्योग तथा वाणिज्य |

# परिच्छेद चार :

## गाउँपालिकाको योजना तथा विकास नीति

### ४.१ उत्तरगयाको समृद्धि र विकासका लागि मुख्य संवाहक तथा अग्रणी क्षेत्रहरुको विश्लेषण

#### ४.१.१ भौतिक पूर्वाधार

सडक, खानेपानी, पुल, स्वास्थ्य, शिक्षा र विद्युत जस्ता भौतिक पूर्वाधार विकासको सुचक मात्रै हैन, आधारभूत आवश्यकता नै हो । भौतिक पूर्वाधारको विकासले मानवीय विकास सँगसँगै विकासका अन्य आयामहरुलाई प्रवर्द्धन गर्दछ । राम्रो सडक सम्पन्नताको सुचक हो । सडक विस्तार भौतिक विकासको न्यूनतम आधार मात्रै नभएर नागरिक-नागरिक बिच एकता र भावनात्मक सम्बन्धको स्रोत पनि हो । साथै गुणस्तरीय सडकले कृषि उपजलाई किसानको खेतबारी देखि बजारसम्म आपूर्ति गर्न मद्दत पुऱ्याउँछ । पर्याप्त खानेपानीको उपलब्धताले सिंचाइ मार्फत कृषि उत्पादन बढाउन मात्रै नभएर पूर्ण सरसफाई युक्त स्वस्थ समाज निर्माण तथा पर्यटन प्रवर्द्धनलाई पनि सहयोग पुग्दछ । पानीको अभावले प्रत्यक्ष रुपमा कृषि, पर्यटन, स्वास्थ्य लगायत विकासका अन्य आयामहरुलाई नकारात्मक असर गर्दछ । साथै उर्जा सम्बन्धी पूर्वाधारको अभावले समग्र विकासलाई असर पुऱ्याउँदछ । त्यसैले सामाजिक आर्थिक विकासका लागि भौतिक पूर्वाधारको विकास अनिवार्य र पहिलो शर्त हो । यस पालिकामा जिपलाईन, रक क्लाइम्बिङ, पर्यटकीय पदमार्ग, रेलवे, लोकमार्ग जस्ता विभिन्न भौतिक पूर्वाधारहरुको सम्भावना रहेको छ । साथै नेपाल सरकारले रेलवे र लोकमार्ग जस्ता उच्च सम्भावना बोकेका आयोजनाहरुको सम्भाव्यता अध्ययन समेत गरिरहेको छ ।

पुर्वाधार अन्तर्गत पनि यस गाउँपालिका भएर बग्ने त्रिशुली नदिबाट विद्युत उत्पादन भइरहेको छ ,यस पालिका अन्तर्गत तथा यस पालिका प्रभावित क्षेत्र भएका जलविद्युत आयोजनाबाट करिब ३४६ मेगावाट विजुली उत्पादन हुँदैछ । यसले पालिकाको मुहार फेर्ने कुरामा कुनै दुइमत छैन । खास गरी पालिकाले विद्युत उत्पादन, खपत र नागरिकहरुको पहुँचलाई सुनिश्चित गर्ने कुरामा विशेष जोड नै दिनुपर्छ । यस पालिकामा तपसिलका जलविद्युत आयोजनाहरु रहेका छन् :

- माथिल्लो मैलुङ - १७ मेगाबाट निर्माण सम्पन्न हुने चरणमा
- मैलुङ खोला - ५.६ मेगाबाट सम्पन्न
- माथिल्लो त्रिशूली ३ ए - ४० मेगावाट सम्पन्न
- माथिल्लो त्रिशूली ३ बी - ६८ मेगावाट निर्माणाधिन
- माथिल्लो त्रिशूली १ - २१६ मेगावाट निर्माणाधिन

#### ४.१.२ कृषि, पशुपंक्षी

यस पालिकामा कृषिजन्य उत्पादन वृद्धि गरी केहि कृषिजन्य उपजमा उत्तरगया गाउँपालिका आत्मनिर्भर बन्न सक्ने र थप रोजगारको सृजना हुन सक्ने र अरबौ रुपैयाको कृषिजन्य उपज निर्यात गर्न सक्ने प्रबल संभावना देखिन्छ । कृषि उत्पादन वृद्धिले स्थानीय पया-पर्यटनका लागि चाहिने आवश्यकीय उत्पादनको मागलाई समेत पूर्ति गर्नेछ । साथै यस पालिकामा कृषि, पशु र वन बीच आर्थिक दृष्टिकोणबाट अन्तरसम्बन्ध स्थापित गर्न सकिने संभावना छ । कृषि र वन दुवै क्षेत्रलाई अन्तरसम्बन्धित क्षेत्रका रुपमा विकास गरी कृषि वन (एग्रोफरेस्ट्री) उद्यमशीलतालाई प्रवर्द्धन गर्न सके जडिबुटी जस्ता बहुमूल्य वनजन्य उत्पादन, जनताको आयआर्जन तथा रोजगार वृद्धि गर्न सकिने संभावना पनि देखिन्छ। विगतका तथ्यांक र प्रवृत्तिलाई विश्लेषण गर्दा यस उत्तरगया गाउँपालिकाको समृद्धि र विकासका लागि कृषि तथा पशुपंक्षी प्राथमिकताका आधारमा मुख्य तथा अग्रणी क्षेत्र हो । उत्तरगया गाउँपालिमा रैथाने बालीहरुको प्रवर्द्धन गरी आर्थिक विकासमा समेत टेवा पुग्ने देखिन्छ ।

#### ४.१.३ शिक्षा र नव प्रवर्तन

- शिक्षा समाज र राष्ट्रको मेरुदण्ड हो । यो मेरुदण्ड बलियो भयो भने मात्रै राज्य बलियो हुन्छ । शिक्षित व्यक्ति भएको समाज चेतनशील, समतामुलक, सुव्यवस्थित र समुन्नत हुन्छ । नागरिकको लागि मात्रै हैन समग्र समाज र देशको समृद्धि र विकासको लागि शिक्षा पहिलो प्राथमिकतामा पर्दछ । गुणस्तरीय शिक्षा सम्पूर्ण नागरिकको पहुँचमा पुऱ्याई सक्षम, सभ्य र नैतिकवान असल नागरिक उत्पादन गर्ने हरेक राष्ट्रको लक्ष्य नै रहेको हुन्छ । शिक्षाले नै हरेक नागरिक शिक्षित, सभ्य, सिर्जनशील, उत्पादनशील, प्रतिस्पर्धी तथा सक्षम बन्न सक्छ । वैज्ञानिक, प्राविधिक, व्यावहारिक र सीपमूलक शिक्षामा गरेको लगानीले पर्याप्त दक्ष मानव संशाधनको विकास गरी उत्पादकत्व, उत्पादन तथा रोजगारीमा वृद्धि गरी समग्र सामाजिक, आर्थिक, सांस्कृतिक तथा पर्यावरणीय विकासमा टेवा पुग्दछ ।

- शिक्षालाई विशेष प्राथमिकतामा राखी यस पालिकाले बजेटको व्यवस्था गरेको छ । जीवनोपयोगी, प्राविधिक, व्यावसायिक, रोजगारमुलक, वैकल्पिक (बैदिक, आध्यात्मिक, योग शिक्षा आदि) संस्कारमुलक नैतिक, गुणस्तरीय शिक्षा प्रादन गर्ने अग्रणी पालिका बनाउन सकिने संभावना यस पालिकामा छ।

### ४.१.४ स्वास्थ्य र पोषण

- संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। राष्ट्रिय स्वास्थ्य नीति २०७१ ले गरिब, सिमान्तकृत र जोखिममा रहेका समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्य राखेको छ। स्वस्थ नागरिक कुनै पनि समाज र राष्ट्रको लागि अमूल्य मानव संशाधन हो । विश्व्यापी रुपमा फैलिएको कोरोना महामारीबाट सिर्जित स्वास्थ्य संकटले नै प्रमाणित गरेको छ कि स्वास्थ्य संकट तथा असुरक्षाले विकासका अन्य क्षेत्रहरुलाई पनि गम्भिर असर गर्दछ। हरेक समाज र राष्ट्रको दिगो विकास र समृद्धिका लागि गुणस्तरीय स्वास्थ्य सेवा मुख्य संवाहक हो।

### ४.१.५ उद्योग तथा उद्यमशीलता

- उत्तरगया गाउँपालिकामा कृषि, पशुपंक्षी तथा मत्स्य, पर्यटन, हर्वल एवं वन पैदावारमा आधारित उद्यम मात्रै नभएर अन्य प्रकारका साना, घरेलु, मझौला र ठुला उद्योगहरु सञ्चालन गर्न सकिने संभावना छ। उद्योग तथा उद्यमशीलता प्रवर्द्धनमार्फत रोजगारीको सृजना गर्न सकिने, स्थानीय उत्पादन  वृद्धि गरी आयातको प्रतिस्थापन र निर्यातको प्रवर्द्धन गर्न सकिने संभावना छ। रैथाने सीपकलासँग सम्बन्धित उद्योग तथा उद्यमशीलताहरुको प्रवर्द्धनमा जोड दिन जरुरी छ।

### ४.१.६ पर्यटन

- उत्तरगया गाउँपालिका पर्या-पर्यटन केन्द्रित विकासका लागि उपयुक्त पालिका हो । पर्या-पर्यटनको प्रवर्द्धन तथा विकास स्थानीय उत्पादन, जनताको आयआर्जन र रोजगारीको  वृद्धि गर्न सकिने भएकाले उत्तरगया गाउँपालिकाको समृद्धि र विकासका लागि पर्यटन क्षेत्र प्राथमिकताका आधारमा मुख्य तथा अग्रणी क्षेत्र हो । उत्तरगया गाउँपालिकामा विशेष गरी  साँस्कृतिक पर्यटन मार्फत समेत आर्थिक विकास गर्न सकिने सम्भावना रहेको छ।

### ४.१.७ सुशासन

- असल शासन पद्धति मार्फत सरकारी निकायले सरकारी संयन्त्रलाई जनमुखी बनाई नागरिकको अपेक्षा अनुरुप छिटो, छरितो, पारदर्शी र प्रभावकारी सेवा प्रदान गर्दछ। नागरिक मैत्री कुशल प्रशासनले गाउँपालिकाको समग्र विकास योजना, नीति तथा कार्यक्रम कुशलतापूर्वक कार्यान्वयन गरी विकासलाई दिगो र विकासको गतिलाई तिव्र बनाउन मद्दत गर्दछ। सुशासनले नै अन्य विकासका संवाहकहरुलाई टेवा पुऱ्याउँदछ। सेवाप्रवाह विद्युतीय प्रणाली, मोवाईल एप्स गुनासोको स्वचालित सुनुवाई हुने व्यवस्था, पालिकाका प्रत्येक नागरिकलाई सुसुचित हुने पक्षलाइ सुनिश्चित, समानुपातिकता, लैससास मुलप्रवाहीकरण जस्ता विषयमा ध्यान दिन आवश्यक देखिन्छ।

### ४.१.८ विज्ञान तथा प्रविधि

- हरेक क्षेत्रमा विकास भएका वैज्ञानिक ज्ञान, आविष्कार, उत्पादन तथा आधुनिक प्रविधिको उपयोगले नागरिकको जीवनलाई थप सडक उत्पादनशील र उन्नत बनाएको छ। प्रविधिको उपयोगले कम लागत, कम समय र कम मिहिनेतमा उत्पादकत्व र उत्पादनमा वृद्धि गर्दछ। आधुनिक समाज निर्माणका लागि विकासका हरेक आयाममा प्रविधिको प्रयोग अपरिहार्य नै भैसकेको छ। वैज्ञानिक विधि आधुनिक प्रविधि र नवप्रवर्तनको माध्यमबाट नागरिकहरुले छिटोछरितो सहजरुपमा गुणस्तरीय सार्वजनिक सेवा प्राप्त गर्न सक्छ र सुशासन कायम गर्न मद्दत पुऱ्याउँदछ। त्यसैले हरेक समाज र राष्ट्रको दिगो विकास र समृद्धिका लागि विज्ञान तथा प्रविधि मुख्य संवाहक हो।

### ४.२.समृद्धि र विकासका लागि सहयोगी क्षेत्रहरु

| क्रम.सं. | क्षेत्र |
|---|---|
| १ | प्राकृतिक स्रोत साधन तथा सौन्दर्य |
| २ | धार्मिक तथा सांस्कृतिक सम्पदा |
| ३ | भूगोल (भौगोलिक अवस्थिति) |
| ४ | स्थानीय विविधता |
| ५ | मानव संशाधन |
| ६. | राष्ट्रिय लोकमार्ग तथा प्रस्तावित रेलमार्ग |
| ७ | अन्तर्राष्ट्रिय नाका |

# परिच्छेद पाँच :

## गाउँपालिकाको समष्टिगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरु

### ५.१ उत्तरगया गाउँपालिकाको सोच

- **समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयाबासी**

- आगामी २० वर्ष भित्र उत्तरगया गाउँपालिका समुन्नत एवं समृद्ध पालिकाको रुपमा विकास भई सबै नागरिकहरुले सुखी एवं खुशी भएको महसुस गर्नेछन् ।

| १. समृद्ध | २. सभ्य | ३. खुशी |
|---|---|---|
| स्थानीय आर्थिक विकास क्षेत्रको पहिचान र परिचालन | शिक्षित र स्वावलम्बी | सर्वसुलभ आधुनिक एवं सघन अन्तर आवद्धता |
| मानव संशाधनको विकास तथा उपयोग | सम्पदाहरुको संरक्षण र विकास | पूर्ण लोकतान्त्रिक शासन व्यवस्था |
| उत्पादन र बजारीकरणमा केन्द्रित भौतिक पूर्वाधार निर्माण | भाषा, कला संस्कृति र साहित्यको संरक्षण र विकास | सबैका लागि सरल, सहज, सदाचारयुक्त सार्वजनिक सेवा |
| आर्थिक उपार्जनमा सामाजिक न्याय सहितको समतामूलक सहभागिता र समानता | परिष्कृत तथा मर्यादित जीवन | आधारभूत आवश्यकता परिपूर्तिको सुनिश्चितताका साथै दिगो जीविकोपार्जनको उपलव्धता र न्यायपूर्ण वितरण |
| उच्च र दिगो उत्पादन तथा उत्पादकत्व र समतामुलक आय | सुरक्षित न्यायपूर्ण समाज | आधुनिक सूचना र प्रविधिमा अर्थपूर्ण पहुँच |

### ५.२ समष्टिगत दीर्घकालीन लक्ष्य

- सक्षम मानव संशाधन, उच्च उत्पादन तथा आयआर्जन, गुणस्तरीय जीवन, सुरक्षित वातावरण सुशासित स्थानीय सरकार तथा सघन आवद्धता भएको सुव्यवस्थित, आधुनिक एवं दिगो रुपमा विकसित गाउँपालिका ।

### ५.३ उत्तरगया गाउँपालिकाका समष्टिगत परिमाणात्मक लक्ष्यहरु

#### कृषि क्षेत्र

| क्रम.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | कुल ग्रार्हस्थ उत्पादनमा कृषि तथा पशुपंक्षी क्षेत्रको हिस्सा | प्रतिशत | २३.९५ | २५ | ३० |
| २ | प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (धान, मकै, कोदो, फापर, जौ र गहुँ) मे. टन प्रति हेक्टर | टन | २ | ३ | ४ |
| ३ | तेलहन बालीको उत्पादकत्व (मे. टन प्रति हेक्टर) | टन | ०.५ | २ | ५ |
| ४ | आलु बालीको उत्पादकत्व (मे. टन प्रति हेक्टर) | टन | ३ | ६ | १२ |
| ५ | कृषि तथा पशुपंक्षी सम्बन्धी व्यावसायिक प्रतिष्ठान | प्रतिशत | ४० | ५० | ५० |
| ६ | ३० मिनेट सम्मको दूरीमा कृषि उपज विक्रीका लागि बजार उपलब्ध भएका कृषक परिवार | प्रतिशत | २० | ४० | १०० |
| ७ | खेतीयोग्य जमिनमध्ये सिंचित जमिन | प्रतिशत | ७५ | ८० | ९५ |
| ८ | वर्षभरी सिंचाई हुने खेतीयोग्य जमिन | प्रतिशत | ९ | २० | ४५ |
| ९ | अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २३ | २५ | ३० |
| १० | कृषि तथा पशु बीमामा आवद्ध परिवार | प्रतिशत | ३० | ६० | ९० |

**श्रोत:** गाउँपालिकाको वडा तथा पालिकास्तरमा भएका समुह केन्द्रित छलफल २०७९/८०

### पर्यटन

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | पर्यटन आगमन | वार्षिक | २९०० | ४००० | ५००० |
| २ | पर्यटन क्षेत्रमा थप प्रत्यक्ष रोजगारी सिर्जना | संख्या | ८० | १०० | २५० |
| ३ | पर्यटन मार्फत आयआर्जन वृद्धि | प्रतिशत | १० | २० | ३० |
| ४ | प्रति पर्यटक खर्च (प्रतिदिन) | हजार | ३ | ७ | १० |
| ५ | पर्यटकको औसत बसाई | दिन | १ | ३ | ७ |

**श्रोत:** गाउँपालिकाको वडा तथा पालिकास्तरमा भएका समुह केन्द्रित छलफल २०७९/८०

### उद्योग, वाणिज्य, तथा आपूर्ति

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | कुल ग्रार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको हिस्सा | प्रतिशत | ५ | १० | ३० |
| २ | कुल आर्थिक प्रतिष्ठान मध्ये औद्योगिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ० | ५ | १० |
| ३ | कुल ग्राहस्थ उत्पादनमा वाणिज्य क्षेत्र (थोक तथा खुद्रा व्यापार) को हिस्सा | प्रतिशत | १० | ३० | ४० |
| ५ | कुल व्यापारिक प्रतिष्ठान मध्ये दर्ता भएका प्रतिष्ठान | प्रतिशत | ६० | १०० | १०० |

**श्रोत:** गाउँपालिकाको वडा तथा पालिकास्तरमा भएका समुह केन्द्रित छलफल २०७९/८०

### सहकारी तथा वित्तीय क्षेत्र

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | बैंकिङ तथा वित्तीय संस्थामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ७९ | १०० | १०० |

**श्रोत:** गाउँपालिकाको वडा तथा पालिकास्तरमा भएका समुह केन्द्रित छलफल २०७९/८०

### शिक्षा

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | पाँच वर्ष भन्दा माथिको (१४ वर्षसम्म) साक्षरता दर | प्रतिशत | १०० | १०० | १०० |
| २ | पन्ध्र वर्ष भन्दा माथिको साक्षरता दर युवा साक्षरता दर (१५ देखि २४ वर्ष) | प्रतिशत | ९६.६६ | १०० | १०० |
| ३ | विद्यालय भर्ना, निरन्तरता र टिकाउ दर (आधारभूत तह) | प्रतिशत | ९० | १०० | १०० |
| ४ | स्कुल परित्याग दर (आधारभूत तह) | प्रतिशत | | ० | ० |

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| ५ | विद्यालय भर्ना, निरन्तरता र टिकाउ दर (माध्यमिक तह) | प्रतिशत | ९९ | १०० | १०० |
| ६ | स्कुल परित्याग दर (माध्यमिक तह) | प्रतिशत | | ० | ० |
| ७ | क्याम्पस मा कुल भर्ना दर | प्रतिशत | | ३० | ९० |
| ८ | आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी | प्रतिशत | ० | ० | ० |
| ९ | बाल कक्षा र पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर | प्रतिशत | १०० | १०० | १०० |
| १० | विद्यालय शिक्षा (१-१२) शिक्षक-विद्यार्थी अनुपात | अनुपात | २५ | २० | २० |

**श्रोत:** गाउँपालिकाको वडा तथा पालिकास्तरमा भएका समुह केन्द्रित छलफल २०७९/८०

### स्वास्थ्य, खाद्य सुरक्षा तथा पोषण

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७०.५ | ७५ | ८० |
| २ | ५ वर्ष मुनिको बालमृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० |
| ३ | शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० |
| ४ | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० |
| ५ | पहिलो बच्चा जन्माउने औसत उमेर (प्रजनन योग्य उमेरका महिला) | प्रतिशत | १८.०६ | २२ | २२ |
| ६ | कुल प्रजनन दर (प्रति महिला शिशु जन्म) | दर | २.५ | २ | २ |
| ७ | किशोरी अवस्थाको प्रजनन (प्रजनन योग्य उमेरका महिलाको अनुपात) | प्रतिशत | १८ | ५ | ५ |
| ८ | परिवार नियोजनका आधुनिक साधनको प्रयोग गर्ने प्रजनन योग्य उमेरका महिला | प्रतिशत | ११.३ | ५० | १०० |
| ९ | प्रजनन योग्य उमेरका महिलामा परिवार नियोजनका आधुनिक साधनको सूचना | प्रतिशत | ११ | ५० | १०० |
| १० | संस्थागत सुत्केरी सेवाको उपयोग | प्रतिशत | १०० | १०० | १०० |
| ११ | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिएका महिला | प्रतिशत | १०० | १०० | १०० |
| १२ | ३० मिनेट सम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ९० | ९५ | १०० |
| १३ | एच.आई.भी. रोकथाम बारे जानकारी प्राप्त प्रजनन योग्य उमेरका महिला | प्रतिशत | १०० | १०० | १०० |
| १४ | स्वास्थ्य बीमामा आवद्ध जनसंख्या | प्रतिशत | १६.२६ | ६० | १०० |
| १५ | कुपोषण प्रभावित जनसंख्या | प्रतिशत | ० | ० | ० |

| क्रम.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| १६ | पाँच वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | ० | ० | ० |
| १७ | पाँच वर्ष मुनिका बालबालिकामा दुब्लोपन | प्रतिशत | ० | ० | ० |
| १८ | पाँच वर्ष मुनिका बालबालिकाका पुड्कोपन | प्रतिशत | ० | ० | ० |
| १९ | प्रजनन योग्य उमेरका महिलामा रक्तअल्पता | प्रतिशत | ३ | ० | ० |
| २० | पाँच वर्ष मुनिका बालबालिकाका रक्तअल्पता | प्रतिशत | ० | ० | ० |

**श्रोत:** गाउँपालिकाको वडा तथा पालिकास्तरमा भएका समुह केन्द्रित छलफल २०७९/८०

### खाद्यान्न पर्याप्तता

| क्रम.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | आफ्नै उत्पादनले ३ महिना भन्दा कम पर्याप्तता भएका घरधुरी | घरधुरी | ३७२ | २०० | ० |
| २ | आफ्नै उत्पादनले ६ महिना भन्दा कम खान पुग्ने घरधुरी | घरधुरी | ९०२ | ६०२ | ३०० |
| ३ | आफ्नै उत्पादनले ६-१२ महिनासम्म पुग्ने घरपरिवार | घरधुरी | ११११२ | १४०० | १८०० |
| ४ | आफ्नै खेतीले १२ महिना खान पुग्ने घर परिवार | घरधुरी | २४६ | ३०० | ४०० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | २०।९७ | ३० | ५० |
| ६ | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | १४।१३ | ७ | ० |

**श्रोत:** गाउँपालिकाको वडा तथा पालिकास्तरमा भएका समुह केन्द्रित छलफल २०७९/८०

## मानव संशाधन

| क्रम.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | जनघनत्व (जना प्रति वर्ग कि.मि.) | जना | ८२ | १०० | ११० |
| २ | प्रति परिवार औसत सदस्य संख्या | जना | ३.९१ | ४ | ४ |
| ३ | ऋणात्मक जनसंख्या वृद्धिदर (बसाई सरेर जाने उच्च दर) भएका वडा | संख्या | २ | ० | ० |
| ४ | विकासका लागि संभावित एवं आर्थिक रुपले सक्रिय जनसंख्या (१७ वर्ष देखि ५९) | प्रतिशत | ६४.२८ | ६५ | ६५ |
| ५ | आर्थिक रुपले सक्रिय उमेर समुहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त | अनुपात | ३० | ५० | १०० |

**श्रोत:** गाउँपालिकाको वडा तथा पालिकास्तरमा भएका समुह केन्द्रित छलफल २०७९/८०

## श्रम तथा रोजगार

| क्रम.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | श्रमशक्ति सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ४८.९५ | ५० | ६० |
| २ | बेरोजगारी दर | प्रतिशत | ७.४ | ४ | ० |
| ३ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | २८.०९ | ३५ | ५० |
| ४ | रोजगारी र जनंख्याको अनुपात | प्रतिशत | ४८.९५ | ५८ | ६५ |

**श्रोत:** गाउँपालिकाको वडा तथा पालिकास्तरमा भएका समुह केन्द्रित छलफल २०७९/८०

## सामाजिक सुरक्षा

| क्रम.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | ८० | ८५ | १०० |
| २ | स्वास्थ्य बीमामा आवद्ध जनसंख्या | प्रतिशत | १८।२२ | ६५ | १०० |

**श्रोत:** गाउँपालिकाको वडा तथा पालिकास्तरमा भएका समुह केन्द्रित छलफल २०७९/८०

## लैङ्गिक समता

| क्रम.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | घर जग्गामा एकल स्वामित्व भएका महिला (१५ देखि ४९ वर्ष) | प्रतिशत | ३० | ४० | ६० |
| २ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | ० | ० | ० |

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| ३ | विगत १२ महिनामा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | ० | ० | ० |
| ४ | स्थानीय तहमा निर्वाचित महिला | प्रतिशत | ४५ | ४५ | ५० |
| ५ | प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात | प्रतिशत | ४०.२५ | ४५ | ५० |
| ६ | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | अनुपात | १०० | १०० | १०० |

**श्रोत:** गाउँपालिकाको वडा तथा पालिकास्तरमा भएका समुह केन्द्रित छलफल २०७९/८०

## वनजंगल

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | कुल ग्रार्हस्थ उत्पादनमा वनको हिस्सा | प्रतिशत | १.५ | १.२५ | १ |
| २ | वनसम्बन्धी व्यावसायिक प्रतिष्ठान (कुल प्रतिष्ठानको हिस्सा) | प्रतिशत | २.५६ | १० | ३० |
| ३ | प्रतिष्ठानहरुमा संलग्न कुल जनशक्ति मध्ये वनसम्बन्धी प्रतिष्ठानमा | प्रतिशत | ३.३२ | १५ | २५ |

**श्रोत:** गाउँपालिकाको वडा तथा पालिकास्तरमा भएका समुह केन्द्रित छलफल २०७९/८०

## वातावरण र विपद् व्यवस्थापन

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | वायु प्रदुषणको औसत मात्रा (पि पि एम २.५) | माइक्रोग्राम प्रति घन मि | २५ भन्दा कम | १२.५ भन्दा कम | १२.५ भन्दा कम |
| २ | अनुकूलन योजना तयार भई कार्यान्वयन भएको या नभएको | भएको वा नभएको | भएको | भएको | भएको |
| ३ | विपद्का घटनाबाट प्रभावित घरपरिवार प्रतिशत | प्रतिशत | २० | १० | १० |

**श्रोत:** गाउँपालिकाको वडा तथा पालिकास्तरमा भएका समुह केन्द्रित छलफल २०७९/८०

## भौतिक पूर्वाधार

| क्रम.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | सडकमा पहुँच प्राप्त परिवार | प्रतिशत | ७५ | १०० | १०० |
| २ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९९.३६ | १०० | १०० |
| ३ | आधारभूत खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ६३.८९ | ८० | १०० |
| ४ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ४७.३९ | ८० | १०० |
| ५ | इन्टरनेट प्रयोगकर्ता (कुल जनसंख्यामा) | प्रतिशत | १४.९७ | ८० | १०० |
| ६ | प्रतिव्यक्ति प्रतिवर्ष विद्युत् उपभोग | किलोवाट घण्टा | १८० | ७५० | ३५०० |
| ७ | सुरक्षित भवन आचारसंहिताको मापदण्ड अनुसार निर्मित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | १९.७३ | ६० | १०० |
| ८ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ९१.८७ | ९५ | १०० |
| ९ | ३० मिनेटको पैदल दूरीमा बजार केन्द्रको पहुँच पुगेको परिवार | प्रतिशत | ७० | ९० | १०० |
| १० | सुधारिएको सरसफाई सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ४७.३५ | ८५ | १०० |
| ११ | खाना पकाउन ठोस इन्धन (दाउरा, गुइँठा आदि) प्रयोग गर्ने परिवार | प्रतिशत | ७४.९० | ५० | ५ |

**श्रोत:** गाउँपालिकाको वडा तथा पालिकास्तरमा भएका समुह केन्द्रित छलफल २०७९/८०

## सुशासन

| क्रम.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०९९/२१०० को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ० | ७५ | १०० |
| २ | पाँच वर्ष मुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ८७ | १०० | १०० |
| ३ | उत्तरगयाको कुल खर्चमा बेरुजुको अनुपात | रु. हजारमा | ५४८८२ | ० | ० |

**श्रोत:** गाउँपालिकाको वडा तथा पालिकास्तरमा भएका समुह केन्द्रित छलफल २०७९/८०

## ५.४ समष्टिगत दीर्घकालीन उद्देश्यहरु एवं रणनीतिहरु

### ५.४.१ उद्देश्यहरु

- **उद्देश्य नं. १ :** उत्पादन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्नु ।
- **उद्देश्य नं. २ :** उत्तरगयाको अर्थतन्त्रलाई सबल बनाई दीगो, समावेशी तथा उच्च आर्थिक वृद्धि हासिल गर्नु ।
- **उद्देश्य नं. ३ :** आधारभूत तथा अत्यावश्यक सेवासुविधामा सबै नागरिकको समतामुलक रुपमा पहुँच पुऱ्याई जीवनयापनलाई सहज र गुणस्तरीय बनाउनु ।

### ५.४.२ रणनीतिहरु

| उद्देश्यहरु | रणनीतिहरु |
|---|---|
| **उद्देश्य १) :** उत्पादन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्नु । | ◆ प्राविधिक तथा व्यावसायिक शिक्षा एवं क्षमता अभिवृद्धि तालिम मार्फत हरेक क्षेत्रमा पर्याप्त दक्ष जनशक्तिको विकास गरी उक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रहरुमा संलग्न गराउने ।<br>◆ उत्पादन वृद्धि तथा निर्यात प्रवर्द्धनका लागि आवश्यकीय स्रोतसाधन, प्राविधिक सामग्री, प्रविधि उत्पादकको पहुँचमा पुऱ्याउने ।<br>◆ उत्पादन वृद्धि, औद्योगिकीकरण तथा निर्यात प्रवर्द्धनका लागि आवश्यकीय संरचना तथा पुर्वाधारको विकास, विस्तार र व्यवस्थापन गर्ने ।<br>◆ आयातलाई प्रतिस्थापन गरी निर्यातका लागि तुलनात्मक लाभ दिन सक्ने एवं उच्चमुल्य प्राप्त गर्न सकिने उत्पादनबारे पहिचान गरी वृद्धि गर्ने । |
| **उद्देश्य २)**<br>उत्तरगयाको अर्थतन्त्रलाई सबल बनाई दीगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्नु । | **रणनीति**<br>◆ कृषि, खाद्य, पशुपंक्षी, वन, पर्यटन लगायत अन्य उत्पादनशील क्षेत्रहरुमा साना, घरेलु, मझौला र ठुला स्तरका उद्योग तथा उद्यमशीलताको प्रवर्द्धन गरी दीगो तथा मर्यादित रोजगारीको सिर्जना र नागरिकहरुको आयआर्जन वृद्धि गर्न ।<br>◆ सहकारी तथा निजी क्षेत्र लगायत अन्य लगानीकर्तालाई लगानीमैत्री वातावरण र नीतिनियमको व्यवस्था गरी सम्बन्धीत सबै सरोकारवाला क्षेत्रहरुसँग सहकार्य, समन्वय र साझेदारी गर्ने ।<br>◆ रैथाने सीप कला सस्कृतिको जगेर्ना, पुस्तान्तरण गर्ने र आर्थिक उपार्जनसँग एकाकार गराउने । |
| **उद्देश्य ३)** आधारभूत तथा अत्यावश्यक सेवासुविधामा सबै नागरिकको समतामुलक रुपमा पहुँच पुऱ्याई जीवनयापनलाई सहज र गुणस्तरीय बनाउनु । | **रणनीति**<br>◆ गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा, पर्याप्त स्वच्छ खानेपानी तथा स्वस्थ्य एवं पोषिलो खाद्यान्न सबै नागरिकको पहुँचमा पुऱ्याइनेछ ।<br>◆ स्वच्छ, सफल, हरियाली, तथा सुरक्षित वातावरण कायम गरी हरेक नागरिकको गुणस्तरीय एवं सुरक्षित जीवनको सुनिश्चितता गर्ने ।<br>◆ महिला, बालबालिका, ज्येष्ठ नागरिक, असहाय, अपाङ्गता भएका व्यक्ति लगायत अन्य पीडित नागरिकहरुको सामाजिक सुरक्षाको सुनिश्चतता गर्ने ।<br>◆ दीगो तथा गुणस्तरीय भौतिक पूर्वाधार निर्माण गरी सबै नागरिकको जीवनयापनलाई सहज बनाउने ।<br>◆ योजनाबद्ध ढंगले हरेक गाउँबस्तीलाई व्यवस्थित तथा सुरक्षित गाउँबस्तीका रुपमा विकास गर्ने ।<br>◆ मानव अधिकारको संरक्षण तथा न्याय प्रणालीको सुदृढिकरण मार्फत हरेक नागरिकलाई सामाजिक न्यायमा पहुँच दिलाउने ।<br>◆ शासकीय सुधार, प्रशासकीय सुशासन, वित्तीय सुशासन तथा सञ्चार तथा सूचना प्रविधिको उपयोग मार्फत सबै नागरिकलाई छिटोछरितो गुणस्तरीय सेवा सुविधा प्रवाह गर्ने । |

### ५.४.३ समग्र अपेक्षित उपलब्धिहरु

- हरेक क्षेत्रमा पर्याप्त दक्ष जनशक्तिको विकास भई उत्पादनशील क्षेत्रहरुमा संलग्न जनशक्तिको संख्यामा वृद्धि हुनेछ।
- आवश्यकीय स्रोतसाधन, प्राविधिक सामग्री, प्रविधि उत्पादकको पहुँचमा पुगी उत्पादन र उत्पादकत्व वृद्धि हुनेछ।
- उत्पादन वृद्धि, औद्योगिकीकरण तथा निर्यात प्रवर्द्धनका लागि आवश्यकीय संरचना तथा पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन हुनेछ।
- तरकारी लगायत केहि कृषि उत्पादनमा पालिका आत्मनिर्भर भई आयातको प्रतिस्थापन र निर्यातमा वृद्धि हुनेछ।
- कृषि, खाद्य, पशुपंक्षी, वन, पर्यटन लगायत अन्य उत्पादनशील क्षेत्रहरुमा साना, घरेलु, मझौला र ठुला स्तरका उद्योगको संख्यात्मक रुपमा वृद्धि हुनेछ।
- उद्यमशीला तथा औद्योगिकीकरणको प्रवर्द्धनमार्फत दीगो तथा मर्यादित रोजगारीको आयआर्जन वृद्धि हुनेछ।
- सहकारी तथा निजी क्षेत्र लगायत अन्य लगानीकर्तासँग सहकार्य, समन्वय र साझेदारी भई कृषि, खाद्य, पशुपंक्षी, वन, पर्यटन लगायत अन्य उत्पादनशील क्षेत्रहरुमा लगानी वृद्धि हुनेछ।
- उत्तरगयाको अर्थतन्त्र सबल हुनेछ र दीगो तथा उच्च आर्थिक वृद्धि हासिल हुनेछ।
- गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा, पर्याप्त स्वच्छ खानेपानी तथा स्वस्थ एवं पोषिलो खाद्यान्नमा सबैको नागरिकको समतामूलक रुपमा पहुँच पुग्नेछ।
- स्वच्छ, सफा, हरियाली तथा सुरक्षित वातावरण कायम गरी हरेक नागरिकको गुणस्तरीय एवं सुरक्षित जीवनको सुनिश्चतता भएको हुनेछ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, असहाय, अपाङ्गता भएका व्यक्ति लगायत अन्य पीडित नागरिकहरुको सामाजिक सुरक्षाको सुनिश्चितता भएको हुनेछ।
- दीगो तथा गुणस्तरीय भौतिक पूर्वाधार निर्माण भई सबै नागरिकको जीवनयापन सहज भएको हुनेछ।
- यस पालिकाका हरेक गाउँबस्ती व्यवस्थित तथा सुरक्षित गाउँबस्ती रुपमा विकास भएको हुनेछ।
- मानव अधिकारको संरक्षण तथा अन्य प्रणालीको सुदृढिकरण मार्फत हरेक नागरिकले सामाजिक न्यायमा पहुँच भएको प्रत्याभूति गर्नेछन्।
- उत्तरगया गाउँपालिकाका सबै नागरिकहरुले छिटोछरितो गुणस्तरीय सेवा सुविधा प्राप्त गरेको अनुभूति गर्नेछन्।

### ५.४.४ गुरुयोजनाका क्षेत्रगत विषयहरु

यस अनुच्छेदमा क्षेत्रगत रुपमा विकासका आयामहरुको सोच, लक्ष्य तथा उद्देश्यहरु राखिएको जसबाट आगामी २० वर्षमा कहाँ र कसरी पुग्ने भन्ने मार्गदर्शन हुनेछ।

| क्रम संख्या | विषयगत क्षेत्र |
|---|---|
| ४.७.४.१. | आर्थिक विकास क्षेत्र |
| ४.७.४.२. | सामाजिक विकास क्षेत्र |
| ४.७.४.३ | भौतिक पूर्वाधार क्षेत्र |
| ४.७.४.४. | वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र |
| ४.७.४.५. | सुशासन तथा सेवा प्रवाह क्षेत्र |

# परिच्छेद छ :

## विषय क्षेत्रगत दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्यहरु

गुरुयोजनाले परिलक्षित गरेका सोचहरुलाई पुरा गर्न क्षेत्रगत रुपमा समेत सोच, लक्ष्य तथा उद्देश्यहरु हुन जरुरी हुन्छ जसका क्षेत्रगत पक्षहरुको तपसिलमा उल्लेख गरिएको छः

| विषय क्षेत्र | दीर्घकालीन सोच | दीर्घकालीन लक्ष्य | दीर्घकालीन उद्देश्यहरु |
|---|---|---|---|
| **१.१. कृषि** | तरकारी, फलफूल तथा पशुपंक्षीजन्य उपजमा आत्मनिर्भर-किसानमैत्री पालिका। | दीगो, आधुनिक तथा व्यावसायिक कृषिको प्रवर्द्धन गरी उत्पादन, उत्पादकत्व, आयआर्जन तथा रोजगारीका अवसर वृद्धि गर्ने। | १) कृषि उत्पादन र कृषि उत्पादकत्व वृद्धि गरी तरकारी, फलफुल लगायत अन्य कृषि उपजमा आत्मनिर्भर पालिका बनाउनु।<br>२) परम्परागत कृषिलाई पूर्णरुपमा आधुनिकीकरण र यान्त्रिकीकरण गर्नु।<br>३) कृषि उद्यमशीलता, व्यावसायिक कृषि, कृषिको औद्योगीकरणलाई प्रवर्द्धन गरी कृषि उद्यमी तथा उद्योगीको संख्या सँगसँगै रोजगारीका अवसरहरु वृद्धि गर्नु।<br>४) वातावरणमैत्री तथा प्राङ्गारिक खेती प्रवर्द्धनगरी पालिकालाई स्वस्थ कृषि उत्पादनको हबका रुपमा विकास गर्नु। |
| **१.२. पशुपंक्षी विकास** | पशुपंक्षी क्षेत्रको विकास मार्फत समुन्नत पालिका निर्माण गर्ने। | उद्यमशीलता विकास मार्फत स्वच्छ, स्वस्थ, सुरक्षित एवम् गुणस्तरीय अण्डा, माछा, मासु तथा दुग्धजन्य बस्तुहरुको उत्पादनमा वृद्धि गरी किसानहरुको आयआर्जन र रोजगारीका अवसरहरु वृद्धि गर्ने। | १) पशुपंक्षी तथा मत्स्यजन्य उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनगर्नु।<br>३) उद्यमशीलता विकास तथा प्रवर्द्धनमार्फत आयआर्जन र रोजगारीका अवसरहरु वृद्धि गर्नु।<br>३) स्वच्छ, स्वस्थ, सुरक्षित एवम् गुणस्तरीय अण्डा, माछा, मासु तथा दुग्धजन्य बस्तुहरुको उत्पादन गरी आपूर्ति गर्नु। |
| **१.३. पर्यटन** | उत्तरगया गाउँपालिकाको दिगो पर्यटन विकास मार्फत अधिकतम आर्थिक विकास। | उत्तरगया गाउँपालिकालाई काठमाडौ नजिकैको एक उत्कृष्ट पर्या पर्यटकीय गन्तव्यका रुपमा स्थापित गराई पर्यटकको आगमन, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धि गर्ने। | १) आन्तरिक तथा वाह्य पर्यटन आगमनमा वृद्धि गर्नु।<br>२) पर्यटन उद्यमशीलता मार्फत उत्पादन, रोजगारी तथा आयआर्जन वृद्धि गर्नु।<br>३) पर्यटन पूर्वाधार र विविधतायुक्त पर्यटकीय स्थलहरुको विकास र प्रवर्द्धन गर्नु। |
| **१.४. उद्योग, वाणिज्य तथा आपूर्ति** | आर्थिक वृद्धि तथा विकासका लागि औद्योगिक क्षेत्रको उच्चतम विकास। | उद्यमशीलता प्रवर्द्धन मार्फत बस्तु तथा सेवाको सहज आपूर्ति र आयात प्रतिस्थापन गरी निर्यात, आयआर्जन तथा रोजगारीमा वृद्धि गर्ने। | १) उत्तरगया गाउँपालिकालाई उद्यमशील नागरिक युक्त गाउँपालिकाको रुपमा विकसित गर्नु।<br>२) लगानीमैत्री वातावरण सिर्जना गरी विभिन्न उद्योगहरु स्थापना र सञ्चालन गर्नु।<br>३) स्थानीय स्तरमा उत्पादन वृद्धि गरी उत्पादित बस्तुहरुको बजारीकरण, सहज, आपूर्ति, आयात प्रतिस्थापन तथा निर्यातलाई प्रवर्द्धनगर्नु। |
| **१.५. सहकारी तथा वित्तीय क्षेत्र** | वित्तीय पहुँच र सहकारिता मार्फत आर्थिक सामाजक रुपान्तरण। | स्थानीय स्तरमा उपलब्ध स्रोत, श्रम, सीप र पूँजीको सामुहिक परिचालन तथा वित्तीय पहुँच मार्फत गरिबी न्यूनीकरण गर्ने। | १) स्थानीय सहकारी संस्थाहरुको स्तरोन्नति, विकास तथा सुशासन प्रवर्द्धनगर्नु।<br>२) वित्तीय पहुँच र सहकारी मार्फत रोजगार सिर्जना तथा उत्पादन वृद्धि गर्नु। |

| विषय क्षेत्र | दीर्घकालीन सोच | दीर्घकालीन लक्ष्य | दीर्घकालीन उद्देश्यहरु |
|---|---|---|---|
| **२.१. स्वास्थ्य** | स्वच्छ उत्तरगया, सबल उत्तरगयाबासी । | सबै उत्तरगयाबासीलाई गुणस्तरीय स्वास्थ्य सेवाहरु निःशुल्क, सहज, सर्वसुलभ र व्यवस्थित रुपमा उपलब्ध गराई स्वस्थ र सबल नागरिक बनाउने । | १) महिला, बालबालिका नागरिक, अपाङ्गता भएका तथा असहाय नागरिक, दलित, विपन्न लगायत सिमान्तकृत नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा, निःशुल्क, तथा सहजरुपमा प्रादन गर्नु ।<br>२) दीगो स्वास्थ्य संस्था एवं प्रणालीको विकास, स्तरोन्नति, सुदृढिकरण तथा विस्तार गरी गुणस्तरीय तथा विशिष्टीकृत स्वास्थ्य सेवा समतामूलक ढंगले प्रदान गर्नु ।<br>३) जीवनशैली, आहारव्यवहार र स्वास्थ्यमा सुधार ल्याउनु ।<br>४) महामारीको नकारात्मक असरहरुलाई न्यूनीकरण गर्नु । |
| **२.२. खाद्य सुरक्षा** | खाद्य तथा पोषण सुरक्षित उत्तरगया गाउँपालिका सुनिश्चित गर्ने । | सम्पूर्ण गाउँपालिका बासीलाई आवश्यकीय सुरक्षित तथा पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने । | १) सम्पूर्ण गाउँपालिकाबासीको स्थितिमा सुधार ल्याएर पूर्ण पोषित पालिका घोषणा गर्नु ।<br>२) सुरक्षित तथा पोषणयुक्त स्थानीय बालीहरुको संरक्षण र उत्पादन प्रवर्द्धन गर्दै उपभोग बढाउनु ।<br>३) बालबालिका, जेष्ठ नागरिक, गरिब, अशक्त तथा सीमान्तकृत समुदाय लगायत सबैलाई सुरक्षित तथा पोषणयुक्त खाद्यान्नको नियमित पहुँच पुऱ्याउनु । |
| **२.३. शिक्षा** | गुणस्तरीय शिक्षा आफ्नै पालिकामा । | गुणस्तरीय शिक्षा सम्पूर्ण गाउँपालिकाबासीका पहुँचमा पुऱ्याई सक्षम, सभ्य र नैतिकवान असल नागरिक उत्पादन गर्ने । | १) गुणस्तरीय तथा आधुनिक शिक्षा प्रदान गर्दै दक्ष जनशक्तिको उत्पादन गर्नु ।<br>२) जीवनोपयोगी, व्यवसाय तथा रोजगारमुखी शिक्षा प्रदान गर्नु ।<br>३) सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय शिक्षामा समावेश गर्नु |
| **२.४. विज्ञान, प्रविधि तथा अनुसन्धान** | विज्ञान, प्रविधि र आविष्कार क्षेत्रको विकासद्वारा उत्तरगया गाउँपालिकाको आधुनिक विकास | उत्तरगया गाउँपलिकालाई विज्ञान, प्रविधि र आविष्कार क्षेत्रको प्रमुख प्रबर्द्धक पालिका बनाउने । | १) विज्ञान, प्रविधि र आविष्कार क्षेत्रको प्रवर्द्धन गर्नु । |
| **२.५. मानव संशाधन** | पर्याप्त मात्रामा दक्ष मानव संशाधनको विकास । | भविष्यमा आवश्यक पर्ने विविध विधामा पर्याप्त मात्रामा दक्ष मानव संशाधनको विकास गरी समग्र विकास र समृद्धिका लागि उपयोग गर्ने । | १) आवश्यकीय जनशक्तिको प्रक्षेपण र आंकलन गरी मानव संशाधन विकास योजना तर्जुमा गर्नु ।<br>२) पर्याप्त मात्रामा दक्ष, गुणस्तरीय तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी उपयोग गर्नु । |
| **२.६. श्रम तथा रोजगार** | दक्ष, सीपयुक्त, उद्यमशील तथा प्रतिस्पर्धी जनशक्तिको विकासद्वारा उत्तरगयामै पर्याप्तमात्रामा गुणस्तरीय रोजगारी | गाउँपालिका भित्रै पर्याप्त रोजगारी सिर्जना गरी उत्तरगयाका युवाहरुले रोजगारको लागि अन्यत्र जाने प्रवृत्तिको अन्त्य गर्ने । | १) दक्ष, सीपयुक्त, उद्यमशील तथा प्रतिस्पर्धी जनशक्तिको विकास र वृद्धि गर्नु ।<br>२) गुणस्तरीय, सुरक्षित, मर्यादित र सम्मानजनक रोजगारीका अवसरहरु सिर्जना गर्नु । |

| विषय क्षेत्र | दीर्घकालीन सोच | दीर्घकालीन लक्ष्य | दीर्घकालीन उद्देश्यहरु |
|---|---|---|---|
| **२.७. युवा** | युवाहरुलाई उत्तरगयाको समृद्धि र विकासको प्रमुख संवाहक बनाउने । | शिक्षित, सचेत, सक्षम, प्रतिस्पर्धी, उद्यमशील, आत्मनिर्भर, नैतिकवान तथा समाजप्रति उत्तरदायी र जिम्मेवार युवाहरुको विकास, उपयोग र परिचालन गर्न । | ३) युवा विकास तथा सशक्तिकरण नीति तथा कार्यक्रम मार्फत युवा वर्गको क्षमताको विकास तथा अभिवृद्धि गर्नु ।<br>४) पालिकाको समग्र विकास तथा क्षेत्र तथा प्रक्रियामा युवालाई समावेश गरी दीगो सामाजिक आर्थिक विकासको मुख्य संवाहक बनाउनु |
| **२.७. खेलकुद** | भलिबल लगायत अन्य खेलकुदको लागि नेपालकै उपयुक्त हल । | उत्तरगयालाई राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरै उच्च प्रतिस्पर्धा गर्न सक्ने पदक बिजेता खेलाडीहरुको गाउँपालिका बनाउने । | १) खेलकुदसँग सम्बन्धित पूर्वाधारहरु निर्माण गर्नु ।<br>२) खेलाडीहरुलाई सक्षम तथा प्रतिस्पर्धी बनाउनु ।<br>३) साहसिक खेल पर्यटनको हब बनाउनु । |
| **२.८. महिला, बालबालिका, ज्येष्ठ नागरिक, असहाय, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक सुरक्षा र समावेशीता** | सबै महिला, बालबालिका, ज्येष्ठ नागरिक, असहाय, अपाङ्गता भएका व्यक्तिहरु सक्षम, सम्मानित, तथा सुरक्षित भएको पालिका । | उत्तरगयाका सम्पूर्ण महिला, बालबालिका, ज्येष्ठ नागरिक, असहाय, अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण, समावेशीकरण तथा सुरक्षा गर्ने | १) महिलाहरुको निर्णायक तहमा प्रभावकारी तथा अर्थपूर्ण उपस्थिति, सहभागिता तथा भूमिका सुनिश्चितता गर्नु ।<br>२) महिला, ज्येष्ठ नागरिक, असहाय, अपाङ्गता भएका व्यक्तिहरुलाई सशक्तिकरण गरी सक्षम, सबल र आत्मनिर्भर बनाउनु ।<br>३) सबै प्रकारका हिंसा, विभेद, शोषण अन्त्य गरी विकासका सबै प्रक्रियामा सहभागी गराउनु ।<br>४) बालबालिकाको हेरचाह, स्वास्थ्य, पोषण र सुरक्षा गर्नु ।<br>५) ज्येष्ठ नागरिकको मान, सम्मान, सेवा, हेरचाह र सुरक्षाको प्रत्याभूति दिलाउनु ।<br>६) हरेक नागरिकको सामाजिक सुरक्षा र संरक्षणको सुनिश्चितता गर्नु । |
| **२.९. भाषा, साहित्य, संस्कृति र सम्पदा** | स्थानीय धर्म, संस्कृति, साहित्य, भाषा, कला र सम्पदाको दिगो संरक्षण । | उत्तरगया गाउँपालिका भित्रका धार्मिक तथा सांस्कृतिक सम्पदालाई संरक्षण र सम्वर्द्धन गरी धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रवर्द्धन गर्ने । | १) स्थानीय धर्म, संस्कृति, परम्परा, भेषभुषा, चाडपर्व, मेला, भाषा, साहित्य, कला र सम्पदालाई संरक्षण र सम्वर्द्धन गरी प्रवर्द्धन गर्नु ।<br>२) धार्मिक तथा सांस्कृतिक सम्पदा र ऐतिहासिक प्राचीन स्थलहरुको मर्मत संभार, पुनःनिर्माण र विकास गर्नु । |
| **३.१. ऊर्जा** | दीगो रुपमा उर्जा सुरक्षित पालिका । | दिगो, गुणस्तर र सुलभ वैकल्पिक ऊर्जामा सबैको पहुँच पुऱ्याइने । | १) उर्जा आपूर्तिलाई दिगो, व्यवस्थित, भरपर्दो तथा प्रभावकारी बनाउनु ।<br>२) वैकल्पिक उर्जाको पहुँच तथा खपत बढाउनु । |
| **३.२. सडक, पुल तथा यातायात** | गुणस्तरीय सडक तथा यातायात सेवासुविधायुक्त उत्तरगया गाउँपालिका । | सुरक्षित, दीगो तथा गुणस्तरीय सडक तथा यातायात सेवा सुविधा सुनिश्चतता गर्ने । | १) सबै नागरिकको पहुँच हुने गरी पालिका क्षेत्रभित्र सुरक्षित, तथा गुणस्तरीय सडक तथा अन्य सडक पूर्वाधार निर्माण गर्नु ।<br>२) सबै नागरिकलाई लागत प्रभावी, भरपर्दो, व्यवस्थित, सर्वसुलभ, वातावरणमैत्री, सुरक्षित, प्रविधिमैत्री, तथा गुणस्तरीय यातायात सेवा सुविधा सुनिश्चितता गर्नु । |
| **३.३. भवन तथा आवास एवं बस्ती विकास** | गुणस्तरीय, सुरक्षित एवं सुव्यवस्थित बस्तीहरु । | योजनावद्ध रुपमा गुणस्तरीय, सुरक्षित, मौलिक र सुव्यवस्थित आवास, भवन तथा बस्तीहरुको विकास गर्ने । | १) गुणस्तरीय, सुरक्षित, सुलभ, मौलिक आवास तथा भवन निर्माणलाई प्रवर्द्धन गर्नु ।<br>२) योजनाबद्ध ढंगले सुव्यवस्थित बस्तीहरुको विकास गर्नु । |

| विषय क्षेत्र | दीर्घकालीन सोच | दीर्घकालीन लक्ष्य | दीर्घकालीन उद्देश्यहरु |
|---|---|---|---|
| **३.४. भू-संरक्षण, भूमि व्यवस्थापन तथा भू-उपयोग** | भूमिको संरक्षण, भूमिको वैज्ञानिक व्यवस्थापन तथा पूर्ण सदुपयोग । | भूमिको संरक्षण, वैज्ञानिक व्यवस्थापन तथा पहुँच मार्फत योजनाबद्ध, सुरक्षित, व्यवस्थित तथा आत्मनिर्भर पालिकाको विकास गर्ने । | १) भूमिको संरक्षण, वैज्ञानिक व्यवस्थापन तथा सदुपयोग गर्नु ।<br>२) भूमिहीन, कृषक र विपन्नहरुको भूमिमा पहुँच पुऱ्याउनु । |
| **३.५. सञ्चार तथा सूचना प्रविधि पूर्वाधार** | सूचना तथा संचार प्रविधिको विकास मार्फत डिजिटल उत्तरगयाको विकास । | सूचना तथा संचार विधिलाई सम्पूर्ण उत्तर गयाबासीको पहुँचमा पुऱ्याई नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउने । | १) गुणस्तरीय, सुरक्षित र भरपर्दो सूचना तथा संचार प्रविधिलाई प्रवर्द्धनगरी सबैको पहुँचमा पुऱ्याउनु ।<br>२) प्रविधियुक्त तथा प्रविधिमैत्री दक्ष मानवीय क्षमताको विकास गर्नु । |
| **४.१. वन, जडिबुटी, वन्यजन्तु, जैविक विविधता तथा खनिज सम्पदा** | विविध वनजन्य स्रोतसाधन तथा खनिज सम्पदाको संरक्षण र उपयोग मार्फत आर्थिक वृद्धि । | वन, वनस्पति, जडिबुटी, वन्यजन्तु, जैविक विविधता तथा खनिज सम्पदाको दीगोरुपमा वैज्ञानिक ढंगले संरक्षण, सम्वर्द्धन र समुचित उपयोग गरी उत्पादन, उत्पादकत्व, रोजगारी र आयआर्जन वृद्धि गर्ने । | १) वन, वनस्पति, जडिबुटी, वन्यजन्तु, जैविक विविधता तथा खनिज सम्पदाको दीगोरुपमा वैज्ञानिक ढंगले संरक्षण गर्नु ।<br>२) वनमा आधारित उद्योगहरु सञ्चालन गरी वन क्षेत्रको व्यावसायिकरण तथा औद्योगिकीकरण गर्दै उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु ।<br>३) जैविक विविधता, प्राकृतिक स्रोत साधन लगायत वातावरणीय सेवा, सुविधा र अवसरबाट प्राप्त हुने लाभको समानुपातिक तथा न्यायोचित वितरण सुनिश्चित गर्नु । |
| **४.२. वातावरण, फोहोर व्यवस्थापन एवं जलवायु परिवर्तन** | वातावरणमैत्री हरित उत्तरगया गाउँपालिका । | नेपालकै स्वच्छ, सफा, सुन्दर, आकर्षक तथा हरित गाउँपालिका । | १) गाउँपालिकाको हरेक टोल, बस्ती तथा स्थलहरुलाई स्वच्छ, सफा र हरियाली राख्नु ।<br>२) वातावरणमैत्री पूर्वाधारहरुको निर्माण तथा स्तरोन्नति गर्दै फोहरको उचित, प्रभावकारी तथा वैज्ञानिक व्यवस्थापन गर्नु ।<br>३) जलवायु परिवर्तनले पारेको नकारात्मक असर तथा दुष्प्रभावलाई न्यूनीकरण तथा अनुकूलन गर्नु |
| **४.३. जल उत्पन्न प्रकोप नियन्त्रण तथा विपद व्यवस्थापन** | प्रकोप प्रतिरोधात्मक तथा सुरक्षित गाउँपालिका । | विपद्बाट हुने मानवीय, भौतिक, सामाजिक, सांस्कृतिक, पर्यावरणीय तथा आर्थिक जोखिमलाई नियन्त्रण गर्ने । | १) वैज्ञानिक रुपमा अध्ययन-अनुसन्धान गरी गाउँपालिकाको प्रकोप प्रतिरोधात्मक कार्ययोजना बनाई कार्यान्वयन गर्नु ।<br>२) विपद् पूर्वतयारी विपद् पूर्वसूचना तथा आवश्यकीय व्यवस्थापन गरी विपद् जोखिम न्यूनीकरण गर्नु ।<br>३) पीडितको तत्काल उद्धार, राहत तथा पुनर्स्थापना र पूर्वाधारको पुनर्निर्माण गर्नु । |

| विषय क्षेत्र | दीर्घकालीन सोच | दीर्घकालीन लक्ष्य | दीर्घकालीन उद्देश्यहरु |
|---|---|---|---|
| **५.१. लोकतन्त्र, सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र** | लोकतान्त्रिक पद्धतिमा आधारित सुशासित गाउँपालिका । | लोकतान्त्रिक पद्धति तथा असल शासन व्यवस्था अवलम्बन गरी हरेक नागरिकलाई सहज रुपमा छिटोछरितो तथा गुणस्तरीय सार्वजनिक सेवासुविधा प्रदान गर्ने । | १) सक्षम, प्रभावकारी, जनसेवामुखी, जनउत्तरदायी, जवाफदेही, पारदर्शी र विकास तथा समृद्धि उन्मुख असल स्थानीय शासन व्यवस्था लागु गर्नु ।<br>२) भ्रष्टाचाररहित सुशासन युक्त गाउँपालिका निर्माण गर्नु ।<br>३) विभेदरहित, समतामुलक, समावेशी तथा मानवअधिकार मैत्री गाउँपालिकाको निर्माण गर्नु ।<br>४) स्थानीय तहको न्यायिक क्षेत्राधिकार भित्र रही न्यायको सुनिश्चितता गर्नु ।<br>५) गाउँपालिका भित्रका हरेक नागरिकको संविधान प्रदत्त मौलिक अधिकारहरुको संरक्षण गर्नु ।<br>६) सार्वजनिक आय व्यय र खरिदलाई पारदर्शी तथा व्यवस्थित बनाई असल वित्तीय शासन प्रणाली अवलम्बन गर्नु |
| प्रतिफल १.१९ | बेचबेस्ड रिसोर्स म्यापिङ्ग मार्फत गाउँपालिकाको विकास निर्माणमा भएको प्रगति र सुधारलाई नियमित रुपमा गाउँपालिका केन्द्रबाटै मोनिटरिङ्ग गरिने व्यवस्था गरिएको हुने । | प्रगति अनुगमन प्रणाली सञ्चालन | वर्ष | | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल १.२० | सार्वजनिक स्थलहरुमा सचेतनामूलक, सूचनामूलक तथा जानकारीमूलक विद्युतीय होर्डिङ्ग बोर्डहरु राखिएको हुने । | सचेतनामूलक होर्डिङ्ग बोर्डहरु राखिएका सार्वजनिक स्थल | प्रतिशत | ६० | ९० | १०० | १०० | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल १.२१ | विद्युतीय नागरिक वडापत्र राखी सूचना प्रविधिको उपयोग मार्फत नागरिक वडापत्रको प्राथमिकतामा सार्वजनिक सेवा प्रवाह गरिएको हुने । | विद्युतीय नागरिक वडापत्र भएका वडा कार्यालय | संख्या | ० | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल १.२२ | हरेक वडामा नियमित रुपमा हरेक महिना एकीकृत घुम्ती सेवा शिविर आयोजना गरी विभिन्न सेवाहरु नागरिकको घरनजिककै प्रदान गरिने व्यवस्था मिलाइएको हुने । | एकीकृत घुम्ती सेवा शिविर कार्यक्रम | संख्या | ५ | १० | २० | ३० | प्रतिवेदन | ७ | ८ | १६ |
| | | एकीकृत घुम्ती सेवा शिविर कार्यक्रम मार्फत लाभान्वित समुदाय | प्रतिशत | ६० | १०० | १०० | १०० | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल १.२३ | गाउँपालिकाको नीति, ऐन, कानुन लगायत गाउँपालिकाले गरेका गतिविधिहरु र पालिकाका विविध पक्षहरुका बारेमा सूचना तथा जानकारी प्रदान गर्नका लागि उत्तरगया मुखपत्र प्रकाशन गरिएको हुने । | उत्तरगया मुखपत्र प्रकाशन | संख्या | ० | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व. २०७९/८० को यथार्थ | लक्ष्य | | | सूचनाको श्रोत | प्रा.ल.नं | दी.रा.ल.नं. | दि.वि.ल.नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०८९/९० को लक्ष्य | आ.व. २०९९/ २१०० को लक्ष्य | | | | |
| प्रतिफल १.२४ | श्रव्यदृश्य सामग्री मार्फत गाउँपालिकाले गरेका गतिविधिहरु र पालिकाका विविध पक्षहरुका बारेमा सूचना तथा जानकारी प्रदान गर्नका लागि 'उत्तरगयावर्ष' नामक वृत्तचित्र निर्माण गरी विभिन्न माध्यम मार्फत प्रसारण गरिएको हुने । | उत्तरगयावर्ष वृत्तचित्र निर्माण | संख्या | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल १.२५ | सार्वजनिक प्रशासनमा कार्यरत जनशक्तिका लागि नियमित रुपमा प्रशासनिक क्षमता तालिम सञ्चालन गरिएको हुने । | प्रशासनिक क्षमता विकास कार्यक्रम | संख्या | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| | | प्रशासनिक क्षमता विकास कार्यक्रममा सहभागी जनशक्ति | प्रतिशत | २० | १०० | १०० | १०० | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल १.२६ | कर्मचारीको कार्यसम्पादन तथा सृजनात्मक क्षमता अभिवृद्धि गर्न कार्यसम्पादन मूल्यांकनका आधारमा तालिममा सहभागिताको अवसर प्रदान गरिएको हुने । | कर्मचारीको कार्यसम्पादन तथा सृजनात्मक क्षमता अभिवृद्धि तालिम व्यवस्थापन | पटक | ० | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल १.२७ | सार्वजनिक प्रशासनमा कार्यरत जनशक्तिका लागि विद्युतीय शासन प्रणाली एवं सूचना तथा संचार प्रविधि उपयोग सम्बन्धी क्षमता तालिम सञ्चालन गरिएको हुने । | सूचना तथा संचार प्रविधि सम्बन्धी तालिममा | संख्या | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| | | सुचना तथा संचार प्रविधि सम्बन्धी तालिममा सहभागी जनशक्ति | प्रतिशत | ३० | १०० | १०० | १०० | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल १.२८ | सार्वजनिक प्रशासनमा भएको जनशक्तिका लागि सूचना प्रविधिका साधन, उपकरण तथा सामग्रीको व्यवस्थापन गरिएको हुने । | प्रविधियुक्त प्रशासनिक जनशक्ति | प्रतिशत | १० | १०० | १०० | १०० | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल १.२९ | सार्वजनिक प्रशासनमा भएका जनशक्तिहरुको वृत्ति विकासका लागि अध्ययन भ्रमणमा सहभागी गराइएको हुने । | प्रशासनिक जनशक्तिहरुको वृत्ति विकासका लागि अध्ययन भ्रमण कार्यक्रम | संख्या | ० | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल १.३० | प्रशासनिक जनशक्तिहरुको हित, कल्याण, वृत्ति विकास तथा सुरक्षाको लागि कर्मचारी प्रोत्साहन कोषको व्यवस्था गरिएको हुने । | कर्मचारी प्रोत्साहन कोषको व्यवस्था | वर्ष | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल १.३१ | नागरिकलाई सहजरुपमा सार्वजनिक सेवाप्रवाह गर्ने कार्यमा संलग्न कर्मचारीहरुलाई प्रोत्साहन गर्न कर्मचारी प्रोत्साहन भत्ताको व्यवस्था गरिएको हुने । | कर्मचारी प्रोत्साहन भत्ता व्यवस्था | वर्ष | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल १.३२ | नागरिकलाई सहजरुपमा छिटोछरितो उच्च गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्ने कार्यमा संलग्न कर्मचारीहरुलाई हरेक वर्ष नगद रकम सहित सम्मान गरिएको हुने । | उच्च गुणस्तरीय सार्वजनिक सेवाप्रवाह गर्ने कार्यमा संलग्न भई नगद रकम सहित सम्मान हासिल गर्ने कर्मचारी | संख्या | ० | | | | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल १.३३ | सबै विषयगत शाखाका कर्मचारीको प्रगति विवरण प्रस्तुतिकरण गर्ने व्यवस्था गरिएको हुने । | प्रगति विवरण प्रस्तुतिकरण कार्यशाला संचालन | संख्या | २ | २० | २० | २० | प्रतिवेदन | ७ | ८ | १६ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व. २०७९/८० को यथार्थ | लक्ष्य | | | सूचनाको श्रोत | प्रा.ल.नं | दी.रा.ल.नं | दि.वि.ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०८९/९० को लक्ष्य | आ.व. २०९९/ २१०० को लक्ष्य | | | | |
| प्रतिफल १.३४ | गाउँ कार्यपालिकाको प्रशासकीय भवन, वडा नं. १, ३, ४ र ५ वडामा सुविधासम्पन्न प्रशासकीय भवन निर्माण गरिएको हुने। | गाउँ कार्यपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न प्रगति | प्रतिशत | ० | १०० | | | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल १.३५ | प्रशासकीय पूर्वाधारहरुको सुधार तथा सुदृढिकरण गरिएको हुने। | प्रशासकीय पूर्वाधारहरुको सुदृढिकरण कार्यक्रम | वर्ष | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल १.३७ | विद्युतीय शासन प्रणाली अन्तर्गत आवश्यक पर्ने सफ्टवेयरहरु निर्माण गरी लागु गरिएको हुने। | सफ्टवेयर निर्माण कार्यक्रम | पटक | ० | ५ | ५ | १० | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल १.३८ | अंग्रेजी वर्षको सेप्टेम्बर महिनाको पहिलो एक हप्तालाई निजामति सेवा दिवसको अवसर पारेर स्थानीय सार्वजनिक सेवा सप्ताहका रुपमा मनाइएको हुने। | स्थानीय सार्वजनिक सेवा सप्ताह | पटक | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| **असर २** | **भ्रष्टाचाररहित सुशासनयुक्त गाउँपालिका निर्माण गरिएको हुने।** | | | | | | | | **७** | **८** | **१६** |
| प्रतिफल २.१ | भ्रष्टाचारजन्य क्रियाकलापमा शून्य सहनशीलताको नीति अवलम्बन गरिएको हुने। | भ्रष्टाचार निवारण कानुन तर्जुमा | | १ | १ | १ | १ | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल २.२ | भ्रष्टाचारजन्य क्रियाकलापलाई न्यूनीकरण गर्नका लागि सचेतना अभिवृद्धि गरिएको हुने। | भ्रष्टाचारजन्य क्रियाकलाप न्यूनीकरणका लागि सचेतना अभिवृद्धि कार्यक्रम | पटक | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| **असर ३** | **विभेदरहित, समतामूलक, समावेशी तथा मानवअधिकारमैत्री गाउँपालिकाको निर्माण गरिएको हुने।** | | | | | | | | **७** | **८** | **१६** |
| प्रतिफल ३.१ | मानवअधिकार मैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गरिएको हुने। | मानवअधिकार सम्बन्धी नीति तथा ऐन कानुन सचेतना गोष्ठी | पटक | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल ३.२ | संविधानले प्रत्याभूत गरेको मौलिक हकहरुको बारेमा जनचेतना अभिवृद्धि गरिएको हुने। | मानवअधिकार सचेतना कार्यक्रम | पटक | १ | २५ | २५ | २५ | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल ३.३ | गाउँपालिका भित्र हुने सबै प्रकारका विभेद, भेदभाव, छुवाछुत, हिंसा, कुप्रथा तथा कुरीतिको अन्त्य गरिएको हुने। | भेदभाव, हिंसा तथा कुप्रथाका विरुद्ध सचेतना कार्यक्रम संख्या | पटक | २ | २५ | २५ | २५ | प्रतिवेदन | ७ | ६ | १६ |
| | | सबै प्रकारका विभेद, भेदभाव, छुवाछुत, हिंसा, कुप्रथा तथा कुरीति न्यूनता दर | प्रतिशत | १ | ५० | २५ | १० | प्रतिवेदन | ७ | ६ | १६ |
| प्रतिफल ३.४ | मानवअधिकारसँग सम्बन्धित घटनाहरुको नियमित रुपमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरिएको हुने। | मानवअधिकार अध्ययन, अनुसन्धान तथा अनुगमन कार्यक्रम | संख्या | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व. २०७९/८० को यथार्थ | लक्ष्य | | | सूचनाको श्रोत | प्रा.ल.सं | दी.रा.ल.सं | दि.वि.ल.सं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०८९/९० को लक्ष्य | आ.व. २०९९/ २१०० को लक्ष्य | | | | |
| प्रतिफल ३.५ | मानवअधिकारको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको सशक्तिकरणका लागि मानवअधिकार सम्बन्धी कार्यशाला आयोजना गरिएको हुने । | मानव अधिकार कार्यशाला आयोजना | पटक | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल ३.६ | मानवअधिकारका क्षेत्रमा कार्यरत संघसंस्थाहरु लगायत अन्य निकायहरुको सहकार्यमा विश्व मानवअधिकार दिवसलाई भव्यरुपमा मनाइएको हुने । | विश्व मानवअधिकार दिवस | पटक | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| **असर ४** | **स्थानीय तहको न्यायिक क्षेत्राधिकार भित्र रही न्यायको सुनिश्चितता गरिएको हुने** | | | | | | | **प्रतिवेदन** | **७** | **६** | **१६** |
| प्रतिफल ४.१ | गाउँपालिकाको हरेक वडामा गठन भएका संस्थागत संरचनाहरुलाई सुदृढिकरण गरिएको हुने । | संस्थागत संरचनाहरुको सुदृढिकरण भएका वडाहरु | संख्या | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल ४.२ | न्यायिक प्रक्रियामा संलग्न शासकीय तथा प्रशासकीय मानवीय संशाधनको क्षमता विकास तथा संयन्त्रहरुको संस्थागत क्षमता विकास गरिएको हुने । | न्याय प्रणाली सुधारका लागि क्षमता विकास तालिम संचालन | | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ६ | १६ |
| प्रतिफल ४.३ | न्यायिक समिति र मेलमिलाप समितिलाई न्यायिक निरुपणका लागि सशक्तिकरण गरिएको हुने । | न्यायिक समिति र मेलमिलाप समिति सशक्तिकरण | पटक | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ६ | १६ |
| **असर ५** | **गाउँपालिका भित्रका हरेक नागरिकको संविधान प्रदत्त मौलिक अधिकारहरुको संरक्षण गरिएको हुने ।** | | | | | | | | **७** | **६** | **१६** |
| प्रतिफल ५.१ | प्रहरीलाई जनमुखी बनाउन गाउँपालिका प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिएको हुने । | गाउँपालिका प्रहरी साझेदारी कार्यक्रम संचालन | पटक | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ६ | ११ |
| प्रतिफल ५.२ | आवश्यक स्थानमा प्रहरी चौकी स्थापनाका लागि पहल गरिएको हुने । | आवश्यकीय स्थानमा प्रहरी चौकी स्थापना | संख्या | १ | १ | १ | १ | प्रतिवेदन | ७ | ६ | ११ |
| प्रतिफल ५.३ | अस्थायी प्रहरी चौकीलाई प्राविधिक स्रोतसाधन व्यवस्थापनका लागि सहयोग गरिएको हुने । | प्रहरी चौकी प्राविधिक स्रोतसाधन व्यवस्थापन कार्यक्रम | पटक | | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ६ | ११ |
| प्रतिफल ५.४ | गाउँपालिकाको विभिन्न संवेदनशील स्थानमा सी.सी. टि.भी. व्यवस्थापन गरिएको हुने । | सी.सी. टि.भी. क्यामेरा व्यवस्थापन तथा जडान | पटक | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ६ | ११ |
| प्रतिफल ५.५ | शान्ति सुरक्षा तथा सुव्यवस्थाका विविध विषयहरुका बारेमा सञ्चार क्षेत्रसँग सहकार्य गरी कार्यक्रमहरु तथा श्रव्य-दृश्य सामग्रीहरु निर्माण तथा प्रसारण गरिएको हुने । | शान्ति सुरक्षा तथा सुव्यवस्थाका लागि संचालित सचेतना कार्यक्रम | पटक | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ६ | ११ |
| **असर ६** | **सार्वजनिक आय-व्यय र खरिदलाई पारदर्शी तथा व्यवस्थित बनाई असल वित्तीय शासन प्रणाली अवलम्बन गरिएको हुने ।** | | | | | | | | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष आ.व. २०७९/८० को यथार्थ | लक्ष्य | | | सूचनाको श्रोत | प्रा.ल.नं | दी.रा.ल.नं | दि.वि.ल.नं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८४/८५ को लक्ष्य | आ.व. २०८९/९० को लक्ष्य | आ.व. २०९९/ २१०० को लक्ष्य | | | | |
| प्रतिफल ६.१ | वित्तीय व्यवस्थापन तथा सुशासन प्रणालीसँग सम्बन्धित प्रशासकीय जनशक्तिको क्षमता तथा संस्थागत संरचनाको सवलीकरण गरिएको हुने। | वित्तीय सुशासन क्षमता विकास कार्यक्रम | पटक | १ | ५ | ५ | ५ | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल ६.२ | गाउँपालिकाबाट सञ्चालन हुने सम्पूर्ण योजना, परियोजना तथा कामकारवाहीलाई अनलाइन प्रणालीमा राख्ने व्यवस्था गरिएको हुने । | गाउँपालिकाबाट सञ्चालन हुने सम्पूर्ण योजना, परियोजना तथा कामकारवाही अनलाइन प्रणालीमा व्यवस्थापन कार्य सम्पन्न प्रगति | प्रतिशत | ३० | १०० | १०० | १०० | प्रतिवेदन | ७ | ८ | १६ |
| प्रतिफल ६.३ | राजश्व सुधार सम्बन्धी कार्ययोजना तर्जुमा गरिएको हुने । | राजश्व सुधार सम्बन्धी कार्ययोजना तर्जुमा | पटक | १ | १ | १ | १ | प्रतिवेदन | ७ | ८ | १६ |
| **लगानी** | **वार्षिक कार्यक्रम तथा बजेट, क्षमता विकास तालिम, जनशक्ति, विद्युतीय शासन प्रणाली, ऐन, नियम, विनियम, कार्यविधि तथा निर्देशिका आदि ।** | | | | | | | | | | |

# परिच्छेद बाह्र :

## श्रोत अनुमान तथा विश्लेषण

### १२.१ विगतमा प्राप्त श्रोतको अवस्था

गाउँपालिकाको आन्तरिक आय थोरै भए पनि हरेक वर्ष वृद्धि हुदै गएको छ जुन सकरात्मक संकेत हो । आ.व. २०७८/२०७९ मा संघबाट प्राप्त वित्तीय समानीकरणको बजेट भने घटेर आइए तर पछिल्लो आर्थिक वर्षहरुमा क्रमसः बढिरहेको छ । त्यसै गरी आ. व. २०७८/२०७९ मा प्रदेशबाट प्राप्त हुने वित्तीय समानीकरण र सशर्त अनुदान अन्तर्गतको बजेट घटेर आएको छ। यस कुरामा पालिकाले सहजीकरणको भूमिका बढाउनु पर्ने देखिन्छ। तर यस प्रक्षेपणमा आ.व. २०७९/२०८० लाई आधार मानी २० वर्षका लागि २० प्रतिशतले वृद्धि हुन सक्ने सम्भावना भएता पनि वृद्धि अनुमान १० प्रतिशत मात्र गरिएको छ।

तालिका १ गाउँपालिकाको विगत आम्दानी प्रक्षेपण

| शीर्षक र स्रोत | आ.व २०७९/२०८० को अनुमान | पाँच वर्षको आय प्रक्षेपण | दश वर्षको आय प्रक्षेपण | बीस वर्षको आय प्रक्षेपण |
|---|---|---|---|---|
| संघीय सरकार | २३२,१९७,००० | १,७३२,९३८,४६२ | २,७९०,९१४,७२३ | ८,३७२,७४४,१६९ |
| समानीकरण अनुदान | ७६,३००,००० | ५१२,४०१,०४३ | ८२५,२२७,००४ | २,४७५,६८१,०११ |
| सशर्त अनुदान चालु | १३४,४९७,००० | ९०३,२२९,३९८ | १,४५४,६५९,९७८ | ४,३६३,९७९,९३४ |
| सशर्त अनुदान पूँजीगत | २१,४००,००० | १४३,७१४,०५४ | २३१,४५२,९२१ | ६९४,३५८,७६३ |
| विशेष अनुदान चालु | - | १३४,३१२,२०० | २१६,३११,१४१ | ६४८,९३३,४२४ |
| विशेष अनुदान पूँजीगत | - | ३९,२८१,७६७ | ६३,२६३,६७९ | १८९,७९१,०३६ |
| प्रदेश सरकार | ४७,४७८,००० | ३१८,८४३,७३२ | ५१३,५०१,०१८ | १,५४०,५०३,०५४ |
| समानीकरण अनुदान | ७,६७६,००० | ५१,५४९,०२२ | ८३,०२०,२१६ | २४९,०६०,६४८ |
| सशर्त अनुदान चालु | १९,८०२,००० | १३२,९८२,५०९ | २१४,१६९,६६१ | ६४२,५०८,९८३ |
| विशेष अनुदान चालु | २०,०००,००० | १३४,३१२,२०० | २१६,३११,१४१ | ६४८,९३३,४२४ |
| राजश्व बाँडफाँड | ५६,६४८,९७१ | ३८५,३७६,९११ | ६२०,६५३,३८२ | १,८६१,९६०,१४७ |
| बाँडफाँड भइ प्राप्त हुने मूल्य अभिवृद्धि कर | २८,६९७,०८२ | १९२,७१८,४०८ | ३१०,३७४,९२३ | ९३१,१२४,७६९ |
| बाँडफाँड भइ प्राप्त हुने अन्तः शुल्क | १०,०१८,६४२ | ६७,२८१,२९५ | १०८,३५७,१९८ | ३२५,०७१,५९४ |
| बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ८,९६७,६२७ | ६०,२२३,०८४ | ९६,९८९,८७९ | २९०,९६९,६३७ |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी | २०२,७८० | १,३६१,७९० | २,१९३,१७७ | ६,५७९,५३१ |
| बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ८,७६०,९८८ | ५८,८३५,३७८ | ९४,७५४,९६५ | २८४,२६४,८९६ |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | | ४,९५०,४७९ | ७,९७२,७९६ | २३,९१८,३८८ |
| बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | १,८५३ | ६,४८५ | १०,४४४ | ३१,३३२ |
| आन्तरिक श्रोत | ३५,८९०,८७५ | २४६,११६,४९८ | ३९६,३७३,०८१ | १,१८९,११९,२४२ |
| भूमिकर/ मालपोत | १५६,०५७ | १,०४८,०१९ | १,६८७,८४६ | ५,०६३,५३८ |
| घरबहाल कर | २९४,५६३ | १,९७८,१७० | ३,१८५,८६३ | ९,५५७,५८९ |
| वहाल विटौरी कर | | ३,६८०,१८८ | ५,९२६,९७९ | १७,७८०,९३८ |
| नक्सा पास दस्तुर | ४१,४२१ | २७८,१६७ | ४४७,९११ | १,३४३,९७४ |
| सीफारिश दस्तुर | ३२२,०९९ | २,१६३,०९१ | ३,४८३,६८० | १०,४५१,०४० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १२५,२०० | ८४०,७९४ | १,३५४,१०८ | ४,०६२,३२३ |
| नाता प्रमाणित दस्तुर | ५,६०० | ३७,६०७ | ६०,५६७ | १८१,७०१ |
| अन्य दस्तुर | ६९,५०० | ४६६,७३५ | ७५१,६८१ | २,२५५,०४४ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | २१०,००० | १,४१०,२७८ | २,२७१,२६७ | ६,८१३,८०१ |

| शीर्षक रस्रोत | आ.व २०७९/२०८० को अनुमान | पाँच वर्षको आय प्रक्षेपण | दश वर्षको आय प्रक्षेपण | बीस वर्षको आय प्रक्षेपण |
|---|---|---|---|---|
| न्यायिक दण्ड, जरिवाना र जफत | १२,००० | ८०,५८७ | १२९,७८७ | ३८९,३६० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | | १,०७९,५३४ | १,७३८,६०१ | ५,२१५,८०२ |
| अन्य राजश्व | ८८०,३९७ | ५,९१२,४०० | ९,५२१,९७९ | २८,५६५,९३६ |
| बेरुजू | | ३२७,६५५ | ५२७,६९१ | १,५८३,०७३ |
| बैंक मौज्दात | ३३,७७४,०३९ | ४३,१०५,१८३ | ५५,०१४,३५० | ८९,६१२,५६० |
| **जम्मा आय रु मा** | **३७२,२१४,८४७** | **२,४९९,५६७,५३३** | **४,०११,१७१,५१३** | **११,९५८,०८४,०४९** |

**श्रोत:** उत्तरगया गाउँपालिका २०८०

प्रदेश सरकारले उत्तरगयाको भूगोलमा सञ्चालन गर्दै आएको भौतिक पूर्वाधारको कार्यक्रम समेत क्रमसः बढाउदै गएको देखिन्छ।

### १२.२ श्रोतको अनुमान तथा प्रक्षेपण

उत्तरगया गाउँपालिकाको यस प्रथम गुरुयोजना गाउँपालिका लगायत स्थानीयस्तरका सबै सरोकारवालाहरुको सार्थक प्रयत्नबाट कार्यान्वयन हुनेछ। नतिजा तालिकामा उल्लेखित लक्ष्य प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा गाउँपालिकाको आन्तरिक र वाह्य श्रोत तथा सरोकारवालाको लगानी स्रोतहरुको प्रक्षेपण गरी योजनाको लागि उपलब्ध हुन सक्ने कुल स्रोतको प्रक्षेपण गरिएको छ।

प्रक्षेपण गर्ने क्रममा वृद्धि सम्भावना २० प्रतिशत भएता पनि एकरुपताका लागि आन्तरिक आय र रोयल्टी बाँडफाँडबाट प्राप्त हुने बजेट १० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। त्यसरी नै संघबाट प्राप्त हुने समानीकरण र सशर्त अनुदानमा १० प्रतिशतले  वृद्धि हुने अनुमान गरिएको छ भने प्रदेशबाट प्राप्त हुने वित्तीय समानीकरणको बजेट १० प्रतिशतले र सशर्त र विशेष अनुदान १० प्रतिशतले  वृद्धि हुने अनुमान गरिएको छ। यसैगरी विकास साझेदार, निजी क्षेत्र र समुदायको सहभागिता औषतमा वार्षिक  ५ करोडको हाराहारी रहने अनुमान गरिएको छ। विशेष गरी गाउँपालिकाभित्रका निर्माणाधीन जलविद्युतहरु पूर्णरुपमा सञ्चालनमा आउँदा त्यसले गाउँपालिकाको कुल आम्दानीमा विशेष योगदान पुर्याउने आँकलन गरिएको छ। साथै त्रिशुली मैलुङ रसुवागढी सडकको निर्माणले समेत गाउँपालिकालाई आर्थिक  वृद्धि र विकासमा उल्लेख्य सहयोग पुग्ने अपेक्षा गरिएको छ।

### १२.३ श्रोत परिचालन रणनीति

गुरुयोजना कार्यान्वयनका लागि श्रोत रकमको परिचालनका लागि देहायअनुसारको रणनीति अख्तियार गरिनेछ।

- आन्तरिक श्रोत (सम्पत्ती कर, व्यवसाय कर, सेवा शुल्क, नदीजन्य पदार्थ बिक्री) दायरा र दर बढाउने तथा प्रक्रिया व्यवस्थित गर्ने
- गाउँपालिकाका ठूला योजनाहरुको DPR तयार गरी संघ, प्रदेश तथा विकास साझेदारसँग विशेष अनुदानको लागि पहल गर्ने।
- गैसस तथा विकास साझेदारसँग साझेदारी र सहकार्य गरी बजेटमा वृद्धि गर्ने
- स्वदेश तथा विदेशमा भएका संस्था तथा व्यक्तिबाट सहयोग जुटाउने
- जनश्रम, स्थानीय स्रोत र सामग्री योगदानमा  वृद्धि गर्ने
- निजी क्षेत्रको लगानी र साझेदारी अभिवृद्धि गर्ने
- उत्पादनमूलक आयोजनामा नेपाल सरकारको स्वीकृति लिई ऋण परिचालन गर्ने
- लगानी सम्मेलन तथा पैरवी गरी लगानी भित्राउने
- विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय गाउँपालिका तथा नगरपालिका र शहरसँग भागिनी सम्बन्ध कायम गर्ने
- अन्तर स्थानीय तहसँग सहकार्य बढाउने र संयुक्त कार्यक्रमका लागि पहल गर्ने।

# परिच्छेद तेह्र :

## योजना तर्जुमा कार्यान्वयन र अनुगमन तथा मूल्यांकन

उत्तरगया गाउँपालिकाको समग्र विकास योजनाको कार्यान्वयन एउटा महत्वपूर्ण चुनौतीको विषय हो । विकासका लागि प्रस्ताव गरिएका कार्यक्रमहरूको सफल कार्यान्वयन गाउँपालिकाको आन्तरिक क्षमता र सरोकारवालाबाट प्राप्त हुने सहयोग र सहकार्यमा भर पर्दछ । यस आवधिक योजना तर्जुमाले गाउँपालिकाको योजना अवधिमा आफ्नो वित्तीय तथा संस्थागत अवस्थामा सुदृढ गरेको हुनेछ । यो योजनाले संघ, प्रदेश, निजी क्षेत्र, सहकारी, गैरसरकारी संघसंस्थाहरू र समुदायबाट यथेष्ट विश्वास आर्जन गरी सहयोग र सहभागिता प्राप्त गरी कार्यान्वयन हुनेछ । यसका आधारमा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी रूपमा अगाडि बढाउनका लागि तथ्याङ्क प्रणाली, योजना तर्जुमा तथा कार्यान्वयन, आयोजना बैंक, तहगत सम्वन्धता र अन्तर सरकार समन्वय, अनुगमन तथा मूल्याङ्कन र जोखिम व्यवस्थापन क्षेत्रको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, प्रमुख कार्यक्रम र उपलब्धि समेत तयार गरी यस अध्यायमा समेटिएको छ ।

### १३.१ तथ्यांक प्रणाली

नेपालको संविधानले संघ, प्रदेश र स्थानीयतहको तथ्यांकीय अधिकार स्पष्ट किटानी गरेको छ । उत्पादित तथ्यांक तीन तहका सरकारका नीति तथा योजना तर्जुमा, अनुगमन र मूल्यांकनका साथै विकासको दीर्घकालीन सोच, दिगो विकासको लक्ष्य हासिल गर्नका लागि वस्तुगत आधार बन्न सक्नेछन् । प्रशासनिक अभिलेख, सूचना व्यवस्थान प्रणाली, अध्ययन अनुसन्धानका प्रतिवेदनको प्रशोधन र विश्लेषणबाट समेत तथ्यांक उत्पादन भै रहेको छ । तथ्यांक प्रणालीको विकासको लागि राष्ट्रिय रणनीति तर्जुमा भएको र नयाँ तथ्यांक ऐन तर्जुमाको चरणमा छ । योजना अवधिमा स्थानीय तहबाट उत्पादित यी तथ्यांकहरू राष्ट्रिय तथ्यांक प्रणालीमा आवद्ध भएमा योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन प्रणाली सुदृढ गर्न सहयोग गर्ने छ ।

#### सम्भावना र अवसरहरु

- स्थानीयगत तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने जिम्मा स्थानीय सरकारलाई दिनु, स्थानीय स्तरको तथ्याङ्क संकलन र व्यवस्थापनमा सहजीकरण र सहकार्य गर्न केन्द्रीय तथा प्रादेशिक तथ्याङ्क विभाग तयार रहनु, छिटो र छरितो रूपमा तथ्याङ्क संकलन, प्रशोधन र वितरण गर्न सघाऊ पुऱ्याउन सक्ने नयाँ प्रविधिहरू विकास हुँदै जानु, नीति तथा योजना आयोगद्वारा सामाजिक आर्थिक विकासका मानक सूचकहरूको स्पष्ट पहिचान हुनु, गुणस्तरीय तथ्याङ्कको प्रयोगका लागि स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकार प्रतिबद्ध रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

#### समस्या तथा चुनौतीहरु

- संरचना नयाँ हुँदा जिल्ला र स्थानीय स्तरमा तथ्याङ्क खण्डीकृत गर्न कठिनाईहरू रहनु, तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गर्न आवश्यकता अनुसारको दक्ष जनशक्ति उपलब्ध नहुनु, तथ्याङ्कहरू एकीकृत नहुँदा प्रयोगमा एकरूपता कायम गर्न नसक्नु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

- स्थानीय तहबाट एकीकृत प्रणालीमा तथ्यांक उपलब्ध गराउनु, तथ्याङ्कमा आधारित रहेर योजना तर्जुमा गर्ने र योजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको आधारशीला तय गर्नु, स्थानीय तह, प्रदेश सरकार र केन्द्रीय तथ्याङ्क विभागले लिने तथ्याङ्कहरूको संकलन र प्रशोधन मानकहरूमा एकरूपता कायम गर्नु, तथ्याङ्कको मूल्य र महत्व बारे सचेतना जगाउनु, तथ्याङ्कको प्रयोग दक्षता वृद्धि गर्नु, तथ्याङ्कको प्रयोगमा एकरूपता कायम गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

#### लक्ष्य

- नीति निर्मातालाई निर्णय गर्न चाहिने विश्वसनीय तथ्याङ्कहरू उपलब्ध गराउने ।

#### उद्देश्य

- स्थानीय स्तरमा तथ्याङ्क प्रणालीको विकास गर्नु ।
- तथ्याङ्क प्रणालीको आधुनिकीकरण गर्नु ।
- विश्वसनीय, तथ्यपरक र समयमै तथ्याङ्क उपलब्ध गराउनु ।

| रणनीति | कार्यनीति |
|---|---|
| ◆ दिगो विकासको लागि स्थानीय स्तरका तथ्याङ्क प्रणालीको विकास गर्ने ।<br>◆ तथ्याङ्कको संकलन, प्रशोधन, व्यवस्थापन र प्रकाशनलाई व्यवस्थित बनाउने ।<br>◆ तथ्यांङ्क संकलन, प्रशोधन र वितरण प्रणालीको आधुनिकीकरण गर्ने ।<br>◆ गाउँपालिका कार्यालयले प्रशोधन गरेका सूचना भरपर्दा माध्यम मार्फत् सार्वजनिक गर्ने । | ◆ केन्द्रीय तथा प्रादेशिक तथ्याङ्क विभाग, विश्वविद्यालय, सरकारी कार्यालय र निजी क्षेत्रसँग समन्वय गरी तथ्याङ्क संकलन, प्रशोधन, व्यवस्थापन र प्रकाशन गर्ने,<br>◆ आवश्यक तथ्याङ्कहरूको सूची तयार गरी नियमित तथ्याङ्क संकलन गर्ने प्रणालीको विकास गर्ने,<br>◆ आवश्यकता पहिचान गरी विषयगत तथ्याङ्कहरू संकलन गर्ने,<br>◆ स्थानीय तहगत तथ्याङ्क सम्बन्धी कर्मचारी तथा विज्ञहरूको क्षमता र दक्षता वृद्धि गर्ने,<br>◆ आयोजना सञ्चालन अवस्थाको तथ्याङ्क संकलन र विश्लेषण गर्ने कार्यलाई नियमित रूपमा संचालन गर्ने,<br>◆ तथ्याङ्क संकलन, प्रशोधन र वितरणका लागि उपलब्ध विधि र प्रविधिहरूको उच्चतम प्रयोग गर्ने,<br>◆ स्थानीय तथ्याङ्क वेब पोर्टल निर्माण गरी तथ्यांङ्कहरूको एकीकृत रूपमा व्यवस्थापन र वितरण गर्ने,<br>◆ विषयगत क्षेत्रहरूमा सम्बन्धित तथ्यांङ्कहरूको प्रशोधन गरी नक्सांकन गर्ने,<br>◆ वेब पोर्टल र विभिन्न प्रकाशन मार्फत् तथ्याङ्कको नियमित प्रकाशन गरी प्रयोगकर्ताको आवश्यकता पूर्ति गर्ने,<br>◆ तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी वेब पोर्टल र विभिन्न प्रकाशन मार्फत प्रयोगकर्ता माझ पुऱ्याउने कार्यलाई नियमित रूपमा संचालन गर्ने, |

## १३.२ योजना तर्जुमा तथा कार्यान्वयन

योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्यनीति सहितको योजना आवश्यक पर्दछ । राष्ट्रिय स्तरमा पहिलो योजनाकालदेखि नै सामाजिक-आर्थिक क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गर्ने लक्ष्य सहित रणनीति र कार्यक्रम समावेश गरी आवश्यक श्रोतको विनियोजन गर्दै आएको भए तापनि अपेक्षाकृत उपलब्धि भने हासिल हुन सकेको छैन । योजना प्रणालीलाई राजनैतिक परिवर्तन सापेक्ष नतिजामुखी र यथार्थपरक बनाउन निरन्तर प्रयासहरू हुँदै आएका छन् । पन्ध्रौं योजनाबाट नतिजा खाकाको अवधारणालाई आत्मसात गरी यसलाई थप परिष्कृत बनाउँदै योजनासँग मध्यकालीन खर्च संरचना र आर्थिक विकास कार्यक्रमलाई आबद्ध गर्दै लगिएको छ । परिवर्तित संघीय संरचना अनुसार स्थानीय तहमा समेत योजना प्रणालीको विकास गरी संस्थागत गर्ने प्रयास बमोजिम स्थानीय तहमा योजनाबद्ध विकासको संस्थागत अभ्यासको सुरुआत भएको छ । प्रादेशिक तथा स्थानीय योजना तर्जुमा दिग्दर्शन, राष्ट्रिय र प्रादेशिक अनुगमन तथा मूल्यांकन दिग्दर्शन तर्जुमा गरी कार्यान्वयनमा लगिएको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र स्थानीय सरकारले कार्यान्वयनमा लगेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धी सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्नका लागि यसको आवश्यकता रहेको छ ।

### सम्भावना तथा अवसर

- नीति तथा योजना तर्जुमा गर्नको लागि संस्थागत संरचनाको निर्माण हुनु, राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोगको अनुभव स्थानीय योजना निर्माणमा उपयोग गर्न सक्ने संभावनाहरू रहनु, स्थानीय तहले पनि आफ्नो पञ्चवर्षीय योजना निर्माण गरी योजनाबद्ध रूपमा विकास निर्माणका कार्यहरू अगाडि बढाउनु, योजना तर्जुमा प्रति सबै समुदायको जनचासो र सहभागिता बढ्दै जानु, राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोग बीच सहकार्य र समन्वय वृद्धि हुदै जाने संभावनाहरू रहनु, प्रादेशिक र स्थानीय तहको योजना तर्जुमाको लागि प्राविधिक सहयोग गर्न विभिन्न विकास साझेदार संघसंस्थाहरू इच्छुक हुनु आदि यस क्षेत्रका प्रमुख अवसरहरू हुन् ।

### समस्या तथा चुनौती

- पर्याप्त जनशक्ति, भौतिक संरचना र बजेटको अभाव रहनु, नियमित रूपमा विषयगत छलफल गरी नीति तथा योजना तर्जुमा गर्ने र कार्यक्रमहरूको वर्गीकरण गर्ने वातावरण बन्न नसक्नु, योजना तर्जुमालाई मार्गनिर्देश गर्न आवश्यक स्थानीय तहगत खण्डीकृत तथ्याङ्कको उपलब्धता नहुनु, स्थानीय तह अन्तर्गतका संस्थागत संरचनाहरू व्यवस्थित नहुनु, कर्मचारीहरूको स्थायित्व नहुनु, आदि यस क्षेत्रका समस्याहरू हुन् ।

- नियमित रूपमा विषयगत तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गरी योजना छनौट गर्ने प्रणालीको आधारशीला तयार गर्न

नसक्नु, प्रथम पञ्चवर्षीय योजना, वार्षिक विकास कार्यक्रम र मध्यमकालीन खर्च संरचना बीचको सामन्जस्य कायम गर्दै योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन नसक्नु, योजना निर्माणको लागि आवश्यक विज्ञ जनशक्तिहरू स्थानीय स्तरमा नै उत्पादन गरी स्थानीय योजना निर्माणको प्रणालीलाई मजबुत र दिगो बनाउन नसक्नु, योजना कार्यान्वयन गर्ने निकायको क्षमता र दक्षता अभिवृद्धि गरी योजना कार्यान्वयन गर्न नसक्नु, स्थानीय तहको योजना निर्माण क्षमता र दक्षता अभिवृद्धि गर्न नसक्नु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### लक्ष्य

- योजनाहरूको लक्ष्य र परिणामबीच सामन्जस्य कायम गर्ने,

### उद्देश्य

- तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्नु,
- योजनाको प्रभावकारी कार्यान्वयन गर्नु,
- योजनाहरूको अनुगमन तथा मूल्याङ्कन संरचनाको विकास गर्नु,

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ◆ तथ्यांङ्कको वैज्ञानिक प्रयोग गर्दै परिणाममुखी नीति तथा योजना निर्माण गर्ने,<br>◆ विषयगत मापदण्ड बनाइ तहगत सम्बन्ध तथा अन्तरसरकारी समन्वय कायम गर्ने,<br>◆ योजना अनुगमन निर्देशिका र यन्त्र बनाई नियमित समीक्षा गर्ने साथै तेस्रो र स्वतन्त्र पक्षबाट विशेष आयोजनाहरूको मूल्याङ्कन गर्ने । | ◆ योजना निर्माणमा उपयोगी हुने तथ्याङ्कहरूको सूची तयार गरी अधिकतम प्रयोग गर्ने,<br>◆ स्थानीय योजना निर्माणको लागि निरन्तर विभिन्न निकायहरूसँग सहकार्य र समन्वय गर्ने,<br>◆ ठूला विकास आयोजनाहरूको लागि आवश्यक स्रोत बहुपक्षीय समन्वय र सहकार्यको माध्यममार्फत् व्यवस्था गर्ने,<br>◆ स्थानीय तहमा उत्पादन वृद्धिमा सघाउने एवम् आर्थिक गतिविधि बढाउने खाले आयोजनाहरू गापा आंफैले पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था गर्ने,<br>◆ जनतामा सेवाप्रवाह गर्ने साना आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन गर्ने,<br>◆ नीति तथा योजना आयोगको स्थानीय तहमा योजना तर्जुमा सहजीकरण समितिमार्फत् योजना तर्जुमा र प्राविधिक सहयोग गर्ने,<br>◆ स्थानीय तहमा कार्यरत कर्मचारीहरूको आयोजना कार्यान्वयन गर्ने क्षमता वृद्धि गर्ने, |

### प्रमुख कार्यक्रमहरू

- तथ्याङ्क संकलन, प्रशोधन, विष्लेषण र प्रकाशन गर्ने,
- स्थानीय सरकारका योजनाहरू व्यापक जनसहभागितामा निर्माण गर्ने,
- स्थानीय सरकारको संस्थागत सुधारका लागि पेशागत तालिम तथा गोष्ठीको आयोजना गर्ने,
- एकीकृत तथा विकेन्द्रिकृत गर्नका लागि स्थानीय सरकारले आवश्यक संरचना निर्माण गर्ने,
- स्थानीय आवश्यक कानूनहरूका निर्माण गर्ने,
- संघ तथा प्रदेश सरकारले प्रदान गर्ने समपुरक, ससर्त र विशेष अनुदान कार्यक्रमहरू लिई कार्यान्वयन गर्ने,

### १३.३ आयोजना बैंक

- आवश्यकता, लागत र मुनाफा हेरेर आयोजनाको प्राथमिकीकरण गर्नुपर्नेमा राजनीतिक तथा प्रशासनिक पहुँचका आधरमा आयोजना सीफारिस गर्ने वा गर्न लगाउने र सोही अनुसार बजेट विनियोजन गर्दा योजनाको प्रभावकारी कार्यान्वयन हुन नसकिरहेको अवस्था छ । यसर्थ द्रुत र दिगो सामाजिक आर्थिक विकासको लागि लगानी र लाभको विश्लेषण गरी आयोजना बैंक बनाउने र आयोजनाहरूको प्राथमिकीकरण गरी वित्तीय स्रोत साधनको व्यवस्था र योजनाबद्ध कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । स्थानीय तहमा योजनाहरूको मूल्याङ्कन, स्क्रीनिंग र प्राथमिकीकरण गरी परिणाममुखी योजनाहरूको सूची तयार गर्न थप बजेट र जनशक्ति परिचालन गर्दै आयोजना छनौट र कार्यान्वयन प्रकृयालाई पारदर्शी, सरलीकरण गर्न र सरकारी लगानीले मात्र अपुग हुने आयोजनाको लागि निजी, सहकारी तथा वैदेशिक लगानी आकर्षित गर्न आयोजना बैंक बनाउने कार्यलाई उच्च प्राथमिकतामा राखी निरन्तर कार्य गर्नुपर्ने आवश्यकता छ ।

## सम्भावना तथा अवसर

- स्थानीय सरकारले आयोजना बैंक बनाउने कार्यलाई प्राथमिकतामा राख्नु, आयोजना बैंक बनाएर मात्र बजेट विनियोजन योजना तर्जुमालाई भरपर्दो बनाउन आयोजनाको सूची तयार गर्ने अभ्यासको प्रारम्भ हुनु, स्थानीय तहले पनि सम्भाव्यता अध्ययनका आधारमा स्थानीय स्तरको आयोजना बैंक बनाउने अभ्यास प्रारम्भ गर्नु, आयोजना विकास गर्न जनशक्ति क्रमशः विकास हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

## समस्या तथा चुनौतीहरु

- आवश्यकता, लागत र लाभ विश्लेषण गरी आयोजनाहरूको बैंक बनाउने परिपाटी विकास हुनु पर्नेमा राजनीतिक र प्रशासनिक पहुँच हाबी हुनु, संस्थागत संरचना र पर्याप्त जनशक्ति नहुँदा आयोजना बैंक बनाउने कार्यहरू अगाडि बढ्न नसक्नु, अध्ययन र अनुसन्धानको आधारमा आयोजनाहरूको लागत र मुनाफाबारे स्पष्ट हुन नसक्दा आन्तरिक लगानी व्यवस्थापन र लगानी आकर्षित गर्नमा कठिनाईहरू हुनु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

- आयोजना बैंक बनाउनको लागि संस्थागत संरचना निर्माण गर्न नसक्नु, स्थानीय तहमा आयोजनाहरूको छनौट प्रक्रिया वैज्ञानिक नहुनु, लागत र मुनाफा हेरी सरकारी आयोजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको विकास नहुनु, सरकारले कार्यान्वयनमा ल्याउने आयोजनाहरूको आयोजना बैंक बनाउन नसक्नु, सरकारी स्रोतले मात्र विकास आयोजनाहरूको विकासको लागि निजी क्षेत्र तथा वैदेशिक लगानी कर्ता आकर्षित गर्न सहयोगी हुने गरी आयोजना बैंक बनाउन नसक्नु, नेपाल तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी स्थानीय स्तरीय आयोजनाहरूको बैंक तयार पार्न नसक्नु, आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

## लक्ष्य

- क्षेत्रगत बजेट विनियोजन पारदर्शी समतामुलक र वैज्ञानिक बनाउने

## उद्देश्य

- आयोजना बैंक बनाउने आधारशीला निर्माण गर्नु,
- आयोजना कार्यान्वयन मोडालिटी पहिचान गरी सीफारिस गर्नु,
- वित्तीय स्रोतको पहिचान गरी प्रभावकारी ढंगबाट परिचालन गर्नु,

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ◆ आयोजना बैंकलाई स्थानीय तहसम्म विस्तार गर्ने,<br>◆ कार्यान्वयन मोडालिटीको लागि आवश्यक नीति नियम बनाइ नियमन गर्ने,<br>◆ स्थानीय तहमा आवश्यक वित्तीय स्रोत तथा साधनको पहिचान तथा परिचालन गर्ने । | ◆ आयोजना बैंक निर्माणको लागि आवश्यक संस्थागत संरचनाको निर्माण गर्ने,<br>◆ आयोजना बैंक निर्माणको लागि आवश्यक नीति, नियम, निर्देशिका तयार गरी नियमन गर्ने,<br>◆ आयोजना बैंकलाई व्यवस्थित गर्नको लागि आवश्यक सफ्टवेयरको विकास गरी सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने,<br>◆ आयोजना बैंकमा भएका आयोजनाहरूलाई पारदर्शी र यथार्थपरक ढंगबाट अभिलेख राख्न र छनौट गर्न विद्युतीय प्रणालीमा आवद्ध गर्ने,<br>◆ आयोजना बैंक बनाउनको लागि स्थानीय तहको क्षमता र दक्षता वृद्धि गर्ने,<br>◆ परियोजना कार्यान्वयनको लागि आवश्यक नीति नियम तयार पारी लागू गर्ने,<br>◆ संघ, प्रदेश, निजी, सहकारी तथा सामाजिक संघ संस्थासँग समन्वय गरी आवश्यक वित्तीय स्रोत साधनको पहिचान तथा परिचालन गर्ने,<br>◆ स्थानीय स्तरका आयोजना बैंकमा आबद्ध भएका आयोजना संञ्चालन गर्न सार्वजनिक, निजी, सहकारी, सामुदायिक र वैदेशिक लगानीको सम्भावनाहरू पहिचान गरी वित्तीय स्रोतको व्यवस्थापन गर्ने,<br>◆ प्रथामिकताको आधारमा आयोजना छनौट गरी मध्यमकालीन खर्च संरचनामा समावेश गर्ने । |

## प्रमुख कार्यक्रमहरु

- आवश्यक संस्थागत संरचनाको निर्माण गर्ने,

- आवश्यक नीति, नियम, निर्देशिका तयार गर्ने,
- सम्भाव्यता अध्ययन गरी स्थानीय स्तरीय आयोजनाहरूको बैंक बनाउने,
- आयोजनाको पहिचान, वर्गीकरण, प्राथमिकीकरण, छनौट र मूल्याङ्कनको मापदण्ड निर्माण गर्ने,
- स्थानीय तहमा आयोजना बैंक स्थापना गर्न क्षमता र दक्षता अभिवृद्धि गर्ने,
- विद्युतीय प्रणालीमा अभिलेख राख्न कर्मचारीको दक्षता अभिवृद्धि गर्ने,
- स्थानीय तहमा आवश्यक अन्य पूर्वाधारहरूको विकास गर्ने,

### १३.४ तहगत सम्बन्ध तथा अन्तर सरकार समन्वय

देशमा संघीयताको अभ्याससँगै संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यी सरकारका एकल अधिकार क्षेत्र प्रष्ट भए पनि साझा अधिकारका क्षेत्रको कार्यान्वयनमा केही अस्पष्टता रहेका छन् । तसर्थ तीन तहका सरकारले प्रभावकारी कार्य सम्पादन गर्न आपसी सामन्जस्य, समन्वय र सहकार्य आवश्यक पर्दछ । स्पष्ट नभएका अधिकार क्षेत्रमा आपसी सहकार्य र समन्वय गर्दै जनतालाई सरकारको उपस्थिति र अनुभूति गराउनु पर्दछ ।

### प्रमुख समस्या

- नेपालको संविधानको अनुसूची ५ मा नेपाल सरकारले सम्पादन गर्ने एकल अधिकार क्षेत्र भित्रका कार्यहरू, अनुसूची ६ मा प्रदेश सरकारले सम्पादन गर्ने कार्यहरू, अनुसूची ७ मा संघ र प्रदेशले साझा रूपमा सम्पादन गर्ने कार्यहरू, अनुसूची ८ मा स्थानीय तहका एकल अधिकार क्षेत्रभित्रका कार्यहरू र अनुसूची ९ मा तीन तहका सरकारले सम्पादन गर्ने साझा अधिकारका कार्यहरू उल्लेख गरिएको छ । यी कार्यहरू मोटामोटी रूपमा मात्र उल्लेख गरिएको र मसिनाएर नछुट्याइएको हुँदा कार्य सम्पादन गर्न केही अस्पष्टताहरू छन् । कार्य विस्तृतीकरणमा केही व्याख्या गरिएको भए तापनि व्याख्या नभएका कैयौं सवालहरू छन् र कार्यान्वयन चरणमा ती कार्यहरू दोहोरिने, एक अर्काको क्षेत्र अतिक्रमण हुने जस्ता समस्याहरू छन् । तीन तहका सरकारले कार्यान्वयन गर्ने आयोजनाहरूको हालसम्म वर्गीकरण गरिएको छैन र यसले योजना तर्जुमा तथा कार्यान्वयनमा थप समस्या पैदा गरेको छ । यस प्रकारका समस्या समाधान गर्न तीन तहका सरकारबीच आपसी सहकार्य र समन्वय आवश्यक छ ।

### चुनौती र अवसर

- तीन तहका सरकारले कार्यान्वयन गर्ने आयोजनाहरूको वर्गीकरण गरी कार्य प्रष्टता गर्नु, तीनै तहका सरकारको प्राथमिकतामा परेका आयोजनाहरू कार्यान्वयनको लागि स्रोत व्यवस्थापन गर्नु, एक अर्कोको कार्यक्षेत्र अतिक्रमण नहुने गरी कार्यसम्पादनमा सहजीकरण गर्नु, आयोजना कार्यान्वनमा प्रभावकारिता ल्याउनु आदि प्रमुख चुनौती हुन् । प्रदेश र स्थानीय तह बीच तथा स्थानीय तहहरू बीच कुनै समस्या देखा परे तिनको समाधान गर्न माननीय मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश स्तरमा समन्वय परिषद्को व्यवस्था हुनु, संघीयता कार्यान्वयनको लागि कार्यतालिका निर्माण हुनु, आयोजनाहरूको वर्गीकरण गरी कार्य प्रष्टता ल्याउन आयोजना वर्गीकरण सम्बन्धी छलफलले नीति निर्माताको ध्यान आकर्षण गर्नु, दुखको बेला मिलेर काम गर्ने नेपालीको संस्कृति हुनु आदि अवसर हुन् ।

### लक्ष्य

- आपसी समन्वय र सहकार्यमा उत्कृष्ट नतिजा हासिल गर्ने,

### उद्देश्य

- आपसी सहयोग र समन्वयमा आयोजनाको पहिचान, विकास र कार्यान्वयन गर्नु,

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ◆ तीन तहका सरकारको कार्यक्षेत्र र क्षेत्राधिकार प्रष्ट गर्न आयोजनाहरूको वर्गीकरण गर्न नेपाल सरकारसँग बहस पैरबी गर्ने,<br>◆ आपसी सहकार्य र समन्वय गर्ने संयन्त्रहरू सुदृढ गर्ने, | ◆ अन्तरतह समन्वयको प्रचलित कानुन बमोजिमका संरचनाहरुमार्फत सक्रिय सहभागिता जनाउने<br>◆ व्यवस्थित विकास प्रणालीको उपयोग गर्दै स्रोत व्यवस्थापनका लागि अन्तरतह समन्वय गर्ने<br>◆ संविधानबमोजिमको क्षेत्राधिकारको उपयोग गर्न आवश्यक स्रोतको व्यवस्थापन गर्ने । |

### प्रमुख कार्यक्रमहरू

- नीति तथा योजनाको संस्थागत संरचना निर्माण गर्ने,
- आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन गर्ने,
- स्थानीय तहका योजना तर्जुमा र कानुन निर्माण गर्ने,
- स्थानीय तहका कर्मचारीको क्षमता वृद्धि तालिम गर्ने,
- नेपाल सरकारबाट प्राप्त राजस्वको बाँडफाँड गर्ने,
- आयोजनाहरूको विस्तृत अध्ययन र कार्यान्वयनको लागि आवश्यक स्रोतको व्यवस्था गर्दै उक्त कार्यको लागि स्रोत व्यवस्थापन गर्न समन्वय गर्ने,

### १३.५ अनुगमन तथा मूल्यांकन

अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराइ परियोजनालाई सही बाटोमा हिडाउनु हो । स्थानीय स्तरमा पनि अनुगमन प्रणालीको विकास गरी चालु परियोजनाहरूलाई सक्रिय र परिणाममुखी बनाउन जरुरी छ । अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । अनुगमन तथा मूल्याङ्कनले कार्यक्रम वा आयोजनाका सबल र दुर्बल पक्ष पत्ता लगाई दुर्बल पक्षलाई न्यूनीकरण गर्ने उपायको खोजी गर्नुका साथै समीक्षा गरी सूचना संकलन गरी प्रमाणमा आधारित सुधार तथा निर्णय गर्न सहयोग पुर्‍याउँछ । त्यसैले हरेक क्षेत्र सार्वजनिक, निजी र गैर सरकारी ले परियोजनाको कार्यान्वयन चरणमा अनुगमन र परियोजनाको मध्यम तथा अन्तिम चरणमा मूल्याङ्कन गर्न जरुरी हुन्छ । राम्रो योजनाले परिणाममा ध्यान केन्द्रित गर्न मद्दत गर्दछ, जबकि अनुगमन र मूल्याङ्कनले हामीलाई अघिल्लो सफलता र चुनौतीहरूबाट पाठ सिक्न मद्दत गर्दछ र निर्णय गर्नको लागि मद्दत पुर्‍याउँछ । जसले गर्दा वर्तमान र भविष्यका पहलहरू मानिसहरूको जीवन सुधार गर्न र आफ्नो छनौटहरू विस्तार गर्न सक्षम हुन्छन् ।

### सम्भावना र अवसर

- अनुगमन तथा मूल्याङ्कनबारे संस्थागत धारणा बन्नु, अनुगमन तथा मूल्याङ्कन कार्यको लागि संगठन संरचना निर्माण गर्दा महत्व दिनु, अनुगमन तथा मूल्याङ्कनका निर्देशिकाहरू तयार हुनु आदि अवसरहरू हुन् ।

### समस्या र चुनौती

- स्थानीय तहमा पर्याप्त जनशक्ति र भौतिक संरचना नहुनु, सीमित बजेट, तथ्याङ्कको कमजोर आधारहरू, स्थानीय तह अन्तर्गतका संस्थागत संरचनाहरू व्यवस्थित नहुनु, कर्मचारीहरूको स्थायित्व नहुनु, आवश्यक तथ्याङ्क र सूचनाहरू उपलब्ध र व्यवस्थित नहुनु जस्ता समस्याहरू विद्यमान छन् ।
- स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन प्रभावकारी बनाउन नसक्नु, तथ्य र वस्तुपरक रूपमा अनुगमन तथा मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्न नसक्नु, नतिजामूलक तथ्यहरूको पहिचान गरी आयोजनामा समावेश गर्न नसक्नु, यस क्षेत्रका मुख्य चुनौतीको रूपमा रहेका छन् ।

### लक्ष्य

- आयोजनाहरूको नतिजा तथा प्रभावहरूको र प्रभावकारी मापन,

### उद्देश्य

- योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु,
- आयोजनाहरूको प्रतिफल, नतिजा र प्रभावहरूको मापन गर्नु,

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ◆ अनुगमन तथा मूल्याङ्कनको लागि स्पष्ट नीति बनाई लागू गर्ने,<br>◆ स्थानीय स्तरमा अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,<br>◆ अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाई स्थानीय तहगत रूपमा अनुगमन संयन्त्र विकास गर्ने,<br>◆ जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,<br>◆ आयोजनाहरूको हरेक पक्षलाई आधार मानी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने,<br>◆ योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनलाई यथार्थपरक र परिणामुखी बनाउने,<br>◆ नीति, कार्यक्रम, योजना र आयोजनाहरूको मूल्याङ्कन गर्दा सान्दर्भिकता, प्रभावकारिता कार्यकुशलता, प्रभाव, दिगोपना, समावेशिता, लैंगिक समता र लाभग्राहीको सन्तुष्टि जस्ता मापदण्डको आधारमा गर्ने, | ◆ स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तयार गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने,<br>◆ स्थानीय स्तरीय अनुगमन तथा मूल्याङ्कन इकाईलाई प्रभावकारी गर्ने,<br>◆ स्थानीय तहका अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा काम गर्ने कर्मचारीलाई तालिम प्रदान गर्ने,<br>◆ सार्वजनिक नीति, पञ्चवर्षीय योजना, आर्थिक नीति तथा कार्यक्रम, बजेट तथा आयोजनाको दस्तावेजको अनुगमन तथा मूल्याङ्कन गर्ने,<br>◆ हरेक आयोजनाको ठिकठिक समयमा अनुगमन तथा मूल्याङ्कन विश्लेषणको आधारमा योजना तर्जुमा र कार्यान्वयनलाई परिणाममुखी र प्रभावकारी गर्ने,<br>◆ दिगो विकास लक्ष्यका सूचकहरूको प्रगतिलाई अनुगमन तथा मूल्याङ्कनमा एकीकृत गर्ने,<br>◆ अनुगमन प्रणालीलाई नियमित र प्रभावकारी बनाउन नीति कार्यक्रम,योजना वा आयोजना निर्माण तहमा नै सूचकहरू निर्धारण र उपलब्धिहरूको मापन गर्ने प्रणालीको विकास गर्ने,<br>◆ यस योजनामा विकास भएको नतिजाखाकालाई प्रत्येक नीति, कार्यक्रम, योजना तथा आयोजना मूल्याङ्कनको आधार मानिने, |

### प्रमुख कार्यक्रमहरू

- अनुगमन र मूल्याङ्कन निर्देशिकाको निर्माण गर्ने,
- अनुगमन तथा मूल्याङ्कन मापदण्ड निर्माण र कार्यान्वयन गर्ने,
- जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,
- अनुगमन र मूल्यांकनमा संलग्न कर्मचारीलाई तालिम गर्ने,
- ठूला आयोजनाको पूर्व, चालु र सम्पन्न मूल्याङ्कन प्रतिवेदन तयारी गर्ने,

### १३.६ जोखिम व्यवस्थापन

योजनाको अपेक्षित लक्ष्य तथा उद्देश्य हासिल गर्न राजनीतिक स्थायित्व, राजनीतिक दलहरू बीच सहकार्य, नीतिगत स्थिरता, लगानीको अनुकूल वातावरण, आर्थिक स्थायित्तव, मित्र राष्ट्र र विकास साझेदारको सहयोग, निकायगत कार्यदक्षता र कुशलता, अन्तर क्षेत्रगत र अन्तर तहगत समन्वय र सहकार्य आवश्यक हुन्छ। त्यस्तै योजनाले निर्धारण गरे अनुरूप सार्वजनिक, निजी तथा सहकारी एवं गैर सरकारी क्षेत्रबाट लगानी हुने अपेक्षा गरिएको छ। योजना अवधिमा सम्पन्न हुने प्राथमिकता प्राप्त आयोजना र कार्यक्रमले योजनाको कार्यान्वयन पक्षलाई निकयौल गर्नेछ। तसर्थ योजना तर्जुमा गर्दा लिइएका मान्यता र पूर्वानुमान अनुरूप सम्भाव्य जोखिम प्रक्षेपित अवस्था अनुरूप नियन्त्रणको दायराभित्र रहने अनुमान गरिएको छ। संघीय शासन प्रणाली नेपालको लागि नयाँ अभ्यास भएको हुँदा स्थानीय तहको संस्थागत विकास र कार्यान्वयन क्षमताले विकास योजना, नीति तथा कार्यक्रमको कार्यान्वयनलार्य प्रभावित पार्ने छ। साथै, योजना अवधिमा तर्जुमा हुने वार्षिक, आवधिक योजना र  गुरुयोजनामा उल्लेख भएका लक्ष्य तथा रणनीतिको निरन्तरता दिनुपर्ने हुन्छ। योजनाका लक्ष्यहरू हासिल गर्न सो अनुरूप राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र नागरिकको दृष्टिकोण तथा मनोवृति एवं संरचनात्मक व्यवस्थामा परिवर्तन हुनु आवश्यक छ। स्रोत साधनको विनियोजन एवं सञ्चालन कुशलता कायम गर्दै कार्य पद्धति र कार्य संस्कृतिमा सुधार गर्न सकेमा जोखिम पक्षको व्यवस्थापन हुन सक्छ। स्थानीय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउँदै वित्तीय, मानवीय तथा भौतिक साधनको प्रभावकारी परिचालन हुनसकेमा उल्लेखित लक्ष्य हासिल नहुने जोखिम रहँदैन।

### सम्भावना र अवसर

- दिगो विकास लक्ष्य र दीर्घकालीन सोचसहितको यस २० वर्षे  गुरुयोजना कार्यान्वयन गर्न स्थानीय सरकारलाई नेपाल सरकार, प्रदेश सरकार, निजी र सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार संस्था र गैरसरकारी संस्थावाट महत्वपूर्ण सहयोग प्राप्त हुनु र गाउँपालिकामा उपलव्ध पर्याप्त स्रोत साधनलाई अवसरका रूपमा लिन सकिन्छ।

## समस्या र चुनौती

- जलवायु परिवर्तनबाट वातावरणमा पर्न सक्ने नकरात्मक असर, पेट्रोलियम पदार्थमा हुन सक्ने मूल्यवृद्धि, माहामारी तथा उत्पन्न हुन सक्ने अन्य विपद् गाउँपालिका आर्थिक रूपले समृद्ध हुँदै गर्दा, मानवीय, भौतिक तथा आर्थिक क्षति प्रमुख समस्याका रूपमा रहेका छन् ।

- महामारी तथा विपद् व्यवस्थापन गरी योजनाले लिएको लक्ष्यहरू प्राप्त गर्न, जलवायु परिवर्तनका कारण जनजीवन, उत्पादन, पूर्वाधार तथा अन्य क्षेत्रमा पर्न सक्ने प्रतिकूल असर न्यूनीकरण गर्नु, बढ्दो वायु प्रदुषण नियनत्रण गरी स्वच्छ र हरित अर्थतन्त्र निर्माण गर्नु, विपद् जोखिम न्यूनीकरण गर्न पर्याप्त तयारी गर्नु, पूर्वाधार निर्माणमा पर्याप्त सावधानी अपनाउनु जस्ता चुनौतीहरू जोखिम पक्षको रुपमा रहेका छन् । साथै तीनै तहका सरकारबीच समन्वय र सहकार्यको वातावरण स्थापित गर्नु, सीमित ज्ञान सीप र क्षमता भएका कर्मचारीहरूलाई उत्प्रेरित गर्दै योजना कार्यान्वयन गर्नु, सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्य सञ्चालन गर्न स्रोत जुटाउने काय गर्नु, आवश्यकता र राजस्व परिचालन क्षमता अनुसारको स्रोत प्राप्त गर्नु, स्थानीय तहको विकासमा निजी क्षेत्र, सहकारी, नागरिक समाज र गैरसरकारी क्षेत्रको सहयोग आवश्यक मात्रामा प्राप्त गर्नु आदि चुनौतीका रूपमा रहेका छन् ।

## लक्ष्य

- योजनाको जोखिम पक्षका निराकरण गर्दै वित्तीय, मानवीय तथा भौतिक साधनको प्रभावकारी परिचालनबाट परिलक्षित लक्ष्य हासिल गर्ने,

## उद्देश्य

- योजना कार्यान्वयनका दौरान वित्तीय जोखिम न्यूनीकरण गर्नु,
- पूर्वाधार र सूचना प्रविधिजन्य जोखिम न्यूनीकरण गर्नु,
- प्राकृतिक विपद् जलवायु परिवर्तनका जोखिम न्यूनीकरण गर्नु,
- शासकीय जोखिम न्यूनीकरण गर्नु,
- सामाजिक तथा सांस्कृतिक जोखिम न्यूनीकरण गर्नु ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| ◆ सार्वजनिक वित्तको प्रभावकारी व्यवस्थापन गर्ने,<br>◆ मौद्रिक तथा वित्तीय क्षेत्रका जोखिम न्यूनीकरण गर्ने,<br>◆ पूर्वाधार र सूचना प्रविधिजन्य जोखिम न्यूनीकरण गर्ने,<br>◆ प्राकृतिक विपद् र जलवायु परिवर्तनका जोखिम न्यूनीकरण गर्ने,<br>◆ शासकीय जोखिम न्यूनीकरण गर्ने,<br>◆ सामाजिक तथा सांस्कृतिक जोखिम न्यूनीकरण गर्ने । | ◆ राजस्व संकलन तथा यसको दायरा विस्तार गर्ने,<br>◆ सार्वजनिक खर्चलाई उत्पादनशील तथा प्रतिफलयुक्त हुने गरी परिचालन गर्ने,<br>◆ चालु खर्च व्यवस्थापन सम्बन्धि मापदण्ड बनाइ वाञ्छित सीमाभित्र राखिने छ र गैर वजेटरी खर्चलाई नियन्त्रण गर्ने,<br>◆ सामाजिक सुरक्षा लगायतका सामाजिक सुरक्षा प्रणालीलाई विस्तार तथा सवल बनाइने,<br>◆ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रियालाई सुदृढ गरी यथार्थपरक बनाइने,<br>◆ अर्थतन्त्रको लागि आवश्यक लगानी र आन्तरिक स्रोत उपलव्धता बीचको अन्तर पूर्ति गर्न बाह्य लगानी भित्र्याइने,<br>◆ वित्तीय संस्थाको विस्तार र प्रविधिमैत्री वित्तीय सेवाको विकास गरी वित्तीय पहुँच बढाइने,<br>◆ उर्जा, पूर्वाधार, मानवीय र साइबर सुरक्षा प्रदान गर्ने तथा साइबर अपराध नियन्त्रण गर्ने,<br>◆ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि समुदायस्तर देखि नै उत्थानशील क्षमता अभिवृद्धि गर्ने,<br>◆ विकास निर्माणका चरणहरूमा जलवायु परिवर्तन सम्बन्धी विषयलाई मूलप्रवाहीकरण गर्ने,<br>◆ पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व प्रवर्द्धन गरी सुसासन कायम गर्ने,<br>◆ संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य र समन्वयलाई प्रभावकारी बनाइने,<br>◆ दीर्घकालीन सोच, गुरु योजना र वार्षिक बजेट बीचको तादाम्यता र क्षेत्रगत नीतिहरूसँग सामञ्जस्यता कायम गर्ने,<br>◆ कामको सम्मान, सम्मानजनक काम र काम प्रतिको जिम्मेवारीलाई प्रवर्द्धन गर्ने,<br>◆ सार्वजनिक पदमा रहने पदाधिकारीहरूको पदीय आचारण र अनुशासन सम्बन्धी आचार संहिता लागू गर्ने,<br>◆ पेशागत मर्यादा, व्यावसायिकता र सदाचार प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने । |

## प्रमुख कार्यक्रमहरु

- वित्तीय जोखिमको लेखाजोखा गर्ने विधि तयारी तथा अद्यावधिक गर्ने,
- राजस्व संकलन कार्य योजनको निर्माण गर्ने,
- चालु खर्च व्यवस्थापन सम्बन्धि मापदण्ड निर्माण गर्ने,
- वित्तीय संस्थाको विस्तार, विपद् जोखिम संवेदनशील योजना तथा पूर्वाधार निर्माण योजना तयारी गर्ने,
- सुशासन सम्बन्धि कार्य योजना निर्माण गर्ने,
- सार्वजनिक पदाधिकारीहरूको पदीय आचारण र अनुशासन सम्बन्धी आचारसंहिता निर्माण गर्ने,
- कर्मचारी सम्बन्धी आचारसंहिता निर्माण गर्ने,

## सन्दर्भ सामग्री


- नेपालको संविधान २०७२
- राष्ट्रिय योजना आयोगको पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/१)
- बागमती प्रदेश योजना आयोगको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१)
- दिगो विकास लक्ष्यको अवस्था र मार्गचित्र सन् २०१६-२०३०
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- संघ प्रदेश र स्थानीय तह बीचको समन्वय र अन्तर सम्वन्ध सम्बन्धि ऐन, २०७७
- प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट निर्देशिका, २०७७

**उत्तरगया गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल
फोन नं : ०१०-५९२७७७
ईमेल : info@uttargayamun.gov.np, uttargayarm@gmail.com
वेबसाइट : www.uttargayamun.gov.np